# नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश संकेत ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध

**शोधकर्ता**

इन्दिरा काफ्ले

क्रमाङ्क नं.: २३

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८१

# सिफारिसपत्र

*नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तहका तेस्रो सत्रका विद्यार्थी इन्दिरा काफ्लेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले परिश्रमपूर्वक तयार पार्नु भएको दर्शनाचार्य तह (एम.फिल) को शोधप्रबन्धप्रति म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

...............................................

प्रा.डा. कृष्णप्रसाद न्यौपाने
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रि.वि. काठमाडौँ, कीर्तिपुर

मितिः २०८१/०३/१६

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहकी विद्यार्थी इन्दिरा काफ्ले तेस्रो सत्रको निर्धारित पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका लागि तयार पारेको *चाँगुनारायण नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध अध्ययन* शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधप्रबन्ध मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| **१. प्रा. डा. कृष्णप्रसाद न्यौपाने** (विभागीय प्रमुख) | ...................... |
| **२. प्रा. डा. कृष्णप्रसाद न्यौपाने** (शोधनिर्देशक) | ...................... |
| **३. डा. दुर्गाबहादुर घर्ती** (आन्तरिक शोधविशेषज्ञ) | ...................... |
| **४. प्रा. डा. लक्ष्मणप्रसाद गौतम** (बाह्य शोधविशेषज्ञ) | ...................... |

मिति : २०८१/०३/२६

# कृतज्ञताज्ञापन

*नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी, तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयमा दर्शनाचार्य तह.पाठ्यांश ६०९ र ६१० को आंशिक आवश्यकता परिपूर्तिका लागि आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद न्यौपानेको कुशल निर्देशनमा तयार पारको हुँ । प्राज्ञिक सल्लाह र कुशल निर्देशन प्रदान गर्न भएकोमा आदरणीय गुरुप्रति म हार्दिक कृतज्ञता तथा श्रद्धाभाव व्यक्त गर्दछु । प्रस्तुत शोध शीर्षकलाई विभागीय स्वीकृति प्रदान गरी यसलाई शोधकार्य गर्न अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख एवम् आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद घिमिरेप्रति कृतज्ञता ज्ञापन गर्दछु । यस शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन गरी सही पथप्रदर्शन गराउन हुने आदरणीय गुरु सह प्रा.डा. दुर्गा घर्तीप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस शोधप्रबन्धलाई गहन बनाउन उचित सल्लाह सुझाव दिनुहुने गुरु प्रा.डा. खगेन्द्रप्राद लुइटेल, स्व. प्रा.डा. ताराकान्त पाण्डे, लक्ष्मण गौतम, नारायण गड्तौलालगायत नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरू र कर्मचारी, महेश तिवारी, जीवन बस्नेत, मोहन कार्की, कविता बन्जाराप्रति हार्दिक नमन सहित कृतज्ञता ज्ञापन गर्दछु । यस शोधप्रबन्ध तयार पार्न सहयोग गर्नुहुने आदणीय गुरु डा. जगदिश चन्द्र भण्डारी, दिदी निर्मला काफ्ले, दाइ रमेश काफ्ले, भाइ मणि काफ्ले मित्र जनक घिमिरे लगायतमा विशेष आभार व्यक्ति गर्दछु ।

मेरो अध्ययन कार्यलाई निरन्तर यहाँसम्म पुऱ्याउन मलाई घचघच्याउनुहुने आदरणीय स्व.पिता पुन्यप्रसाद काफ्ले, आमा होल्ड कुमारी काफ्ले, भाउजु मन्दिरा, बुहारी जोसिका काफ्लेलगायत बहिनीहरू, श्रीज्ञा, प्रज्ञा, दिव्याश्री, ओशोनिका काफ्ले सम्पूर्ण मेरा घरपरिवारप्रति म सधै ऋणी छु । सहपाठी साथी रामगीता लामिछानेलाई विशेष धन्यवाद र कम्प्युटर टाइप र शुद्धता हेरी सहयोग गर्नुहुने रिना महर्जनलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।


दर्शनाचार्य तह **इन्दिरा काफ्ले**

तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।
शैक्षिक सत्र - २०७६/७७
क्रमाङ : २३
त्रि.वि. दर्ता नम्बर : ९-२-२३३-१०-२००१

# विषयसूची


**पृष्ठ नं.**

सिफारिसपत्र क

स्वीकृतिपत्र ख

कृतज्ञताज्ञापन ग

विषयसूची घ

**परिच्छेद एक**

**शोधपचिय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य र महत्त्व ७

१.६ शोधको सीमाङ्कन ७

१.७ शोधविधि ८

१.७.१ सामाग्रीसङ्कलन विधि ८

१.७.२ सामाग्री विश्लेषण विधि ९

१.८ शोधप्रबन्धको रूपरेखा १०

**दोस्रो परिच्छेद**

**नारायाण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचान**

२.१ विषयपरिचय ११

२.२ प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक स्वरूप ११

२.३ *प्रेतकल्प* उपन्यासमा प्रतिनिधित्व र पहिचानको विश्लेषण १४

२.३.१ *प्रेतकल्प* उपन्यासमा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व र पहिचान १८

२.३.२ *प्रेतकल्प* उपन्यासमा अधीनस्थ वर्गको प्रतिनिधित्व र पहिचान २५

२.३.३ *प्रेतकल्प* उपन्यासमा जातीय अधीनस्थता र पहिचान ३३

२.३.४ *प्रेतकल्प* उपन्यासमा लैङ्गिक अधीनस्थता र पहिचान ३९

२.४ *हजार माइलको बाटो* उपन्यासमा प्रतिनिधित्व र पहिचान ४२

२.४.१ प्रभुत्वशाली वर्गको प्रतिनिधित्व र पहिचान ४३
२.४.२ अधीनस्थ वर्गको प्रतिनिधित्व र पहिचान ४७
२.४.२.१ जातीय अधीनस्थता र पहिचान ५०
२.४.२.२ वर्गीय अधीनस्थता र पहिचान ५३
२.४.३ लैङ्गिक अधीनस्थता र पहिचान ५५
२.५ निष्कर्ष ५७

**परिच्छेद तीन**

**नारायण ढकालको उपन्यासमा प्रतिरोध चेतना**

३.१ विषयपरिचय ६०
३.२ प्रतिरोध चेतनाको सैद्धान्तिक परिचय ६०
३.३ *प्रेतकल्प* उपन्यासमा प्रतिरोध चेतना ६३
३.२.१ अधीनस्थ वर्गको प्रतिरोध चेतना ६४
३.२.२ उदीयमान वर्गको प्रतिरोध चेतना ६९
३.२.३ बौद्धिक वर्गको प्रतिरोध चेतान ७१
३.४ *हजार माइलको बाटो* उपन्यासमा प्रतिरोधी चेतना ७१
३.४.१ अधीनस्थ वर्गको प्रतिरोध चेतना ७२
३.४.२ बौद्धिक उदीयमान वर्गको प्रतिरोध चेतना ७५
३.५ निष्कर्ष ७७

**चौथो परिच्छेद**

**सारांश र निष्कर्ष**

४.१ सारांश ८०
४.२ निष्कर्ष ८२
**सन्दर्भसामाग्री सूची** **८७**

# परिच्छेद एक

# शोधपचिय

## १.१ विषयपरिचय

नारायण ढकाल (२०१०) नेपाली साहित्यमा स्थापित व्यक्तित्व हुन् । ढकालले नेपाली उपन्यास, कथा, बाल कथा, संस्मरण र अनुवाद साहित्यमा कलम चलाएका छन् । उनका कथा र उपन्यास विधा मुख्य साहित्यिक विधाका रूपमा रहेको पाइन्छ । वि.सं. २०५० मा कथासङ्ग्रह प्रकाशित गरी साहित्यिक क्षेत्रमा प्रवेश भएका नारायण ढकालका उपन्यासमा *पीत संवाद (२०५८) दुर्भिक्ष* (२०६२) *प्रेतकल्प* (२०६५) *वृषभ वध* (२०७१) *हजार माइलको बाटो* (२०७४) प्रकाशित छन् । विविध विधामा कलम चलाएका ढकालका उपन्यास विधा उत्कृष्ट मानिन्छन् । साहित्यिक विधाका स्राष्टा नारायण ढकालले विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् । बहुआयामिक व्यक्तित्वका धनी नारायाण ढकालको करिब तीन दशक लामो औपन्यासिक यात्रा देखिन्छ । उनका उपन्यासमा नेपाली समाज र नेपाली राजनीतिक इतिहासका भिन्न भिन्न कालखण्डलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा नेपाली समाज वा राज्यव्यवस्थाले गुमनाम बनाइएका जाती, वर्ग वा लैङ्गिक पात्र र दबाइएको तिनको आवाजको उत्खनन् पाइन्छ । तात्कालीन राज्यव्यवस्थाविरुद्ध नेपाली जनताले गरेको राजनीतिक शसस्त्र विद्रोहको ऐतिहासिक पक्ष र प्रतिरोधी चेतनाको प्रतिबिम्बन उनका उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । उनका *प्रेतकल्प* र *हजार माइलको बाटो* उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक पारिवारिक ढाँचा र सनातन हिन्दु धर्म जस्ता नेपाली समाजको परम्पराले सिर्जना गरेको लैङ्गिक विभेद, जातीय विभेद, र वर्गीय उत्पीडनको स्थिति र त्यसले निर्माण गरेको सांस्कृतिक संरचनालाई प्रस्तुत गरिएको छ । साथै उनका उपन्यासमा युगीन नेपाली समाजका विविध गतिविधिहरूको विषयवस्तु पाइन्छ । उपन्यासमा सामाजिक यथार्थता, राजनैतिक अस्थिरता, आर्थिक विपन्नता, लैङ्गिक विभेद, जातीय दङ्गा, एवम् मनोवैज्ञानिक तथा संस्कृतिक विषयहरूको जीवन्त चित्रण पाइन्छ । उनका उपन्यासमा पछिल्लो समयमा चलेको राजनीतिक द्वन्द्व र त्यसबाट सिर्जित विभिन्न समस्याहरूको यथार्थ प्रस्तुति पनि पाइन्छ । उनका उपन्यासमा वर्गीय शोषण, आर्थिक अभाव, लैङ्गिक विभेद वा जातीय उत्पीडन वा द्वन्द्वका साथै अन्याय अत्याचार आदिको जीवन्त चित्रण भएको छ । यसका साथै ढकालका उपन्यासमा शोषक र

सामन्त वर्गद्वारा शोषित पीडित बनाइएका वर्गको आवाज प्रबल रूपमा प्रस्तुत गरिएको पाइन्छ । तसर्थ ढकालका उपन्यासमा सीमान्त वर्गको जीवन्त चित्रण पाइने हुनाले प्रतिनिधित्व, पहिचान र प्रतिरोधका आधारमा उनका उपन्यासमा अध्ययन गर्नु उपयुक्त र सान्दर्भिक रहेको छ ।

सांस्कृतिक अध्ययनका अनेक प्रवृत्ति र पद्धति छन् र विभिन्न सैद्धान्तिक पर्याधारको प्रयोग यसअन्तर्गत हुन्छ । समाजमा सांस्कृतिका भिन्न भिन्न रूपहरू हुन्छन् भने कृतिमा अभिव्यक्त सांस्कृतिक अध्ययन गर्ने यो अन्तरविषयक अध्ययन पद्धति पनि हो । सांस्कृतिक अध्ययनले मूलतः केन्द्र र परिधिका बिचको सांस्कृतिक सम्बन्धका साथै प्रतिनिधित्व, पहिचान र प्रतिरोधको स्थितिको अध्ययन महत्वपूर्ण मानिन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीय, जातीय र लैङ्गिकलगायत बहुसांस्कृतिक कोणबाट कुनै पनि साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्दछ । समाजमा संस्कृतिका विभिन्न रूपहरू हुन्छन् । संस्कृतिका विभिन्न रूपहरूमध्ये कुनै एउटा सांस्कृतिक रूप केन्द्रमा रहेको हुन्छ भने अन्य परिधिमा रहेका हुन्छन् । केन्द्रभन्दा बाहिर रहेका सांस्कृतिक रूपहरूको केन्द्रीय संस्कृतिसँग कुनै न कुनै सम्बन्ध रहेको हुन्छ । सांस्कृतिक अध्ययनले त्यस्ता सांस्कृतिक व्यवहारहरू र शक्तिसँग त्यसको सम्बन्धलाई अनावृत गर्ने काम गर्दछ । सांस्कृतिक अध्ययनले केन्द्रको संस्कृतिलाई भन्दा परिधिमा रहेको संस्कृतिलाई महत्त्व दिने गर्दछ । यसमा परिधीय संस्कृतिको प्रतिनिधित्व, पहिचान र प्रतिरोधी चेतना के कस्तो छ, को दमित छ, को केन्द्रभन्दा बाहिर छ, को सीमान्तकृत छ भन्ने कुराको अध्ययन गरिन्छ । यसले सीमान्तकृत समूहका व्यक्ति, वर्ग, लेखक, कलाकार, चिन्तकहरूको आवाज र लेखनलाई संस्कृतिको मूलधारमा ल्याउने प्रयास गर्दछ । यसले कुनै पनि कृतिको अध्ययन तथा विश्लेषण गर्दा त्यस कृतिमा प्रस्तुत भएको सामाजिक अवस्था, आर्थिक संस्कृति, राजनीतिक सन्दर्भ, वर्गगत अवस्था, लैङ्गिक उपस्थिति, जातीय संस्कृति, लेखकको भौगोलिक धरातल, सांस्कृतिक र राजनीतिक विचारधारालगायतका कुराहरूको पहिचान गरी तिनको सांस्कृतिक विश्लेषण गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । प्रस्तुत शोधकार्यमा वर्गीय, जातीय र लैङ्गिक उत्पीडन, प्रतिनिधित्व, पहिचान र प्रतिरोधको सांस्कृतिक अवस्थाको अध्ययनका लागि निश्चित विश्लेषणको आधार बनाइने छ । नारायण ढकालका *प्रेतकल्प* र *हजार माइलको बाटो* उपन्यासको अन्य कोणबाट अध्ययन भएको पाइए पनि सांस्कृतिक अध्ययनमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको कोणबाट अध्ययन अनुसन्धान भएको छैन । तसर्थ नारायण ढकालका *प्रेतकल्प* र हजार माइलको बाटो उपन्यासलाई सांस्कृतिक अध्ययनका विभिन्न कोणमध्ये प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाका कोणबाट अध्ययन गर्न सकिने प्रस्तुत

दुई उपन्यास कृतिको विषय सन्दर्भले समेटेका आयमहरूलाई दृष्टिगत गरी आवस्यकताअनुसारको सैद्धान्तिक स्वरूपको पहिचान गरी साहित्यिक कृतिको अन्तरविषयक अध्ययनलाई सांस्कृतिक सचेतनाको पहिचान गर्न शोधकार्य केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

नारायण ढकालका उपन्यास मध्ये यहाँ *प्रेतकल्प* र *हजार माइलको बाटोमा* प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको अध्ययन गर्नु नै यस अध्ययन गर्ने मुख्य समस्या रहेको छ । ढकालका उपन्यासमा नेपाली सामाजिक जीवनको यथार्थ प्रस्तुति पाइन्छ । ढकालका उपन्यासको अन्य कोणबाट अध्ययन अनुसन्धान भएको भए पनि सांस्कृतिक अध्ययनका प्रतिनिधित्व, पहिचान र प्रतिरोधको सैद्धान्तिक पक्षबाट अध्ययन अनुसन्धान भएको छैन । तसर्थ प्रस्तुत शोधकार्य नारायण ढकालका उपन्यास *प्रेतकल्प र हजार माइलको बाटो*लाई बहुसांस्कृतिक अध्ययनका दृष्टिबाट बुझ्न मद्दत पुग्ने छ । अतः प्रस्तुत शोधकार्यको मुख्य समस्या नारायण ढकालका उपन्यास *प्रेतकल्प* र *हजार माइलको बाटोमा* प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थाको अध्ययन र तत्सम्बन्धी समस्याको समाधानका लागि निम्नलिखित शोध्य प्रश्नहरू रहेका छन् :

(१) नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचानको अवस्था कस्तो छ ?

(२) नारायण ढकालका उपन्यासमा सीमान्तहरूको प्रतिरोध चेतना केकसरी प्रकट भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

नारायण ढकालको उपन्यास *प्रेतकल्प र हजार माइलको बाटो*मा अभिव्यक्त वर्गको वर्गीय जातीय र लैङ्गिक अवस्थाको अध्ययन, विश्लेषण गर्नु तथा यिनै वर्गीय वा जातीय र लैङ्गिक रूपमा दमित एवम् सीमान्त वर्गको प्रतिरोधी आवाजको खोजी गरी उपयुक्त निष्कर्ष निकाल्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । शोधकार्यसँग सम्बन्धित मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

(१) नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचानको विवेचना गर्नु ।

(२) नारायण ढकालका उपन्यासमा अभिव्यक्त सीमान्तहरूको प्रतिरोधी चेतनाको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्ययनसँग सम्बन्धित भएर पहिले नै विभिन्न शीर्षकमा केही पूर्वकार्यहरू भएका छन् । ती पूर्वकार्यको अध्ययन गरी प्रस्तुत अध्ययन र पूर्वकार्यका बीचको रिक्तता पत्ता लगाइएको छ । यस्ता पूर्वकार्यहरूमा भएका अध्ययनका प्राप्ति र सीमाक्षालाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

जया गौडेल (२०६६) ले *प्रेतकल्प उपन्यासको कृतिपरक अध्ययन*मा उपन्यासका संरचक घटकहरू, कथानक, पात्रविधान, परिवेश, दृष्टिविन्दु, भाषाशैली र उद्देश्यका आधारमा प्रेतकल्प उपन्यासको सामान्य विश्लेषण गरेका छन् । यस कार्यलाई यसपूर्व भएका पूर्वकायका रूपमा मात्र लिन सकिन्छ । यस अध्ययनबाट प्रस्तुत शोधमा सामान्य सहयोग लिइएको छ ।

कृष्णहरि बराल र नेत्र एटमले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (२०६६) नामक समालोचनात्मक पुस्तकको आलोचनात्मक यथार्थवादी नेपाली उपन्यास शीर्षकमा *प्रेतकल्प* उपन्यासलाई उत्कृष्ट आलोचनात्मक यथार्थवादी उपन्यासको रूपमा उल्लेख गरेका छन् । यसमा राणाकालीन ऐतिहासिक सन्दर्भलाई बलियो परिवेशगत आधार बनाएर दुःखपुरबासी एउटा पण्डितको परम्परा विरोधी दृढतापूर्ण निर्णय र त्यसले जन्माएको सङ्घातहरूको विस्तृत चित्रण प्रेतकल्पमा प्रस्तुत भएको छ भनी उल्लेख गरिएको छ ।

सञ्जीव उप्रेती *सिद्धान्तका कुरा* (२०६८) ले 'सांस्कृतिक अध्ययनको आधार' शीर्षक लेखमा सांस्कृतिक अध्ययन गर्ने विश्लेषकहरूमध्ये थुप्रैले नारी, अश्वैत, समलैङ्गिक, अपाङ्गता तथा निम्नवर्ग जस्ता सीमान्तकृत समूहको प्रतिनिधित्व र अधिकारको प्रश्न उठाउँछन् र यस अर्थमा बुझ्दा सांस्कृतिक अध्ययनको सीमान्तकृत समूहका व्यक्ति, लेखक, कलाकारहरूको आवाज र लेखनलाई सांस्कृतिक मूलधारमा ल्याउने जमर्को गरेको देखिन्छ भनी उल्लेख गरेका छन् ।

रमेशप्रसाद भट्टराई (२०७०) ले *भृकुटी* पत्रिकाको सांस्कृतिक विशेषाङ्कको 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू' शीर्षकको लेखमा सांस्कृतिक अध्ययन मूलतः बेलायती नवमार्क्सवादीहरूले विकास गरेको निम्नवर्गीय अध्ययनमा आधारित रहेर पछिल्लो समयमा विकसित समालोचना भएको र नेपालमा पनि यसलाई आधुनिक यूगको प्रमूख सममालोचकीय धारा भन्ने दृष्टिकोण विकसित हुदैं गएको उल्लेख गर्दै सांस्कृतिक अध्ययनका मूलभूत विषयमा प्रतिनिधित्व, समायोजनको प्रश्न, सत्ता, सङ्कथन विचारधारा एवम् प्रभुत्वलाई उल्लेख गरेका छन् ।

ताराकान्त पाण्डेय (२०७३) ले *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्रमा* 'साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन' शीर्षकको लेखमा कथाको विश्लेषण गर्दा प्रतिनिधित्वको सन्दर्भ र जातीय सांस्कृतिक परिवेश, वर्गीय सामाजिक संरचना र चेलीबेटी बेचबिखनको संस्कृति, लैङ्गिक उत्पीडन र शक्तिविहीनताले निर्माण गरेको महिलाको विद्रुप पहिचान, प्रतिरोधचेत र उत्पीडनबाट उन्मुक्तिको चाहना,ज्ञान र शक्तितिरको उन्मुखता जस्ता शीर्षक राखी विश्लेषण गरेका छन् ।

योगेन्द्र तिमल्सिना (२०७५) मा नारायण ढकालको उपन्यास *हजार माइलको बाटो*का बारेमा आफ्नो धारणा राखेका छन् । उनले झण्डै आधा शताब्दीको नेपालको राजनैतिक इतिहासको विकासक्रमलाई विभिन्न कालखण्डमा विभाजन गरी नारायण ढकालको *हजार माइलको बाटो* उपन्यासको सिर्जना भएको जनाएका छन् । भाटभाटेनीको मिथकलाई प्रमुख पात्रको मनोविज्ञानसँग जोडी उपन्यास अघि बढ्छ र आफ्नी आमा झुण्डिएर मरेकी होइनन्, आफ्नै बाबु नरेन्द्रनाथ अधिकारीले उनलाई मारेर झुण्ड्याएको हुन सक्छ भन्ने मनोविज्ञान छोरो धीरेन्द्रको मनभित्र गहिरिँदै जान्छ । बाबु र छोराको यो अन्तर्द्वन्द्वको समाधान खोज्ने प्रयासमा यो उपन्यास अघि बढेको छ । माओवादी जनसेनाको इजलासमा पेश गर्न तयार गरिएको बाबु नरेन्द्रनाथको अन्तिम स्पष्टीकरणपछि यो अन्तर्द्वन्द्वको समाधान हुने हुँदा वास्तवमा उपन्यास त्यही समाप्त हुन्छ । तर उपन्यासकारले त्यसो हुन दिएका छैनन् । उपन्यास त्यही समाप्त भएको भए यसलाई विशुद्ध साहित्यिक उपन्यास भनिएको भए पनि हुने थियो । एउटा जीवित पात्र इतिहासको परिवेशभित्र नै हुन्छ र ऊ समाजको विकासक्रमभन्दा बाहिर हुँदैन । उसको समाजिक सांस्कृतिक र राजनितिक पृष्ठभूमि जोडेर नै कुनै पनि शाश्वत समाजमा कथा अघि बढ्न सक्छ तर उपन्यासकारले मरिसकेको पात्रको प्रेतलाई जगाएर माओवादी आन्दोलनको विघटन र त्यसको औचित्य कम्युनिस्ट आन्दोलनका विभिन्न उतारचढावलाई बक्न लगाएका छन् । यसरी उपन्यासलाई विशुद्ध साहित्यिक कृति बन्न नदिएर जबर्जस्ती गणतान्त्रिक नेपालउपर भूतको प्रतिक्रियासमेत थोपरेर यसलाई राजनीतिक दार्शनिक उपन्यासतिर धकेलिदिएका छन् । समयसमयमा भएका राजनितिक परिवर्तनका फाइदा, बेफाइदाको फेहरिस्त र मूल्याङ्कन उर्वर जनतासँग हुने भएकोले त्यस्तो मूल्याङ्कन प्रेत पात्रहरूको सिर्जना गरी उपसंहारमार्फत् उपन्यासकारले स्वयंले नदिएको भए एउटा साहित्यिक कृतिमाथि बढी न्याय हुन सक्थ्यो । सम्भवत वर्तमान राजनितिक परिवर्तनको गुण-दोष पनि त्यस्तै जीवित पात्रले भोलि साहित्यिक कृतिमार्फत् सम्प्रेषण गर्नेछ भनी उल्लेख गरेका छन् ।

दिवसमणि भट्टराई (२०७५) ले नारायण ढकालका *कथामा वर्ग* संस्कृति नामक लेख*मा* मजदुर, कुल्ली, किसान, भरिया, महिला असहाय गरिबहरूप्रति सहानुभूति प्रकट गर्दै कारुणिक संवेदना जागृत गराउनु नारायाण ढकालको रचनागत प्राप्ति हो भनी उल्लेख गरेका छन् ।

रमेशप्रसाद भट्टराई (२०७७) ले *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण*मा नेपाली उपन्यासको सांस्कृतिक अध्ययनभित्र वर्गीय पहिचान र प्रतिनिधित्वलाई महत्त्व दिदैं लेखेका छन् ,पहिचान प्रतीकात्मक हुन्छ र यसले जातिको उत्पत्ति विकास र परम्पराका सापेक्षतामा विचारधाराको निर्माण गर्दछ । राजनीतिलाई केन्द्रमा राखेर अध्ययन गरिने पहिचानले समाज र संस्कृतिमा व्यक्ति र समूहको परिचयको खोजी गर्छ भने समाज र संस्कृतिमा अधिकारको व्यवस्थापन पनि गर्दछ । पहिचानले समूहको प्रतिनिधित्वको अपेक्षा गर्दछ र मनोवैज्ञानिक, ऐतिहासिक र राष्ट्रिय रूपमा पछि परेको समूहलाई समावेशी धारमा समाहित हुने गरी व्यवस्थापन पनि गर्दछ । जातिका मूल्य र विश्वास तथा परिचयलाई स्थापित गर्ने राजनीतिका माध्यमबाट जातिका पहिचान र प्रतिनिधित्वलाई सुनिश्चित गरेर मात्र समाजमा सांस्कृतिक व्यवस्थापन सम्भव हुन्छ भन्ने मान्यता पहिचानगत मान्यता हो र प्रतिनिधित्व पनि जातिको उपस्थितिको अवस्था हो भन्दै साहित्यिक कृति उपन्यासमा पहिचान र प्रतिनिधित्वको अवस्था विश्लेषण गर्ने आधारहरूमा जातीय समस्या, जातीय मुक्तिको चेतना, वर्णवादी वर्गको सहसम्बन्ध जस्ता उपशीर्षकहरूको उल्लेख गरेका छन् ।

रमेशप्रसाद भट्टराई (२०७७) ले *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*मा सांस्कृतिक अध्ययनको क्षेत्र व्यापक र विस्तृत छ भन्दै सांस्कृतिक अध्ययनले अहिले दैनिक जीवन, सांस्कृति अभ्यास, भौतिक, आर्थिक, राजनीतिक र ऐतिहासिक सन्दर्भ, लोकप्रिय संस्कृतिको राजनीतिक राष्ट्रियता, परिवर्तित राष्ट्रियता र भूमण्डलीकरण, लैङ्गिक, यौनिक र सन्दिग्ध पहिचान र जाती, वर्ग र जनजातीयताको सङ्गठित सत्ता सम्बन्ध जस्ता व्यापक क्षेत्रलाई आफ्नो विषय बनाएको छ भनी सांस्कृतिक अध्ययनको विषयवस्तुको व्यापकता उल्लेख गरेका छन् ।

प्रस्तुत पूर्वकार्यहरू नारायण ढकालका उपन्यासहरूमध्ये दुई उपन्यास *प्रेतकल्प* र *हजार माइलको बाटो*को प्रतिनिधत्व, पहिचान र प्रतिरोधपरक अध्ययनको विश्लेषणका लागि प्रयाप्त नभए पनि आंशिक रूपमा उल्लेखित पूर्वकार्यहरू यस शोधसमस्याको समुचित समाधानका लागि सहयोगी देखिन्छन् । माथिका अध्ययनमध्ये सञ्जीव उप्रेती, रमेशकुमार

भट्टराई, ताराकान्त पाण्डेयको कार्यको अध्ययनबाट यस शोधप्रबन्धलाई विश्लेषण गर्न सैद्धान्तिक आधार लिइएको छ भने अन्य अध्ययनहरू भएका अध्ययनका रूपमा लिइएको छ ।

*प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासका सांस्कृतिक अध्ययन नै भएको कतै फेला पार्न सकिएन । तसर्थ उल्लेखित पूर्वकार्यलाई आधार मान्दै निर्धारित उपन्यासहरूको विश्लेषणका लागि उत्तरआधुनिक समालोचना पद्धति ग्राम्सीको वर्चस्व वा प्रभुत्वसम्बन्धी मान्यताका प्रतिनिधित्व, पहिचान र प्रतिरोधलाई मुख्य आधार मानी साहित्यिक कृति *प्रेतकल्प र हजार माइलको बाटोको* अध्ययन गरी यस अध्ययनलाई व्यवस्थित र वस्तुगत बनाइएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

नारायाण ढकालका उपन्यासहरूको अध्ययन सांस्कृतिक अध्ययनको प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको कोणबाट अनुसन्धेय विषय हो । पूर्वकार्यको समीक्षामा प्रस्तुत गरिएका सामग्रीलाई समीक्षात्मक अध्ययन गर्दा मुख्यतः तीन प्रकारका अध्ययन भएको देखिन्छ । उपन्यासकार ढकालका उपन्यास बारेमा प्रशस्त पूर्वअध्ययन भएको पनि पाइदैन । भएका अध्ययनहरू सैद्धान्तिक अध्ययनहरू, सांस्कृतिक अध्ययन भित्र पर्ने प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको अध्ययनमा आधारित भई अन्य कृतिमा गरिएका अध्ययनहरू प्राप्त भएका छन् । तर नारायण ढकालका उपन्यास *प्रेतकल्प र हजार माइलको बाटो*भित्र रही प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको कोणबाट अध्ययन विश्लेषण गर्नु यस शेधको मुख्य कार्य रहेको छ ।  यसै अध्ययनको अप्रयाप्ततालाई पूरा गर्न यो अध्ययन कार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

नारायण ढकालका उपन्यासलाई सांस्कृतिक अध्ययनका दृष्टिले अध्ययन गर्ने भनिए तापनि यस शोधकार्यमा उठान गरिएका प्राज्ञिक शोध्य समस्यासँग सम्बन्धित प्रतिनिधित्व, पहिचान र प्रतिरोधको सांस्कृतिक स्थितिको सीमाभित्र रही अध्ययन गरिएको छ । ढकालमा *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यास विश्लेषणका लागि सांस्कृतिक अध्ययनका मूलभूत अवधारणाहरू प्रतिनिधित्व, पहिचान र प्रतिरोध जस्ता विषयलाई मुख्य आधार मानी अध्ययन गरिएको छ । यो नै यस अध्ययन कार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरूको सङ्कलन र सङ्कलन गरिएका सामाग्रीको अध्ययन विश्लेषण गर्ने विधिलाई उपशीर्षकअन्तर्गत तपसिलमा प्रस्तुत गरिएको छ ।

### १.७.१ सामाग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरूको प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । प्रस्तुत शोध साहित्यिक शोध भएको हुँदा यस कार्यका लागि सम्पूर्ण आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ भने उपन्यासकार नारायण ढकालका उपन्यास कृतिहरू यस शोधकार्यका लागि प्राथमिक स्रोतका सामग्रीको रूपमा रहेका छन् । नारायण ढकाल र उनका उपन्यासका बारेमा विद्वान शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख, रचना र अन्य शोधपत्र जस्ता सम्पूर्ण कार्यलाई पूर्वकार्यलाई द्वितीयक सामग्रीको रूपमा लिइएको छ । नारायण ढकालका *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासलाई केन्द्र मानी अध्ययन विश्लेषण गर्न छनौट गरिएको छ । यिनै दुई उपन्यासभित्र वर्गीय, जातीय र लैङ्गिक रूपमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको आधारमा विश्लेषण गरिएको छ ।

उपन्यासमा सांस्कृतिक अध्ययनको सम्पूर्ण क्षेत्रका विशेषताहरू पाइदैन । तसर्थ अध्ययनको स्वरूप र शोध्य समस्याका आधारमा सांस्कृतिक अध्ययनको विश्लेषणका लागि सांस्कृतिक अध्ययनका मूलभूत अवधारणाहरू प्रतिनिधित्व, पहिचान र प्रतिरोध जस्ता विषयलाई मुख्य आधार मानी अध्ययन गरिएको छ । सामग्री सङकलनमा उपन्यास विश्लेषणको अवधारणा निर्माणका लागि समाजशास्त्रीय अध्ययनको सांस्कृतिक अध्ययन सांस्कृतिक अध्ययनको बहुप्रचलित अवधारणाका रूपमा रहेको वर्गीय, जातीय र लैङ्गिकतासम्बन्धी सिद्धान्त र तत्सम्बन्धी पुस्तकहरू, लेखहरूको अध्ययन गरिएको छ । नारायण ढकालका दुई उपन्यासका बारेमा विज्ञ, शोधार्थी वा समालोचकहरूबाट गरिएका टिप्पणी, समालोचना वा अनुसन्धानमूलक लेख्य सामाग्रीलाई सन्दर्भसामाग्रीको रूपमा प्रयोग गरी मुख्यतः पाठविश्लेषण विधिलाई अवलम्बन गरिएको छ ।

### १.७.२ सामाग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा उल्लेख गरिएका समस्याकथनमा शोध्य प्रश्नहरूको समाधानका लागि व्याख्यात्मक विधिअन्तर्गत विषय विश्लेषण विधि अवलम्बन गरिएको छ र सांस्कृतिक अध्ययनका मूलभूत अवधारणाहरू प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनालाई निश्चित ढाँचाको आधार मानिएको छ । नारायण ढकालका उपन्यासमा पात्रहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोध शीर्षकका लागि निर्माण गरिएको सामग्री विश्लेषणको ढाँचा निम्नलिखित रहेको छ :

(क) नारायण ढकालका उपन्यासमा जातीय, लैङ्गिक र वर्गीय प्रतिनिधित्व

प्रभुत्वशाली वर्गको प्रतिनिधित्व

अधीनस्थ वर्गको प्रतिनिधित्व

(ख) नारायण ढकालका उपन्यासमा जातीय लैङ्गिक र वर्गीय पहिचान

जातीय पहिचान

लैङ्गिक पहिचान

वर्गीय पहिचान

(ग) नारायण ढकालका उपन्यासमा प्रतिरोध चेतना

अधीनस्थ वर्गको  प्रतिरोध चेतना

उदीयमान वर्गको प्रतिरोध चेतना

माथि उल्लिखित शीर्षक उपशीर्षकमा आधारित रही *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासहरूको विश्लेषण गरिएको छ । विश्लेषणलाई प्रमाणिक र तथ्यपरक बनाउन सम्बन्धित कृतिहरूबाट उचित र आवश्यक ठहरिएका साक्ष्यहरू उद्धृत गरिएको छ । साथै *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासको उदाहरणहरूका आधारमा जातीय, वर्गीय र लैङ्गिक प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अध्ययन विश्लेषण वर्णनात्मक विधिको प्रयोग गरी शोधकार्यको उद्देश्यलाई पूर्णता दिइएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई सुगठित एवम् सुव्यवस्थित रूपमा तयार पार्नका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | नारायण ढकालका उपन्यासमा प्रतितिधित्व र पहिचान |
| तेस्रो परिच्छेद | : | नारायण ढकालका उपन्यासमा प्रतिरोध चेतना |
| चौथो परिच्छेद | : | सारांश तथा निष्कर्ष |

सन्दर्भसामग्री सूची

# दोस्रो परिच्छेद

# नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचान

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेद नारायण ढकालकाका उपन्यासका पात्रहरूमा प्रतिनिधित्व, पहिचान र प्रतिरोधमा केन्द्रित रहेको छ । यस परिच्छेदमा प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक चिनारी दिएएपछि *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासलाई प्रतिनिधित्व र पहिचानका आधारमा उपयुक्त विषयवस्तुका साक्षीहरू सहित विश्लेषण गरिएको छ ।

## २.२ प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक स्वरूप

साहित्यिक कृतिमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको खोजी गर्नुपर्दछ भन्ने मान्यता बेलायती सांस्कृतिक अध्ययन परम्पराबाट विकसित भएको हो । प्रतिनिधित्व र प्रतिरोधलाई आधार बनाएर स्टुवार्ट हलले बेलायती मिडिया र साहित्यको अध्ययन प्रारम्भ गरे (टर्नर, सन् २००३, पृ. ९०) । सांस्कृतिक अध्ययनमा फुकोबाट प्रतिरोध चेतनालाई सशक्त रूपमा प्रयोग गरियो । सांस्कृतिक अध्ययनमा पहिचानको अवधारणा सन् १९९० को दशकमा केन्द्रीय अवधारणका रूपमा स्थापित भएको हो (बार्कर, सन् २००४, पृ. १७८) । समकालीन सांस्कृतिक अध्ययनमा पहिचान जाति, जनजाति, वर्ग, लिङ्ग, यौनिकता र उपसंस्कृतिको अध्ययन गर्ने प्रमुख आधार बनेको छ । यस शीषर्कमा सांस्कृतिक अध्ययनमा बहुप्रचलित अवधारणाका रूपमा रहेका प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनालाई कृति विश्लेषणको आधारका रूपमा अवधारणा निर्माण गरिएको छ ।

प्रतिनिधित्व सांस्कृतिक अध्ययनको प्रमुख आधार हो । राजनीतिक, सामाजिक, आर्थिक एवम् धार्मिक क्षेत्रमा व्यक्ति तथा समुदायको उपस्थितिलाई प्रतिनिधित्व भनिन्छ । सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो । बार्कर (सन् २००८) ले प्रतिनिधित्वका केन्द्रीय विषय समाजको संरचना र त्यसमा जनसमुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने हो, विभिन्न सन्दर्भमा उत्पादन हुने अर्थहरूको खोजी गर्दा प्रतिनिधित्वको खोजी गर्नुपर्दछ (पृ. ७) भन्ने धारणा प्रस्तुत गरेका छन् । उनी भन्छन्, "सांस्कृतिक प्रतिनिधित्व र अर्थहरूको निश्चित भौतिक गुण हुन्छ, ती ध्वनिहरू, अभिलेखहरू, वस्तुहरू, प्रतिबिम्बहरू, किताबहरू,

पत्रपत्रिकाहरू र टेलिभिजन कार्यक्रमहरूमा संश्लेषित हुन्छन्, तिनीहरू विशिष्ट सामाजिक सन्दर्भमा उत्पादित, प्रदर्शित, प्रयुक्त र बोध्य हुन्छन् (पृ. ८) ।" यस भनाइले प्रतिनिधित्व विशिष्ट सामाजिक संरचनामा प्रतिबिम्बन भएको हुन्छ । प्रतिनिधित्वका सन्दर्भमा स्टुवार्ट हल (सन्. १९९७) का मान्यताहरू महत्त्वपूर्ण रहेका छन् । उनी समग्र सांस्कृतिक प्रणाली नै प्रतिनिधित्व हो (पृ. २८) भन्ने मान्दछन् । उनकाअनुसार सांस्कृतिक मानकहरू प्रतिनिधिका संरचनात्मक घटकहरू हुन् । प्रतिनिधित्व भाषाको संरचनाबाट नियन्त्रित र निर्देशित हुन्छ । यसले भाषालाई संस्कृतिसँग जोड्दछ (पृ. १५) । कुनै कुरालाई अर्थपूर्ण बनाउन र व्यक्ति वा समुदायलाई आर्थी रूपमा प्रतिनिधित्व गराउन भाषाको प्रयोग भएको हुन्छ । भाषाका माध्यमबाट सामाजिक सत्यहरूको प्रतिनिधित्व भएको हुन्छ (उप्रेती, २०६८, पृ. ३८) भन्ने मान्यता भाषावादीको छ ।

अपराधी, पागलपन, यौनिकता, समलैङ्गिकता, दलित, नारीत्व जस्ता विषय विशिष्ट विमर्शात्मक निर्मिति हुन् । यस्ता सत्यहरू भाषाबाटै प्रतिनिधित्व भएका हुन्छन् । प्रतिनिधित्वले अर्थहरूको उत्पादन, प्रसार, उपभोग र नियन्त्रण गर्दछ । त्यस्ता अर्थहरू जाति, वर्ग, लिङ्ग, स्थानीयता, राष्ट्रियता, धर्म आदिबाट आएका हुन्छन् । अर्थको निर्माण प्रतिनिधित्वको प्रणालीबाट हुन्छ (हल, सन् १९९७, पृ. २१) । संस्कृतिका सदस्यहरूले भाषाको प्रयोगबाट अर्थहरूको उत्पादन गर्नुलाई प्रतिनिधित्व प्रक्रिया मान्दै हलले यसलाई भाषिक सन्दर्भसँग गाँसेका छन् । उनले प्रतिनिधित्व प्रतिबिम्बात्मक, आशयमूलक र निमार्णात्मक गरी तीन प्रकारका हुने बताएका छन् । प्रतिबिम्बात्मक प्रतिनिधित्व सत्यको अनुकरण हो । यसमा वास्तविक जगत्का कुनै पनि व्यक्ति वस्तु, विचार घटना तथा भाषिक प्रकार्य प्रतिबिम्बका रूपमा प्रस्तुत हुन्छन् । वक्ता वा लेखकले भाषाका माध्यमबाट विशिष्ट अर्थ प्रस्तुत गर्नु आशयमूलक प्रतिनिधित्व हो । निर्माणात्मक प्रतिनिधित्व भाषाको सार्वजनिक सामाजिक चरित्रसँग सम्बन्धित हुन्छ । यस धारणाअनुसार वस्तु वा व्यक्तिगत प्रयोगकर्ताद्वारा अर्थ निर्धारित हुँदैन । समुदायले प्रतिनिधित्वमूलक प्रणाली, धारणा र चिन्हका प्रयोगबाट अर्थको निर्माण गर्दछ । यसर्थ प्रतिनिधित्व व्यवहार वा प्रकार्य हो ।

यस प्रकार भाषामा प्रतिनिधित्वमूलक प्रणालीबाट अर्थहरू उत्पादन हुन्छन् । यसबाट हलले फुकोको विमर्श र विमर्शात्मक व्यवहारले ज्ञानको उत्पादन गर्छ भन्ने धारणालाई प्रतिनिधित्वको निर्माणात्मक धारणा मानेको (हल, सन् १९९७, पृ. ६२) देखिन्छ । समुदायमा जाति, जनजाति, लिङ्ग, वर्ग, क्षेत्र जस्ता सांस्कृतिक घटकहरू रहन्छन् । अल्पसङ्ख्यक

मानिसका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र सांस्कृतिक अधिकारको अवस्था, स्थानीय र राष्ट्रिय राजनीतिमा प्रतिनिधित्वको खोजी आवश्यक रहेको छ । सांस्कृतिक अध्ययनको मुख्य विषय प्रतिनिधित्वलाई संस्कृतिका रूपमा अध्ययन गर्नु हो (बार्कर, सन् २००८, पृ. ७) । "साहित्यमा प्रतिनिधित्वको खोजी पछि परेका समुदाय (निम्न वर्ग, महिला, जनजाति, दलित आदि) वा अल्पसंख्यक समूहका माध्यमबाट हुन सक्छ । शक्ति सम्बन्धले समुदायमा सांस्कृतिक समूहको के कस्तो उपस्थिति गराएको छ र त्यसलाई साहित्यिक कृतिमा के कसरी चित्रण गरिएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्वको मूल सन्दर्भ हो । प्रतिनिधित्वका विभिन्न क्षेत्रहरू हुन्छन् । त्यस्ता क्षेत्रहरू साहित्य, राजनीति, समाज, अर्थ, कानुन, प्रशासन, आम सञ्चार आदि हुन् । साहित्यमा शाब्दिक प्रतिनिधित्व हुन्छ भन्नेबारे मोहनराज शर्मा (२०५५) लेख्छन्- साहित्यमा भाषाका माध्यमबाट प्रतिनिधित्व हुन्छ । यो कसै केहीको कसै/केहीबाट कसैका लागि हुन्छ । कुनै पनि व्यक्ति वा वस्तुको प्रतिनिधित्व व्यक्ति वा वस्तुबाट हुन्छ । प्रतिनिधित्वको विषय र माध्यम व्यक्ति वा वस्तु भए पनि प्रतिनिधित्वको प्रापक व्यक्तिमात्र हुन्छ । साहित्यमा राजनीति वा विचारधारागत इच्छाहरूको समेत प्रतिनिधित्व हुन्छ (पृ.४३७-४४०) । प्रतिनिधित्वबारे उप्रेती लेख्छन्- "प्रतिनिधित्वले राजनीतिक क्षेत्रमा हुने प्रतिनिधित्वलाई जनाउँछ । जस्तै कुनै सासंदले उसको चुनाव क्षेत्रको प्रतिनिधित्व गर्छ । कुनै पत्रकार वा समालोचकले दलित, सीमान्तकृत वा समलिङ्गी समुदायका बारेमा लेख्दा त्यस समुदायलाई भाषाका माध्यमबाट प्रतिनिधित्व गरिएको हुन्छ (पृ.२८१) ।" त्यस्तै महिलालाई विभिन्न समुदायमा भिन्न भिन्न रूपमा प्रतिनिधित्व गराइएको हुन्छ । डायना मिहानाले महिलालाई इर्ष्यालु, उत्तजेक, कामुक, घरेलु, आकषर्क, गृहकेन्द्रित, निष्क्रिय, झगडालु, बोक्सी, उत्पीडित, पुरुषद्वारा अधीनस्थ जस्ता ढाँचागत चरित्र (स्टेरियोटाइप) का रूपमा प्रतिनिधित्व गराएको धारणा व्यक्त गरेकी छन् (बार्कर, २००८, पृ. ३०८) । शक्तिशाली समूह र सामाजिक श्रेणीका बिच व्यक्तिगत एवम् सामूहिक पहिचान र राजनीतिक अधिकारको खोजीका लागि प्रतिनिधित्वका अध्ययन महत्वपूर्ण आधार हो । सामाजिक संरचना र शक्तिका स्रोतहरूमा उपेक्षित, किनारीकृत, दमित र उत्पीडित वर्ग, जाति र लिङ्गगत समुदायको समान रूपमा प्रतिनिधित्व नहुन सक्छ । यस्ता समूहको प्रतिनिधित्व उपयुक्त ढङ्गले भएको छ वा छैन र भएको छैन भने किन भएको छैन तथा केन्द्रीय संस्कृतिको के कस्तो प्रभुत्वका कारण प्रतिनिधित्व हुन नसकेको हो भन्ने कुरा हेर्नु सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो । सांस्कृतिक समुदायमा प्रतिनिधित्वका अनेकौं

राजनीति निर्माण गरिएका हुन्छन् । निमुखा, दलित, उपेक्षित, सीमान्तकृत वर्गको प्रतिनिधित्व गर्ने प्रयासले तिनै समूहप्रति सांस्कृतिक अपमान र हिंसा समते हुने स्थिति भने रहिरहन्छ । यसरी शक्ति सम्बन्धमा वास्तविक समूहको वास्तविक प्रतिनिधित्वको खोजी नै सांस्कृतिक अध्ययनको विषय बन्दछ । नारायण ढकालका उपन्यासमा सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्रशासन, आम सञ्चार लगायतका सामाजिक संरचनामा कुनै पनि जाति, लिङ्ग र वर्गको प्रतिनिधित्व कस्तो छ । भाषाले त्यस्ता समुदायको के कस्तो प्रतिनिधित्व गरेको छ, भन्ने कुराको अध्ययनका लागि प्रतिनिधित्वलाई आधार बनाइएको छ ।

अतः उपन्यासकार नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचानको पहिचानका लागि जातीय, वर्गीय तथा लिङ्गीय पक्षलाई मूल विषय बनाइएको छ । यिनै विविध पक्षका आधारमा ढकालका उपन्यासमा आएका पात्रहरूको पहिचान र प्रतिनिधित्वलाई केलाउने प्रयास गरिएको छ । यसका लागि नारायाण ढकालका उपन्यासमा प्रभुत्वशाली वर्ग, अधीनस्थ वर्ग, जातीय अधीनस्थता र पहिचान, वर्गीय अधीनस्थता र पहिचान, लैङ्गिक अधीनस्थता र पहिचान जस्ता पक्षहरूलाई मूल आधारतत्वका रूपमा लिएर प्रतिनिधित्व र पहिचानको विश्लेषण गरिएको छ ।

## २.३ *प्रेतकल्प* उपन्यासमा प्रतिनिधित्व र पहिचानको विश्लेषण

*प्रेतकल्प* उपन्यास नेपाली जनजीवनको पीडा बोकेको उपन्यास हो । यसभित्र ब्रम्महण, वैश्य, शुद्र अथवा नेपाली समाजले व्याख्या गर्ने गरेको चारै जातको उपस्थिति रहेको पाइन्छ । नारायाण ढकालद्धारा लेखिएको *प्रेतकल्प* उपन्यास ग्रामीण तथा शहरी सामाजिक तथा सांस्कृतिकपरिवेशका साथै मुख्यतः तात्कालीन राज्यव्यवस्था र त्यसले जनतालाई पारेको प्रभावको अवस्थालाई मूल विषयवस्तु बनाएर लेखिएको एक सामाजिक ऐतिहासिक काल परिवेशको चित्रण गरिएको कृति हो । यस उपन्यासमा तात्कालीन नेपाली समाज, राज्यव्यवस्था र सामाजिक सांस्कृतिक संरचनाले सिर्जना गरेको विभिन्न पात्रहरूको मनोभाव तथा त्यसले पारेको नकारात्मक असरका कारण जातीय, लैङ्गिक र वर्गीय रूपमा हेपिएका समुदायका मानिसको प्रतिनिधित्व पहिचानको कमजोर अवस्थालाई देखाइएको छ । यस उपन्यासका अधिकांश पात्रहरू सत्ताको चाकडी तथा खेती किसानी गरी जीवन निर्वाह गर्छन् । कमजोर आर्थिक अवस्था र चाकडी प्रथामा जीवन बिताइ रहेका उनीहरू समाज

तथा धार्मिक पक्षबाट कुनै न कुनै रूपमा प्रतिनिधित्व र पहिचान बनाउन सफल भएका छन् । उपन्यासमा आएका पात्रहरूको सोहीअनुसारको प्रतिनिधित्व र पहिचान हुन पुगेको छ वा छैन भन्ने पक्षलाई उपन्यासमा मुख्य रूपमा अध्ययन प्रस्तुत गरिएको छ । त्यसैगरी उपन्यासमा दरबारीया षड्यन्त्र, निरंकुश राणाशासन र हुकुम र त्यसप्रति चासोयुक्त समाजको चाप्लुसीपूर्ण व्यवहार र त्यसमा लागेका युवाहरूको मनोदशा उपन्यासमा प्रस्तुत गरिएको छ । महिला र पुरुष बीचको विभेदकारी समाज, जातीय रूपमा विभेदकारी समाज र वर्गीय रूपमा विभेदकारी समाजका साथै सामाजिक धार्मिक परम्परा र संस्कृतिले जनमानसमा पारेको प्रत्यक्ष प्रभाव पनि उपन्यासमा प्रस्तुत भएको छ । राज्यले शिक्षामाथि गरेको दमन र यसले जनमानसमा पारेको प्रत्यक्ष प्रभावको अवस्थालाई पनि उपन्यासमा अभिव्यक्त गरिएको छ । वर्गीय दृष्टिले चन्द्र शमशेर, जिम्वाल, अन्य शासक विष्णुभक्त, बालकृष्ण, चमारे, मन्दोदरी, दमयन्ती, राजाराम, माधवराज जोशी, खिलनसिंह जस्ता पात्रहरूको माध्यमबाट उपन्यासमा फरक फरक पहिचान र प्रतिनिधित्व बनाएर बसेका यथार्थ उपन्यासमा देख्न सकिन्छ । सामाजिक सांस्कुतिक, राजनीतिक, आर्थिक शैक्षिक दृष्टिले पछि पारिएका वर्ग र उनीहरू माथिको शासकहरूको ज्यादती गर्ने शक्तिशाली वर्गको प्रतिनिधित्व उपन्यासमा भएको छ । उपन्यासमा वर्णन गरिएको विषयवस्तु आफ्नै एक यूगको प्रतिनिधित्व गर्ने यूगका रूपमा वर्णित छ ।

नेपालको काठमाडौँ उपत्यकाअन्तर्गत दुःखपुर बस्तीमा राणाशासनको जगजगीमा शिक्षाको ज्योती बाल्न पढेलेखेको मान्छेलाई सहयोग गर्नुको साट्टो उल्टो शासकको चाकडीमा लागेका मान्छेको कारण पात्र बालकृष्ण र उसको परिवारको उठीबास गराएर उपन्यासमा राणाशासनको अत्याचार अन्याय विरुद्ध बोल्न नपाइने अझ बोल्नेलाई जेल नेल र देशै निकाला गर्ने तात्कालिन राज्यव्यवस्थाको यथार्थता यस उपन्यासमा पाइन्छ । उपन्यासमा घटेका घटना, पात्र र पात्रको भाषिक प्रयोगले स्थानीयतालाई बढी महत्व दिएको छ । ग्रामीण भेकका जनताको जीवनचर्यामा राणाकालीन शासकको ज्यादती र हुङ्कारले सिङ्गो बस्ती आतङ्कित हुने अवस्थाको चित्रण, धर्म संस्कृति, आर्थिक अवस्था, शोषण, दमन, वर्गीय द्वन्द्व र प्राकृतिक विपत्तिलाई समेत अभिव्यक्त गरिएको छ । विधुवा विवाहको सम्मान र बालविवाहको विरोधका साथै दलितवर्गको धार्मिक तथा सांस्कृतिक पहिचान र प्रतिनिधित्वलाई यस उपन्यासले प्रस्तुत गरेको छ । उपन्यासमा पण्डित बालकृष्ण नै मुख्य र गतिशील पात्र हुन् उनीलगायत उनको घर परिवार र जिम्वाल

विष्णुभक्त पनि गतिशील पात्रको रूपमा चित्रित छन् । बालकृष्ण मध्यम वर्गको भए पनि उनी निम्नवर्गका उत्पीडित वर्गको प्रतिनिधित्व गरेका छन् भने चन्द्र शमशेर र उनका मतियारहरू शाशक वर्गको चरित्र निर्वाह गरेका छन् । वि.सं .१८६६ को नेपालको इतिहासमा घटेको घटनालाई लिएर नारायाण ढकालले उपन्यासलाई विषयका दृष्टिले महत्वपूर्ण बनाउनुका साथै सिङ्गो देशको अवस्थाको प्रस्तुति गरेका छन् । यति मात्र होइन शैक्षिक क्षेत्रमा विकास गर्नबाट थरर्थरी कापेको राज्य र राणाहरूको ज्यादती, दमन र शोषणबाट आतङ्कित भएको तात्कालीन समाज र त्यस परिवेशमा विकसित युवाहरूको मनोदशा र आम समुदायको  भित्रभित्रै शोषणका विरुद्ध उठेको आवाजलाई पनि प्रस्तुत गरिएको छ । न्यायिक र सत्य कुराको विरोध र स्वार्थ तथा अवसरको खोजीमा रहेको एकथरि मानिसहरूको मनोदशा पनि उपन्यासले प्रस्तुत गरेको छ । पढेलेखेको व्यक्ति वा एउटा पुस्तक जसमा धर्म राज्य वा मान्छे मान्छे बिच हुने विभेदको विरोध र सामाजिक न्यायको कुरा गरिएको छ त्यसबाट राणाशासक थरर्थरी कापेको यथार्थता पनि उपन्यासमा प्रस्तुत भएको छ । यहाँ केही साक्ष्यमार्फत् अझ प्रष्ट पार्न सकिन्छ :

१. बिहानै मौसम सफा थियो । वर्षा थामिएको थियो । तीन दिन र चार रातको लामो झरीले पखालिएको गाउँ स्नानपछिकी कृषिबालाझैं स्वच्छ र स्निग्ध देखिएको थियो तर पण्डित बालकृष्णको पुस्तक र पुस्तकसम्बन्धी व्याख्यानले आचार्य रामकृष्णको अनुहार एकाएक ओइलियो र कालोनिलो भयो । उसले पुस्तक हातमा लिएर थरथर काम्दै छोरालाई भन्यो, हे अनाडी , तँलाई था छ कि छैन यो किताब याँ प्रतिबन्धित छ भन्ने कुरा ? हे हरी ! महाराज चन्द्रशमशेर यो किताबको दुस्मन भइसकेका छन् भन्ने कुरा तँलाई कसैले भनेन ? (पृ. ४३) ।

माथिको साक्ष्यबाट के प्रस्ट हुन्छ भने सत्ता परिवर्तन र सकमाजिक न्यायका लागि तात्कालीन राणा सरकार पटक्कै सहमत थिएन यो कुरा काशीबाट पढेर आएका पण्डितलाई थाहा थिएन । तर उनको बालाई भने उनको कुरा समाजका लागि ठिक भए पनि सत्तााका लागि विष बन्छ र यसै कुराले ठुलो संकट आउछ भन्ने । पण्डित बालकृष्णको कुराले परिवार सबै त्रस्त बन्न पुगेका छन् । यसैकारण भारत सरकारले यो किताब लेख्ने माधवराज जोशीलाई गरेको अन्याय र अत्याचारका बारेमा छोरालाई भन्दै त्यस कुराले सजग हुनुपर्छ भनेर भनेको  यस साक्षीबाट प्रस्ट हुन्छ :

> बालकृष्णले एकोहोरो आचार्यका मुखमा हेरेपछि फेरी उसैले स्पष्टीकरण दियो । तँलाई था छैन होला यो कुरा । केही वर्षअगि माधवराज जोशी भन्ने एक जना पण्डितको सक्रियतामा आर्यसमाज नामको संस्था खुलेको थियो तर ती पण्डितलाई महाराज चन्द्रले सहेनन् र पक्राउ गरे । पक्रेपछि उनलाई ज्यादै दुःख दिएर घिसार्दै लछार्दै सिंहदरबार पुर्‍याइएको थ्यो रे । माधवराज जोशी पनि दयानन्दकै समर्थक हुन् । यो किताब यहाँ राजकाज अपराधको विषय बनिसकेको छ । राजाका सिपाहीले बाटोमा थाहा पाएको भए तेरो पनि गति माधवराजकै जस्तो हुन्थ्यो (पृ. ४४) ।

शासकको उपस्थितिमा डरले थरथर हुने एक खाले वर्गका मानिसहरू छन् भने अर्काथरी समाजलाई जसो गर्छन् राणाहरू कै कृपाबाट गर्छन् उनीहरू देशका मालिक हुन् उनीहरू नभए हाम्रो गति रहन्न मालिक भगवान् हुन् भन्ने विचार पनि उत्तिकै रहेको पाइन्छ । विधवा नारीसँगको प्रेम र त्यो प्रेमलाई विवाहमा परिणत गर्ने बालकृष्ण र दमयन्ती जस्ता पात्रको माध्यमले परम्परावादी पुरानो सोँच र विचारको विरोध मात्रै होइन कि सार्की जातको बच्चोलाई आश्विनी नाम राखी शास्त्रास्त्र किताब पढ्नसम्म दिनुले पण्डित रामकृष्ण प्रवृति क्रान्तिकारी रहेको पनि प्रष्ट देखिन्छ । जातीय रूपमा जडकिएर रहेको ब्राम्हणवादी सोँचका विरुद्ध संस्कृत पढेर पण्डित भएका युवाले मात्रै होइन उनका घर परिवार सबैले समर्थन र सहयोग गर्नुले जनतामा भएको चेतनाको विकसित अवस्थाको समेत चित्रण गरेको छ । समाजका सबै नागरिक बराबर हुन् भन्ने चेतनाले यहाँ पहिचानको अवस्थालाई यथार्थ रूपमा देखाइएको छ :

> पिताश्री यसरी त्रसित भएको देखेपछि बालकृष्ण उत्तेजित भयो । उसले भन्यो, आमा पुरानो विचारकी हुनु स्वाभाविक हो तर तपाई ज्योतिषशास्त्र पढेको, काशी बुझेको र संसारमा भइरहेको परिवर्तनबारे पनि सुनेको मानिस यस्तो हुनु अनौठो हो । यो पुस्तक सामाजिक सुधारको पक्षमा छ । अन्धविश्वास र रूढिग्रस्त चिन्तनको विरोधमा छ । समाजमा वालविवाह रोक्ने, विधवाविवाह गराउने र छुवाछुत हटाउने कुराले कसलाई नोक्सान पुग्छ ?पण्डित युवाजोश निकालेर कड्कियो (पृ. ४५) ।

बालकृष्ण, रामकृष्ण, मन्दोदरी, दमयन्ती कान्छी, आश्विनी जस्ता पात्र परिवर्तनको पक्षमा रहेर जस्तो सुकै अप्ठ्यारो आए पनि अडिक रहेर उपन्यासलाई गति प्रदान गरेका छन् जसले गर्दा आफ्नो प्रतिनिधित्व देखाएका छन् । बालकृष्ण र दमयन्ति बीचको प्रेम सम्बन्ध मान्दै आएको धर्म परम्परा र जातीय प्रथाको घोर विरोधमा हुदाहुर्दै पनि सफल भएको छ ।

ब्रम्मह्ण समुदायमा छोरालाई सस्कृत पढाउने र पण्डित बनाएर त्यहि पुराण वा कर्मकाण्ड गरेर जीवन बिताउने परम्पराका विरुद्ध बालकृष्ण ज्ञानका कुरा वा आफूले जानेको कुरा अरूलाई बाडेर समाज परिवर्तन गर्न अग्रसरताले उनको चरित्र प्रगतिवादी वा परिवर्तनकामी रहेको छ । छोरीलाई महिनावारी हुनु अगावै विवाह गरेर धर्म कमाउने पात्र मन्दोदरीको प्रकटित विचारले समाजको विचारले नारीहरूको सामाजिक पहिचानलाई प्रस्ट पारेको छ । राणाकालीन ज्यादतिको पराकाष्टालाई उपन्यासका पात्रहरूको जीवन बर्बाद पारेर राज्य आफू बाँचेको आभासको सँगसँगै शिक्षाको विकास र जातीय, लिङ्गीय, धार्मिक, वर्गीय शोषणबाट पिल्सिएका जनताले भित्रभित्रै समाजमा राणा बिरोधी गतिविधिलाई तीव्र पार्दै जाने कुराको संकेत पनि उपन्यासमा देखाइएको छ ।

नेपालको काठमाडौं उपत्यका भित्रको कुनै एक बस्तीलाई काल्पनिक नाम दुःखपुर दिएर त्यस गाउँको  सामाजिक संस्कार र राज्यको शासकीय प्रवृति दुवैलाई उपन्यासमा प्रमुख रूपमा प्रस्तुत गरिए पनि यो उपन्यासमा नेपालको १०० वर्षअघिको सामाजिक पीडा वा आर्तनाद प्रस्तुत गरिएको छ । यस उपन्यासमा प्रयोग भएका विभिन्न पात्र परिवेशले ऐतिहासिक काल परिवेश भित्रको जनजीवनलाई उत्खनन गरेको छ । तसर्थ समुदायका जातीय रूपमा लैङ्गिक रूपमा वा वर्गीय रूपमा रहेको विभिन्न संस्कार तथा संस्कृतिले उनीहरूको प्रतिनिधित्व तथा पहिचानको अवस्थालाई पनि देखाइएको छ ।

### २.३.१ *प्रेतकल्प* उपन्यासमा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व र पहिचान

*प्रेतकल्प* उपन्यास नेपाली जनजीवनको पीडा बोकेको उपन्यास हो । यसभित्र ब्रम्महण, वैश्य, शुद्र अथवा नेपाली समाजले व्याख्या गर्ने गरेको चारै जातको उपस्थिति रहेको पाइन्छ । अन्य कृति जस्तै यस कृतिले पनि शासक वा शक्तिशाली वर्गलाई उपन्यासमा प्रस्तुत गरेको छ । विभिन्न पात्र, भूमिका वा परिवेशका माध्यमले उपन्यासमा प्रभुत्वशाली वर्गको  प्रतिनिधित्व र पहिचानलाई अध्ययन र विभिन्न साक्षीहरुको माध्ययमले विश्लेषण गरिएको छ ।

#### (१) विष्णुभक्त

विष्णुभक्त राणाहरूको प्रतिनिधित्व गर्ने पात्र हो । उसले दुःखपुरबासीलाई आफ्नो कावुमा राख्न भरपुर कोशीस गरेको छ । ऊ चन्द्र समशेरको प्रतिनिधिको रूपमा दुःखपुर बासीको मनमा बसेको छ । राणाहरूलाई कोत उठाएर टक्रयाउनु, उनीहरूले जे गर भन्छन्

त्यो मात्रै गर्नु र गाउँमा भएको सबैखाले कुराको रिर्पोट राणाहरूलाई दरबारमा सुनाएपछि आफ्नो काम फत्ते भएको सम्भने पात्र हुन् । भोका नाङ्गा, गरिब जनतालाई कोर्रा बर्साएर कोत तिर्न बाध्य पार्ने र आफू विरुद्ध कोही नहोस् र आफू सदैव राणाको दृष्टिमा असल, आज्ञापालक भई राख्न पाए हुन्थ्यो भन्ने आशय भएका पात्रको रूपमा चित्रित छन् । उनी रामभक्तका बुवा पनि हुन्, जसलाई राणाको चकडीमा लगाउन मरिहत्ते गर्ने बावुका रूपमा र उपन्यासका प्रमुख पात्रको रूपमा चित्रित भएका छन् । उपन्यासको अर्को मुख्य पात्र बालकृष्ण जस्तै रामभक्त पनि राणहरूको विरोधमा लाग्छ कि भन्ने त्राही त्राही छ विष्णुभक्तलाई । तत्कालीन समयमा विष्णुभक्त दुःखपुर वासीको नजरमा भगवान् हुन् । राणाहरूको हैकमवादी शासन व्यवस्था भएको समय, ब्राम्हण जातका विष्णुभक्त गाउँको नजरमा भगवान् नै हुन् भन्ने बुझाइ रहेका दलितहरूका जीवनदाता हुन् । दलित पात्रले कोत नबुझाएकोमा, उनको बेठीमा नआएकोमा उनले गरेको ज्यादतीको तलको साक्षीहरूमार्फत् प्रमाणित गरिएको छ :

> जिम्वाल विष्णुभक्तको हातमा एउटा लामो कोर्रा थियो । ऊ कठोर भावमुद्रामा मच्चीमच्ची कोर्रा बर्साइरहेको थियो, एउटा झुत्रेझात्रे मानिसमाथि । त्यो मानिस कुक्रुक्क गुजिल्टिएर जमिनममा घोप्टिएको थियो । उसको जीउमा जम्मा दुईटा लुगामात्र थिए, कम्मरमुन्तिरको मैलो कछाड र मास्तिर ठाउँठाउँमा प्वालैप्वाल परेको इस्टकोट । घामले डढेर कालो भएको पाखुरा नाङ्गै थिए । भुँईतिर जोतिएकाले उसको अनुहार स्पष्ट थिएन । नाङ्गा पाखुरा र च्यातिएको इस्टकोट लगाएको पिठ्युँमा कोर्राका ताजा डामहरू देखिन्थे । त्यहाँ उपस्थित अरू मानिसहरूचाहिँ त्यो घटनालाई मनोरञ्जन मानेर हेरिरहेका थिए (पृ. २६) ।

यस साक्षीबाट प्रस्ट हुन्छ कि शासकको रूप कस्तो थियो भन्ने प्रस्ट भएको छ । तात्कालीन शासकले कानुनले नभए शारीरिक यातानाबाट भनेपनि जनतालाई रिजाउने र थर्काएर कब्जामा राख्ने प्रवृत्ति रहेको प्रस्ट भएको छ :

> होइन भतिज । यल्ले हाकाहाकी सर्खारकै तिरो तिर्दिन भन्न पाउँछ भन त ? मालपोत पनि तिर्न सक्दैन रे, कुत पनि बुझाउन सक्दैन रे । अझ त्यति मात्र कहाँ होर ? यसपल्ट असारे बेठी लाउन पनि आएन । कहाँसम्मको मसुर त यो ? जिम्वाल फेरि कोर्रा उचालेको थियो तर पण्डितले त्यसको बिचमा समातेर रोक्यो । जिम्वाल फेरि हच्कियो (पृ. २७) ।

माथिको साक्षीमा स्वार्थी र अवसरको प्रयोगमा रमाउने विष्णुभक्तको व्यवहार राणाकै जस्तो छ । गरिब निमुखा र दलितहरू त भूइँमान्छे हुन् वा यी सब उनका पैतालामुनिका मान्छे हुन् यिनीहरूलाई भोक लाग्दैन, दुख्दैन अझ यिनीहरूको आफ्नो कुनै आवश्यकता हुन्न भन्ने सोचाँइबाट उन्मुख व्यवहार उनकोछ । विष्णुभक्त राणाको प्रतिनिधिको रूपमा अभिव्यक्त भएको छ । धनविरे सार्कीले कोत नतिरेको र बेठीमा नआएको विषयलाई ऊ आफ्नो कार्यक्षमतामा कमजोर भएको दरबारमा श्री ३ ले थाहा पाए कतै जिम्बाल पदबाट अपदस्थ हुने त्रासबाट भयभित भएको छ । दलित जातको मान्छेमाथिको अन्याय भएका विभिन्न प्रसङ्गले प्रष्ट पारेको छ । दलितको नामकरण दलितको खाने, बस्ने अवस्था वा परिस्थितिको बयान नै तात्कालीन समाजले अपमान गरेको प्रतित उपन्यासमा आएको विषयवस्तुले प्रष्ट्याएको छ । दलितले प्रयोग गर्ने भाषा खाने अन्न र ऊप्रतिको ठुलाबडाको व्यवहार उपन्यासमा प्रस्ट रूपमा प्रस्तुत भएको छ । सजाय दिने नाममा ज्यान जाने खालको भौतिक पिटाइ र मजदुरी गाराउने बाहानामा पुस्तौ पुस्ता श्रमको शोषण हुदापनि शासक र शासनको डरले झन झन दुःख दर्दमा छन् दलितहरू :

> तेल्ले काशी बुझ्यो होला तर नेपाल बुझेको छैन । अनि धनबीरे सार्कीको निम्ति तेल्ले के नै गर्‍या छ मैले जति ? म पनि त न्याय पोलेर खाने मान्छे होइन । परार सुख्खा लागो, मैले माहाराजबाट माफी बक्साएर ल्याकै हुँ । पोर त बालीनाली त्यति नराम्रो भको पनि होइन । हिँउद बर्खा याममा राम्रो बर्सात भको थ्यो । मेरा अरू चिन्ता होइन । गामको रीतितिथि नबिग्रोस त्यति हो (पृ. ३१) ।

राणाहरूलाई रिझाएर जसरी पनि छोरो रामभक्तलाई उनीहरूको चाकडीमा लगाउने अवसरको खोजीमा रहेको विष्णुभक्त अन्तत फरक विचारको देखिए पनि उनी सफल हुन्छन् । छोरालाई पूर्व संखुवासभाको सुब्बा बनाइ पठाएकोमा उनी आफ्नो चाकडी सफल भएको महशुस गर्दछन् । पात्र बालकृष्णले चर्चा गरेको *सत्यार्थ प्रकाश* पुस्तक र आर्य समाजीका कारण ऊ आफ्नो पद गुम्ने खतरा रहेकोले बारम्बार त्रसिद छ । पण्डित बालकृष्णलाई दरबारमा चाकडीमा पठाउन पाए आफ्नो साखा दरसाखा सन्ताानलाई राम्रो हुने कुराले उनी छोरो रामभक्तमार्फत् फकाएर बालकृष्णलाई दरबार लाने, राणहरूसँग भेटाउने जस्तो काम गर्ने गर्छन् । तर बालकृष्ण उल्टोधार तिर लागेकोले उनको प्रयास अन्तत असफल हुन्छ तर पनि छोरा रामभक्तलाई भने चाकडीमा लगाउन सफल हुन्छन् । यसमा पनि ठुलै जीत हासिल गरेको महसुसमा उनी प्रफुल्लित हुन्छन् :

१. तेरो साथी बालकिस्न निकै विद्वान् छ । मेरो विचारमा दरबारमा कतिपय पण्डितहरूले पनि उसको विद्वतालाई भेट्न सक्दैनन् । मैले यस विषयमा महाराजासँग कुरा गरिसकेको छु । उनले एकपटक दर्शनभेट गराउन ल्या भनेका छन् । माहाराजले मन पराएभने उसको भाग्य नै अर्को हुन सक्छ । तैले उसलाई त्याँ लाने कुरामा मद्दत गर्न सक्छस । बालकिस्न पण्डित तेरो प्रस्ताव अस्वीकार गर्न सक्दैन । हेर रामभक्त तँ जसरी पनि उसलाई फका र मना । यस्तो औसर सधैं आउँदैन बुझिस के ? विष्णुभक्तले भने (पृ. ७९) ।

२. लौ आज दिनभरि तिमी मसित बस र खाना पनि यै खाऊ । याँ पनि त बाहुन भान्सेहरूले धोती फेरेर पकाउँछन् नी ।

३. विष्णुभक्तको अन्तिम लक्ष्यपुरा भयो । ऊ यही नै चाहान्थ्यो । भविष्यका रोलवाला प्रधानमन्त्रीको दृष्टिमा आफ्नो छोरा रामभक्त परोस । त्यो ठाउँ शंखधरले लिन नपाओस । त्यसपछि विष्णुभक्त कृतार्थ भएर माहाराजकी जय भनेर क्याम्पबाट फर्कियो (पृ. ८०) ।

श्री ३ चन्द्र शमशेर जबराको दरबारीया दबदबा र शासनपद्धतिले गाँउघरमा कतिबेला के हुने हो भन्ने त्रासमय वातावरण दुःखपुरमा रहेको छ । पूजापाठ, विवाह, न्याय निसाफदेखि पठन पाठन, पाटी पौवा, बेठी जस्ता सम्पूर्ण क्रियाकलापमा राणा शैलीभन्दा अर्को शैलीको प्रतिबन्ध लगाइएको छ । प्रत्येक दुःखपुर गाँउ जस्तै राज्यका दुरदराजमा पनि शैक्षिक पाठशाला खोल्न, परिवर्तन र सामाजिक न्यायको कुरा गर्न, महिला पुरुषदेखि जाति जातिबिचको विभेदले गाँउघर अक्रान्त पारे पनि त्यसका विरुद्ध बोल्न नदिनु नै जिम्बाल विष्णुभक्तको परम कतर्व्य रहेको थियो । अन्तिममा आफ्नो गाँउघरको शत्रु वा उनको विपक्ष पात्र शंखधर दरबार भित्र छिरे पछि आधा मरेको जस्तो भएर गल्ने विष्णुभक्त राणाहरूको आशीर्वाद पाउन्जेल मात्र शक्ति, धाक रवाफ र प्रभुत्वमा रहेको प्रस्ट हुन्छ । जब राणाहरूले गाँउको जिम्बाल अर्को बनाए तब गाँउमा दशा लाग्यो अब कतिबेला के हुन्छ, भन्न सकिन्न भनि थकित भएका विष्णुभक्त राणाबाट थाहै नपाइ अपदस्थ भएका छन् र निरिह देखिएकोले उनको प्रतिनिधित्व यहाँ राणाको अनुपस्थितिलाई पूरा गर्न वा राणाको आदेश पालना गर्ने र गाँउमा राणाले भनेको जस्तो दमन गरेर मुख्य पात्रको रूपमा प्रतिनिधित्व गरेको छ । राणहरूको बलमा आफ्नै गाँउबस्तीका सोझा, सरल दलित र अन्य वर्गको श्रमशोषण गरेर

आफ्नो स्वार्थ पूरा गर्ने, आफ्नै छोरा नातीको भलो चाहने र सधैंभरी आफ्नै मात्र वर्चस्व रहिरहोस् भन्ने शोषण दमनकारी प्रवृतिका विष्णुभक्तलाई सामान्तीका रूपमा लिन सकिन्छ । त्यसैले दुःखपुर बासीको भविष्य निर्माणको हर्ताकर्ताको रूपमा आफूलाई प्रस्तुत गरेको विष्णुभक्त अन्तत राणाको आशीर्वाद बिना निरिह र दुखी पात्र हुन पुगेको छ :

> काले सइसले देख्यो - आफ्नो मालिक एक्कासी जीर्ण भएर भत्किएका छन् । उसको बीस वर्षदेखिको सेवामा यस्तो क्षण कहिल्यै आएको थिएन । जिम्वाल विष्णुभक्तको यति विदिर्ण र निरीह मनोदशा उसले कहिल्यै देखेको थिएन । (पृ . २५१)

दुःखपुर वासीको अगाडी उसको बोली कानुन सरह मानिनु उसको व्यवहार गाँउको परम्परा र रीतिरिवाज सरह मानिनुले समाजमा उसको संस्कृतिको प्रभुत्व स्थापित भएको देखिन्छ । सामाजिक, संस्कृति, राजनीतिक तथा आर्थिक सबै पक्षबाट विष्णुभक्त उपन्यासको शासक वर्गको रूपमा जिम्बालको प्रतिनिधित्व र पहिचान कायम भएको छ । उसका गतिविधि र क्रियाकलापले एउटा तानाशाही निरंकुश राणाहासकीय प्रवृतिको शासक वर्गको रूपमा उसको पहिचान भएको छ ।

### (२) श्री ३ चन्द्र शमशेर र बबर शमशेर

उपन्यासमा श्री ३ भनेर धाक रवाफपूर्ण गाँउका मुखिया जिम्बालको मन मनमा राज गर्ने पात्र हुन् चन्द्र शमशेर । यिनीहरूको दबदबा गाउँदेखि सहरसम्म फैलिएको छ । गाउँघरमा शैक्षिक संस्था खोल्न नदिनु उनीहरूको विरोधमा चुसम्म गर्न नदिनु र पढेलेखेका व्यक्तिलाई लोभ लालच वा डर देखाएर दरबारमा उनीहरूकौ दास बनाउनु उनीहरूको सत्ता टिकाउने खेल रहेको छ । भने बबर शमशेर जबरा जस्ता दरबारमा हुर्किएका र राणाका सन्तान गाँउघरमा आतङ्क फैलाएर हिड्ने पात्रको रूपमा प्रतिनिधित्व गर्ने पात्रको रूपमा प्रस्तुत छ । राणा प्रधानमन्त्रिनै भएकोले निरङ्कुश तानाशाह नै उनीहरूको शैली थियो । रजाइ, रमाइलो आफू गर्ने तर त्यसको भारी जनतालाई घरलौरी पैसा उठाएर बुझाउन बाध्य पार्ने र उनका गाँउका मुखिया जिम्बालहरूको जिम्मा दिने प्रवृति भएकोले उनको निरिह दुःखी जनतामाथि शासन जमाउने जातीय, रूपमा लैङ्गिक रूपमा र धार्मिक सांस्कृतिक रूपमा थिचोमिचो गर्ने हैकमवादी प्रभुत्वशाली पात्रको रूपमा पहिचान कायम भएको छ :

उत्तर कमाण्डिङ् जर्नेल पदमशमशेरको नेतृत्वमा आएको घोडचढीहरूको लावालस्कर शिवालयअगाडी चौरमा रोकियो । उनीहरू तीनै जना सैनिक पोसाकमा थिए । बुट, बुटमाथि अङ्ग्रेज जनरलका जस्ता घुँडासम्म आउने मोजा, खाकी हाफ पाइन्ट, त्यसमाथि त्यस्तै रङ्गको बुसर्ट, कम्मरमाथि एक कुरेत चौडाइ भएको पेटी र टाउकोमा सानो नाङ्लो आकारको ह्याट । तीन जना जर्नेलहरूको पहिरनको सारांश यस्तै थियो । उनीहरूको पछाडि विभिन्न पदका सिपाहीहरू थिए । पुछारमा बन्दोबस्तीका समान लादिएका घोडाहरू र तिनलाई डोर्‍याउने सइस थिए (पृ. १२९-१३०) ।

उपन्यासमा आएका पात्र चन्द्र शमशेर र बबर शमशेर उच्च वर्गका अझ राण श्री ३ नै भएकोले उनीहरूको नाम मात्रैले दुःखपुर बासी त्रसिद छन् । तसर्थ यिनीहरूले सभ्रान्त वर्गको सामान्तवादी शासक वर्गको प्रतिनिधित्व गरेका छन् । उपन्यासमा उनीहरूले आफ्नो पहिचान र प्रतिनिधित्व सभ्रान्त कै रूपमा गराएका छन् ।

### (३) शंखधर र चक्रधर

शंखधरचक्रधर यस उपन्यासका समान चरित्र भएका पात्र हुन् । गाँउले जनताप्रति नकारात्मक चासो चिन्तन गर्ने, आफ्नो मात्रै स्वार्थ पूरा गर्नतिर लाग्ने यी दुबै पात्र नाताले उपन्यासमा बाबु छोराको चरित्रमा प्रस्तुत भएका पात्र पनि हुन् । आफू सरहका अन्य साथीको कुभलो चाहने चुक्ली र चाप्लुसी व्यवहार गर्नु यी दुवै पात्र समाजका कुरा लगेर दरबारमा लगाउने र आफूले कुनै चाकडी गर्ने स्थान पाएन्छ कि भन्ने धाउन्नमा लागेका देखिन्छन् । यहाँ केही संवाद साक्षीका रूपमा हेर्न सकिन्छ :

“खुबै सिद्धान्तवादी भन्थ्यो नि आफूलाई । देखिहालियो नि त्यसको चाला । बुझिस पञ्चे यो संसार पाखण्डीहरुले भरिएको छ ।” उसले भन्यो ।

“हो बाज्या मुनासिफ ।” पञ्चेले जवाफ दियो ।

“बुझिस् मेरो हातमा शक्ति आयो भने त म यस्ता पाजीलाई जिउँदै सूली घोपेर मार्छु । ”

“ठिक भन्यो बाज्याले ।” सोह्रै आना ठिक (पृ १४५) ।

राणा शासकले जिम्बाल पद विष्णुभक्तलाई दिएको र अब त्यो पदको दाबेदार आफू भएको कुरा राख्न भारद्धज कविको कविता चोरेका दिनबाट लागिपरेको शंखधर श्री ३ को छेउ छेउमा गएर श्री ३ कै महिमा भएको कविता जोड जोडले वाचन गर्न थाल्नुले ऊ श्री ३ को चाकडीका लागि जस्तो सुकै कर्म गर्न पनि तयार भएको पात्रका रूपमा प्रस्तुत भएको शंखधर विष्णुभक्तको प्रतिद्वन्द्वी पात्रका रूपमा प्रस्तुत भएको छ । उसलाई गाउँघरको चुक्ली गरेर अरूलाई दुःख दिनु दोबाटोमा बसेर खुचिङ मचाउन रमाइलो वा सुखानुभूति भएको छ । पण्डित बालकृष्णसँग स्कुले जीवन बिताएको शंखधर पण्डित बालकृष्णलाई देखि नसहने पात्र पनि हो । शंखधरको व्यवहारले बालकृष्ण भने दुःखी भएको छ । उसलाई अत्तोपत्तो केही थाहा छैन । तर जे होस् तत्कालीन समय र परिस्थतिअनुसार चल्ने पुरातनवादी सोँच भएको पात्रका रूपमा प्रस्तुत शंखधर उपन्यासको अन्त्यतिर जिम्बाल पद प्राप्त गरी राणाहरूको चाकडी गर्ने बलवान पात्रको रूपमा प्रस्तुत छ । दरबारभित्र पसेपछि म नै सर्वेसर्वा भनी उसले गाँउलेहरूको मनपरि झुठो कुरासमेत बनाई दरबारमा पोल लगाउने र गाँउमा आतंक फैलाउने, मुद्धा हाल्ने, धरपकड गर्न लगाउने, यातना दिने कार्यको थालनी गरेको छ :

> आचार्यको परिवार श्लेषमान्तक वनभित्र लुप्त नहुन्जेल शंखधर उभिएर एकनास उनीहरू गएको हेरिरह्यो । साच्चै यत्रो दुःखमा पनि उनीहरू हल्लेका थिएनन् । कहाँसम्म भने सबभन्दा सानी कान्छीसमेत उज्यालो प्रदीप्त थिई । यो सब देखेर पञ्चकिस्नेसँग भन्यो , पञ्चे मैले त केही पनि जितेको छैन जस्तो पो लाग्यो । म याँ आको तँलाई था छदैं छ । म पण्डितको परिवारको दुःख हेरेर आनन्दित हुन चाहन्थे । मेरो मुटुमा शत्रुताको आगो बलिरहेको छ । मैले जिन्नगीभरि यिनेरुसित हार्दै आँए । प्रत्येक हारले म छटपटिएँ । एक्लै कतिपल्ट रोएँ । यिनीहरुको हारमा ती सपैं क्षतिपूर्ति आज हुन्छ भन्ठानेको , तर आज पनि जित्न सकिनँ । म उनीहरुको परिवारको दुःख हेरेर आनन्द लिन आको , झन दुखी भेर पो फर्कने भएँ । भन के गरम म ? (पृ. २८५) ।

तसर्थ उपन्यासमा शंखधर प्ररम्भमा नकारात्मक विचार भएको पात्रको रूपमा र अन्त्यमा शोषण दमन र अत्याचारी, राणाहरूकै प्रतिनिधित्व गर्ने शासकका रूपमा प्रस्तुत भएको पात्र हो । गाउँको जिम्वाल भएर दरबार पसेको र शक्तिमा पुगेपछि गाउँलाई पुरै त्राहीत्राही पारेको शंखधर तानाशाही निरंकुश प्रवृतिको शासक वर्गको रूपमा उसको पहिचान र प्रतिनिधित्व कायम भएको छ ।

### २.३.२ *प्रेतकल्प* उपन्यासमा अधीनस्थ वर्गको प्रतिनिधित्व र पहिचान

*प्रेतकल्प* उपन्यास नारायाण ढकालको काठमाडौं उपत्यकाको पूर्वी उत्तर भेगमा अवस्थित दुःखपुर गाउँको आजभन्दा सय वर्षअघिको ऐतिहासिक घटनालाई मुख्य विषयवस्तु बनाएर रचना गरिएको उपन्यास हो । जहाँ राणा शासनको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भएको शोषण दमन र अत्याचारले सिङ्गो वस्ती नै अन्यायमा परेको कथा समेटिएको छ । गाउँमा प्रभुत्वशाली वर्गका रूपममा रहेको विष्णुभक्तबाट अधीनस्थभई आफ्नो दैनिक जीवनमा निरन्तर समस्या नै समस्याग्रस्त दलित बस्तीहरूको दैनिकीबाट पनि त्यस समयमा राणाहरूको जगजगी प्रष्ट भएको छ भने शैक्षिक संस्थाा माथिको बन्देज र पढेलेखेका मान्छेप्रति शासकको धारणा,पात्र चन्द्र शमशेर र कृष्णभक्तबाट प्रष्ट भएको छ । राणाबाट भएको हुकुम तामिल गराउँन खप्पिस गाउँका मुखिया जिम्बालहरूको क्रियाकलाप र सोंचाइमा त्याहाको जाती, वर्ग, लिङ्ग तथा धर्म आदि कुनै न कुनै तरिकाबाट यहाँका सम्पूर्ण मानवसमुदाय उत्पीडनमा परेको छ । दुःखपुर बासी मानव समुदाय भोक रोग र शोक र विभिन्न अभावसँग जुधिरहेको घटना यसका साथै जातीय, धार्मिक र लैङ्गिक अधीनस्थताको सिकार भएका छन् । यसबाट उनीहरूको पहिचान र प्रतिनिधित्वका आयम पनि सामाजिक सांस्कृतिक अवस्थाका कारण फरक फरक नै देखिन पुगेको छ । समाजका सामाजिक, सांस्कृतिक, धार्मिक प्रचलन र यसैमा आधारित भई भूमिका निर्वाह गर्ने पात्रका अवस्थालाई हेर्दा उपन्यासमा जातीय, वर्गीय धार्मिक एवम् लैङिगक अधीनस्थताका केन्द्रमा रही पात्रको प्रतिनिधित्व र पहिचानको अवस्थालाई हेर्न सकिन्छ ।

**(१) बालकृष्ण पण्डित**

उपन्यासमा पण्डित भनेर पढेलेखेका युवाको भूमिका निभाएको आधुनिक पात्र हो । ऊ समाजका रुढी कुरा र परम्परामा परिवर्तन ल्याउनु पर्छ र हाम्रो धर्म शास्त्रमा मान्छे मान्छे फरक हुन्छ भनी कही लेखिएको छैन भनि सत्य कुरा प्रकाश पार्ने न्यायिक चरित्रको पात्र हो । ऊ कसैमाथि अन्याय भएको सहन नसक्ने चरित्रको पात्र हो । पण्डित रामकृष्ण र मन्दोदरीका एकमात्र पुत्रका रूपमा रहेका बालकृष्ण काशी गएर शास्त्रीसम्मको अध्ययन पूरा गरी १८, १९ वर्षको उमेरमा आफ्नै गाउँमा पाठशाला खोलेर गाउँलेहरूलाई शिक्षा प्रदान गरी अन्धकारबाट मुक्त गराउने दयानन्द सरस्वतीको *सत्यार्थ प्रकाश* भन्ने पुस्तक

लिएर फर्केका उदाहरणीय पात्र पनि हुन् । दयानन्दको पुस्तक पढेको र पढाउन खोजेको बाहानामा राणहरूले बारम्बार दरबारमा बोलाएर चाकडीको लागि नगएपछि र विधुवा दमयन्तिसँग विवाह गरे पछि त्यही बाहानामा सर्वस्वहरण गरी परिवारसहित देश निकाला गरिएको ऐतिहासिक चरित्रको पात्र हो ।

बालकृष्ण तत्कालीन नेपाली समाजको एक त्यस्तो प्रतिनिधित्व भएको पात्र हो जसले जातीय, वर्गीय र लिङ्गिकसम्बन्धी विभेदको खुलेर विरोध गर्ने चरित्र हो । ऊ ब्राह्मण परिवारको भएको र यसैअनुसार पालनपोषण भएको, काशी गएर शास्त्री पढेर राणा विरोधी चरित्र प्रकट गर्ने दुःखपुरको पहिलो पात्र हो । सबैसँग न्यायसंगत व्यवहार गर्ने बालकृष्ण खुलेर विरोध गर्न नसक्दा र उसका साथीहरू दरबारमा चाकडी गर्न नभेटेकोले र अवसर पाएपछि परिवर्तन र समाजको प्रगतिको कुरालाई चटक्क बिर्सेर चाकडीतिर लागेका देख्दा निरास निरास भएको छ । प्रभुत्वशाली वर्गबाट अधीनस्थ वा पीडित बनेको पण्डित बालकृष्ण यस उपन्यासको प्रमुख पात्र हो । बालकृष्ण गतिशील चरित्रको पात्र पनि हो । ऊ पढेलेखेको छ, सचेत छ ऊ साहसी र निडर हुनका साथै आफ्नो बाटोमा लागिरहने दृढ विश्वासी चरित्रको पात्र हो । गाउँमा आफ्नै ठुलाबा विष्णुभक्त राणाको जिम्बाल पदमा भएकोले उसलाई दमन कम र ढिलो भएको जस्तो पनि उपन्यासले प्रस्तुत गरेका घटनाबाट प्रष्ट भएको छ । शास्त्री सकेर नेपाल वा आफ्नो गाउँ फर्केको बालकृष्णको दयानन्द सरस्वतीको प्रख्यात पुस्तक *सत्यार्थ प्रकाश* बोकेर आएको छ । त्यस पुस्तकका माध्यमबाट ऊ गाउँमा परिवर्तन गराउने प्रयासतिर लागेको छ । *सत्यार्थ प्रकाश* पुस्तक प्रति बालकृष्ण पूर्णरूपमा सकारात्मक र सर्मथनमा पनि छ :

> पण्डित बालकृष्णले बिहानको शुद्धीकरण र स्नान र नित्यकर्मपछि आफ्नो बालाई त्यो पुस्तक देखायो । उसले भन्यो, पिताजी यो अत्यन्त महत्वपूर्ण पुस्तक हो । सारा हिन्दुस्तानभरि दयानन्द स्वामीका विचारमाथि शस्त्रार्थ चलिरहेको छ । यो पुस्तकको प्रकाशनपछि ज्ञानी संन्यासीहरू दुई खेमामा विभाजित भइरहेका छन् । एक थरी यसको विरोधमा छन् भने अर्को थरी समर्थनमा छन् । त्यहाँ हरेक जागरुक न्यायप्रेमी र अध्ययनशील युवाको हातमा यो पुस्तक छ । मेरो विचारमा हाम्रो गाउँका युवालाई पनि यो किताब पढाउनुपर्छ । हाम्रो समाजको निम्ति यो निकै उपयोगी होला भन्ने मलाइ लागेको छ । (पृ ४३) .

रामभक्त, शंखधर जस्ता सँगै स्कूल पढ्ने साथीहरू राणाको चाकडी गर्न लागेका छन् भने ऊ दरबारीया आनीबानी कै विरोधी भएर रहेको छ । पण्डितलाई दरबारमा लगेर चाकडीमा लाउन पाए, आफ्नो  जिम्बाल पद छोड्ने नपर्ने स्वार्थीपनले विष्णुभक्तलाई पनि जसरी हुन्छ उनलाई दरबारमा लान प्रयासरत छ, दरबारमा लिएर जाँदा चन्द्र शमशेर जबरासँग प्रश्नोत्तर गरेका बालकृष्णका विचार सुनेर विष्णुभक्त जस्ता पात्र निराश बनेका छन् । तर दरबारले हरेक विषयमा निगरानी राखेको पात्र बालकृष्ण आफ्नो बुझाइ र क्रियाकलापमा दृढ निश्चयपूर्वक लागेको छ । बालकृष्ण स्वभाव र चरित्रले चलाइ नसक्नुका श्री ३ चन्द्र शमशेर जबरा र उनको शासन पद्धतिको खुलेर विरोध गर्ने र सत्य र न्यायको बाटो सबैलाई लाग्न प्रेरित गर्ने एक क्रान्तिकारी चरित्र पनि हो । उसले जातीय सम्बन्धी पुरानो परम्परा वर्गीय परम्परा र धार्मिक परम्पराको नकारात्मक पक्षको डटेर विरोध गरेको छ भने त्यसबाट तिरस्कृत हुनुपरेको भएपनि ऊ निराश वा विचलित देखिदैन । अझ उसले वर्षौं वर्ष देखि चलिआएको धार्मिक, सामाजिक संस्कृतिलाई विधवा नारी दमयन्तिसँग विवाह गरेर तोडेको छ । आफ्नो बहिनीलाई पढ्न सिकाएको छ, सार्कीको छोरा हनुमानेलाई आश्विनी नाम राखी शास्त्रास्त्र सिकाएको छ भने बाल विवाहको विरोध गरेको छ भने दमयन्तिसँगको विवाहले उसलाई विधवा नारीलाई सम्मानजनक व्यवहार गर्ने पात्रको रूपमा चित्रित गरेको छ ।

अन्त्यमा राणाहरूको अत्यधिक दमनका कारण पक्रेर जेल परेकोले ऊ सामाजिक न्यायको लडाँइमा लक्ष्यमा पुग्न सकेन तर पनि गाउँमा दलित समुदाय वा राणाहरूकै चाकडीमा जीवन विताएका विष्णुभक्त अपदस्थ भएर आएको जिम्बाल पदको अर्को व्यक्ति रामभक्त पनि पण्डित बालकृष्ण सामाजिक न्यायका पक्षमा भएकोले उसले हारेको होइन जितेको छ भन्ने भावको प्रस्तुतिले सर्वश्वहरण सहित सपरिवार देश निकाला भएको बालकृष्ण अन्यायका विरुद्ध निडर र सहासी भएर लड्ने पात्र र यसको हिसाब किताब इतिहासले गरेर छाड्ने भाव उपन्यासका तलका साक्षीबाट प्रष्ट भएको छ :

> आचार्यको परिवार श्लेषमान्तक वनभित्र लुप्त नहुन्जेल शंखधर उभिएर एकनाश उनीहरू गएको बाटोतिर हेरिरह्यो । साँच्चै यत्रो दुःखमा पनि उनीहरू हल्लिएका थिएनन् । कहाँसम्म भने कान्छीसमेत उज्यालोले प्रदीप्त थिई । यो सब देखेर उसले पञ्चकिस्नसँग भन्यो, पञ्चे मैले त केई पनि जितेको छैन जस्तो पो लाग्यो । म याँ आको तँलाई था छदै छ । म पण्डितको परिवारको दुःख हेरेर आनन्दित हुन

> चाहन्थे । मेरो मुटुमा शत्रुताको आगो बलिरहेको छ । मैले जिन्नगीभरि यिनेरूसित हार्दै आँए । प्रत्येक हारले म छटपटिएँ । एक्लै कतिपटक रोएँ । यिनीहरूको हारमा ती सपैको क्षतिपूर्ति आज हुन्छ भन्ठानेको, तर आज पनि जित्न सकिनँ । म उनीहरूको परिवारको दुःख हेरेर आनन्द लिन आको, झन दुःखी भेर पो फर्कने भएँ । झन के गरम् म ? (पृ. २८५) ।

बालकृष्णले दलितलाई प्रशिक्षण गर्दा शास्त्रका कुरा सुनेर चकित परेको अवस्था वा धनविरे सार्कीलाई विष्णुभक्तले कोर्राले हानेको अवस्थामा पनि गरिव र निसाहाय बनेको सार्कीको पक्षमा बोल्ने बालकृष्ण एक्लो पात्र बनेको छ ।

यसरी आफू बाहुनको छोरा भएर काशीबाट शास्त्री पास गरेर आएको बालकृष्णका क्रियाकलापले ऊ निम्न वर्गको, दलितको, हेपिएका दमयन्तिको, सुभद्राको र पितृसत्ताले हिंसामा पारेको कान्छी जस्ताको एक्लो आवाज भएको प्रतिनिधि पात्र हो । तर्सथ ऊ अधीनस्थ पात्र हो उसलाई सत्यको पक्षमा बोल्दा पटक पटक राणाका सीपाहीहरूले धरपकड गरेको घटनाले पनि यो कुरा प्रस्ट हुन्छ । शिक्षा पाठशाला खोलेर गाउँमा शिक्षाको ज्योति छर्न लागेको समयमा होस वा विधवा नारीलाई रामकृष्णले भुजेलको आगनमा गाली गरेको बेलामा होस् वा दमयन्तिसँग विवाह गरेको प्रसंग होस् वा सत्सङ्गमा लागेर धर्म शास्त्रका सत्यकुरालाई प्रकाश पार्दा होस् बालकृष्ण क्रान्तिकारी र विद्रोही पात्रको रूपमा चित्रित छ । विधवालाई नरकको द्वार मान्ने रामकृष्ण वा विधवा नारी आफ्नै अभागिनी, पापिनी र अलक्षिनी भनी भन्दै वा मान्दै आएको समाजमा यस्तो कुनै पनि जाति वा समुदायमाथि हिंसा गर्ने परम्परा तोड्ने बालकृष्ण साच्चिकै क्रान्तिकारी पात्रका रूपमा आफ्नो पहिचान गराएका छन् । आश्विनीलाई आफ्नै घरमा राख्नु, शास्त्रका कुरा सिकाउनु, ब्रतबन्ध गराउनु र उसलाई दलित मुक्तिको योद्धाका रूपमा तयार पार्नुले बालकृष्ण साच्चिकै आवाज विहीनहरूको आवाजको रूपमा प्रतिनिधित्व गर्ने पात्रको रूपमा प्रस्तुत भएको छ :

> सायद म शब्दनादको कोर्रा हानीरहेको थिएँ रूढिग्रस्त परम्परा र चिन्तनमाथि । मेरो विश्वास र अभ्यन्तरदेखिको वाचनले सायद श्रोता पुरुषका शरीरमा काँढा उम्रिन थाले र महिलाहरूचाहिँ सुँक्कसुँक्क गर्दै रून थाले । तर भीडको बीचमा दमयन्ती भने भर्खरै फक्रेको ताजा फूलझैँ मेरो अनुहारमा एकाग्र भएकी थिई । त्यो दृश्य मेरा निम्ति अझ प्रेरणाप्रद र आध्यात्मिक सन्तुष्टिको दृष्टिले निकै अद्भुत बन्न पुगेको थियो । (पृ. १४६)

गाउँघरमा परिवर्तनका लागि कोही बोलेको कुरा चुक्ली गर्ने शंखधर जस्ता नकारात्मक विचारका पात्र आफूले सत्ता वा शक्तिमा रहिरहन निरिह धनविरे जस्ता गरिबलाई कोर्रा हानेर कहल्याउने विष्णुभक्त जस्ता पात्रहरूको अगाडि पनि आफ्नो बुझाई र शिक्षामा निडर भएर घरी दलितलाई बुझाउन नेपेटारका सार्कीलाई प्रशिक्षित गर्दा होस् वा दमयन्तिलाई लिएर कूलपूजा गर्न जाँदा होस् बालकृष्ण सहासी र क्रान्तिकारी पात्रको रूपमा उभिएको छ । उसलाई व्यक्तिगत रूपमा कसैसँग पनि पुर्वाग्रह पनि छैन । आफ्नो सबैभन्दा मिल्ने साथी श्री ३ को हुकुम अनुसार पूर्व संखुवासभामा जागीर खाना जादा पनि उसले केही विमति राखेन यस कार्यबाट बुझेको मान्छेले आफैं आफ्नो बारेमा निर्णय लिनु पर्छ भन्ने जस्तो भाव बालकृष्णबाट प्रष्टिन्छ छ । कतै कतै प्रसंगका उसले एक्लो भएको महसुस गरे पनि बिस्तारै ऊ निडर भएर परिवर्तन कै पक्षमा उभिएको चरित्र हो । देश निकाला हुँदै गर्दा बालकृष्ण पण्डितका परिवारहरूको विचार व्यवहारबाट पनि धेरै कुरा प्रमाणित गर्दछ । पुरानो विचारकी आमा मन्दोदरी, चाकडीमा लागेर आफ्नो नाम कमाए हुन्थ्यो भन्ने बुवा रामकृष्ण र विधुवा क्षेत्रीकी बुहारी भएर बालकृष्णसँग विवाह बन्धनमा बाधिएकी दमयन्ती र उसकी बहिनी कान्छी सबै जना निडर र सहासी देखिएका छन् । र उनीहरू सबै बालकृष्णकै पक्षमा उभिएका छन् । उनीहरू कसैले पनि बालकृष्ण झुकोस् वा उसले गर्दा गाउँ छाड्नु पर्‍यो भनेर भनेको भाव उपन्यासमा अभिव्यक्त भएको छैन :

> यसमा तपाईको दोष छैन । हामीले पछ्याएको विचार नै त्यास्तो छ । जसलाई श्री ३ ले मन पराएनन् । यसमा उनले आफ्नो गद्दी हल्लन सक्ने भ्रम देखे । त्यसो त आर्यसमाजी विचार भारतमै पनि विवादास्पद बनिरहेको छ । गुरु दयानन्दलाई त्यँहाका कट्टरपन्थीहरुले सैद्धान्तिक हमला गर्न आरम्भ गरेका छन् । यहाँ यो हामीले आफैंले निम्त्याएको विपत्ति हो । भारदारीसभामा गएर काम गर्न श्री ३ ले बालकिस्नलाई बोलाएका थिए तर ऊ त्यहाँ गएनन् । मुख्य कुरा श्री ३ चन्द्रसँग दृष्टिसम्पन्नता र परिवर्तनको योजना छैन । उनी रूढीग्रस्त विचार र सत्तासीन भइरहेको महत्वकांक्षाले ग्रसित छन् । यस्तो अवस्थामा बालकिस्न उनको सभामा गएर के गर्थ्यो ? जागीर खान्थ्यो । ठूलो जमिन्दारी जोड्थ्यो । आफू र आफ्नो परिवारलाई ऐस आराम र व्यभिचारको नयाँ संसारमा पुर्‍याउँथ्यो, त्यति न हो ?तर त्यो बाटो कति जोखिमपूर्ण छ, मलाई पनि राम्ररी था छ । षडयन्त्र गरेर सत्ता प्राप्त गर्ने र धन बटुल्ने दरबारिया प्रवृतिले रक्तपात र मारकाटलाई प्रश्रय दिएको छ । आज को निर्विघ्न बाँचीरहेका छन् ? के उनका भारदारहरू भयरहित जीवन

बाँचीरहेका छन् ? के तपाईलाई लाग्छ, श्री ३ चन्द्र भयरहित जीवन बाँचीरहेका छन् ? के उनका भरदारहरू भयरहित जीवन बाँचीरहेका छन् ? के सिंहदरबारमा अर्को कोतपर्व नहुने सम्भावना राकियो ? मेरो चासो यति मात्र हो । तपाईले हामीसँग क्षमा माग्न पर्दैन । तपाईबो परिवारको कुनै दोष छैन । हाम्रो समाज, राष्ट्र र राजयको  संरचना यस्तै छ । जहाँ एउटालाई वञ्चित गरेर मात्र अर्काको प्रगति हुन्छ । हो तपाईले क्षमा माग्नै पर्दैन जानोस । आर्चायले भन्यो । उसको अभिव्यक्तिमा पण्डित बालकृष्णको जस्तै भाषा, तेज र उष्मा प्रकट भएको थियो (पृ. २८४) ।

समाजसुधारको बाटोमा लाग्ने छोरोको कारण देश निकाला हुँदै गर्दा छोरो बालकृष्णप्रति रिसराग वा छोराको कर्मप्रति पश्चतापभन्दा पनि छोरो सही मार्गमा छ भन्ने कुराको प्रमाण नै आचार्यको माथिको अभिव्यक्ति हो । दरबारभित्र राणा भारदारहरू पनि भयरहित जीवन बाँच्न नसकिरहेको अहिलेको अवस्थामा मेरो भोलीको जीवन सुखदायी छ भन्ने मलाई राम्ररी थाहा छ भन्ने आचार्यको अभिव्यक्तिले उनीहरू अझ अप्ठ्यारो र खतरनाक यात्रा वा जीवन भोग्न तयार भएको भाव प्रकट हुनुले यो उनीहरूको सत्यको बाटो हिड्ने पूरा अठोट हो र एक निर्भिकता पनि हो । तत्कालीन राणा शासक र गाँउको आफन्तबाट बारम्बार भएको अपमानले पण्डितको परिवार आफूहरू सत्यको बाटोमा रहेको र एकदिन सत्यको जीत हुने कुरामा निश्चिन्त रहेको भाव शंखधरले प्रकट गरेको कुराबाट प्रष्ट हुन्छ :

‘आचार्यज्यू मलाई छेमा गर्नुहोला । याँहरूको दुखमा सानूभूति देखाउन म आको हुँ । याँहेरू यो अवस्थामा पुग्न मेरो कुनै हात छैन । म त जिन्नगीमा एकचोटी जिम्वालसम्म हुन चाहान्थे । यस्मा तपैंहरूको परिवार सित कुनै प्रतिस्पर्दा थेन । मलाई अन्यथा नसोच्नुहोला । मैले याँहरूको विरुद्ध कुनै छल र परिपन्च गरेको छैन (पृ. २९१) ।

यसरी हेर्दा पनि बालकृष्णको परिवार सबै अधीनस्थ पात्रको रूपमा र बालकृष्णको प्रतिनिधित्व अधीनस्थ वर्गको पहिचान प्रष्ट भएको छ । तसर्थ उपन्यासमा सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक दृष्टिबाट त्यस गाउँको निम्नवर्गका रूपमा बालकृष्णको प्रतितिनधित्व भएको छ र उसका गतिविधि र क्रियाकलापले तत्कालीन राणा शासन र राणा शासकका विरुद्ध आवाज उठाउने वर्गको रूपमा उसको प्रतिनिधित्व तथा पहिचान कायम भएको छ ।

उपन्यासमा सत्य र न्यायको पक्षमा राणाशासनविरुद्धको बालकृष्णको पक्षमा देखिने गरी रामभक्त नेपेटारका दलित, घरपरिवार आदि पात्रहरूको पहिचान सामान्य वर्गका रूपमा देख्न सकिन्छ । समाजमा समानता र न्याय चाहने तथा राणाहरूकोमा चाकडी गर्न नजाने वर्गको प्रतिनिधित्वलाई असामान्य तरिकाले उठाएका छन् । औपचारिक शिक्षामा शास्त्री पास गरेको बाहुनको छोरो सार्की र विधवा नारीको पक्षमा वकालत गर्दै समाजमा शास्त्रका राम्रा सत्य कुरालाई सबैले मान्नु पर्ने र कुनैपनि कुराको भ्रम छरेर सत्ता टिकाउने राणाका विरुद्ध उसको आवाज उठाउनु पर्छ भन्ने चेत भएका पात्रको रूपमा उसलाई लिन सकिन्छ । *सत्यार्थ प्रकाश* पुस्तकको र भारतीय स्वतन्त्र आन्दोलनलाई नजिकबाट देखेर, बुझेर आएको बालकृष्ण कुनै पनि हालतमा नबुझुक्ने र सत्यको पक्षमा जस्तो सुकै परिस्थिति पार गर्न तयार रहेको कुरा माथिको साक्षीले थप प्रष्ट पार्छ ।

राणाशासनको दबदबाले सातोपुत्लो गएका बाहुन क्षेत्री र दलितहरू जसोतसो जिन्दगी चलाएर दैनिकी गुजारी रहेका छन् भने कान्छी दमयन्ति, सुभद्रा र धनवीरे वा भुजेल जस्ता पात्र परम्परा यस्तै छ भनेर मन बुझाएका भए पनि उनीहरू अधीनस्थ पात्रको रूपमा चित्रित छन् र बालकृष्णका परिवर्तनकामी कुराले परिवर्तनलाई मन पराउने पात्रका रूपमा परिवर्तन भएका छन् ।

दुःखपुरवासी मध्ये चक्रधर, शंखधर,रामकृष्ण, जस्ता पात्रहरू कोही चुक्ली गर्ने कोही बालकृष्णका हरेक क्रियाकलाप निस्तेज पार्ने कोही अरूका श्रीमतीसँग नाजायज सम्बन्ध राख्ने कोही बालकृष्णलाई चाकडीमा लगाएर आफ्नो जिम्बाल पद जोगाउने भएकोले यस्ता चरित्रका पात्रलाई प्रभुत्वशाली वर्गका पात्रको रूपमा लिन सकिन्छ । आफ्नो परम्परागत संस्कारलाई निरन्तरता दिँदै नयाँ सोचका युवा वर्गको विद्रोहलाई साथ दिनुको सट्टा दरबारमा नानाथरी झुठो कुराको पोल लगाएर शक्तिमा जान बल गर्ने शंखधर जस्ता पात्रले बालकृष्ण जस्ता सत्यवादी, न्यायीक र क्रान्तिकारी युवाको जोस जागारलाई निरर्थक तुल्याएका छन् । दुःखपुर बासीका वृद्ध पुस्तालगायत युवा र महिला, दलितहरूमा दास मनोवृति भएकोले रामभक्तलाई राजा र राणाहरूलाई भगवान् समान मान्नेहरू राजा वा भगवान्‌सँग निहुँ खोज्नु वा उनीहरूविरुद्ध जानु भनेको आफैले आफ्नो घाटी समाउनु जस्तो हो भन्ने बुझाइरहेको छ । यसले बालकृष्ण जस्ता शिक्षित र योग्य व्यक्तिलाई अघि

बढ्नबाट बारम्बार रोकावट भएको छ । राणाहरूको शक्ति, जिम्बालको दास मनोभावना र युवाहरूमा भएको दास, चाकडी र चुक्ली जस्ता क्रियाकलापले बालकृष्णहरू बारम्बार सकसमा परेका छन् । यस्तो हुँदा शंखधर जस्तो पात्र दरबार छिरेर बालकृष्णको विरोध गर्न शक्तिमा पुगेपछि पक्राउ गरी सर्वस्वहरण सहित देश निकाला गर्न सफल भएको छ । त्यस्तै दरबारको बलमा शंखधरहरू बालकृष्ण दरबार नगएको र राणा श्री ३ चन्द्रसँग प्रश्नोत्तर गरेर गाउँ फर्केपछि दमयन्तिसँग विवाह गरी कूलपूजामा समेत सहभागी हुँदा बालकृष्णको विरोध गर्न तम्सेको शंखधर पुजालाई दुईतिर विभाजन गरेपछि झन् हौसेको छ :

> तर शंखधर ज्यादै लिच्चड मानिस थियो । त्यसैले भन्यो, पढेको धाक नला याँ । हाम्रा पितापुर्खाले गरिआको भलन एस्तै छ । म ज्यान गे पनि तेरी ठन्टीलाई पूजा गर्ने ठाममा जान दिन्नँ । अब ऊ त्याँ जान मेरो गर्दन छिनालेर मात्र सक्छे । त्यसपछि ऊ बाटैमा लम्पसार परेर सुत्यो । त्यो घटनापछि मङ्सिर शुक्ल पूर्णिमा हुने कूलपूजा दुई भागमा बाँडियो । मेरो तर्कसँग सशमत ह्नेहरू नियाली डाँडोमै पूजा गर्ने भए भने शङेखधरका समर्थकहरू भादगाँउ क्षेत्रमा पर्ने नीलवाराहीको व जङ्गलमा भएर पूजा गर्न थाले (पृ. २०७) ।

बालकृष्णले आश्विनीलाई घरमा राखेर शास्त्रस्त्र गराउनु, विधवा दयन्तिसँग विवाह अगाडि नै गर्भवती बनाउनुले पनि विरोधीहरू झन् झन् उत्साही भएका छन् भने चन्द्र शमशेरलगायत दरबारको चाकडीतिर मन दिनेहरू पनि खुसी भएका छन् । जसरी हुन्छ जिम्बाल पद आफूले लिने र रामकृष्ण, रामभक्त, लगायतका व्यक्तिलाई अपदस्थ गरी बालकृष्णको सर्वस्वहरण गरी स परिवार देशनिकाला गराउन सफल भएको पात्र शंखधर दरबारमा झुटो कुरा लगाएर शक्ति र सत्ता प्राप्त गर्ने अत्याचारी पात्र हो भने बालकृष्ण सत्य र न्यायको उद्देश्यमा सफल नभए पनि भोलि त्यो दिन आउने निश्चित छ र सबले डरले मात्रै नबुझे झैं गरेको र अन्तरहृदयमा बालकृष्णको पक्राउ र देशनिकालाप्रति भित्र भित्रै मुरर्मुरिएको भाव उपन्यासमा अभिव्यक्त भएको छ । बालकृष्ण जस्ता पात्रको उठीबास लगाई राणाहरूको चाकडीमा लागेको शंखधर पात्र सफल भएको छ । उता रामभक्तलाई पनि अपदस्थ गरेर बदला लिएको छ, यसरी हेर्दा शंखधरले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेको छ र उसले आफ्नै वर्गप्रति पनि अन्याय  गरेको छ । यसरी हेर्दा चाकडी चाप्लुसीमा लाग्ने व्यक्ति वा समुदायको कुनै पहिचान वा प्रतिनिधित्व हुँदो रहेनछ भन्ने पनि उपन्यासमा

प्रस्ट भएको छ । विष्णुभक्त, रामभक्तहरूलाई राणाले शक्तिबाट बर्खास्त गरेपछि उनीहरू निरिह र अधीनस्थ वर्गमा परिणत भएका छन् भने शंखधरले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरी आफ्नो पहिचान बनाएको छ ।

यसबाट के पनि स्पष्ट हुन्छ भने दुःखपुरबासी मानिसहरू आफैंमा राणाहरूको आँखाको कसिङ्गर बन्दै गएका छन् र त्यहाँ विष्णुभक्त, रामभक्त, शंखधर जस्ता पात्रहरूसामान्तवादी सौँच भएका अवसरवादी अत्याचारी पात्रको पहिचान भएका र विष्णुभक्त, बालकृष्ण, धनविरे, आश्विनी दमयन्ति, सुभद्रा, कान्छी, भोटे कान्छो, जस्ता पात्रहरू वर्गीय रूपमा निम्नवर्ग तथा धार्मिकरूपमा पिछडिएका वर्ग र लैङ्गिक रूपमा पनि प्रतिनिधित्व कायम भएका पात्रका रूपमा प्रतिनिधित्व गर्ने पात्रको रूपमा चित्रित छन् ।

### २.३.३ *प्रेतकल्प* उपन्यासमा जातीय अधीनस्थता र पहिचान

*प्रेतकल्प* उपन्यासमा अधिकांश पात्रहरू ब्राम्हण समुदायका छन् र उनीहरूको सौँच व्यवहार क्रियाकलापबाट अधीनस्थ वर्गको प्रतिनिधित्व दर्शाएका छन् । उपन्यासमा प्रयोग गरिएका दलित समुदायका पात्रहरूबाट अधीनस्थ वर्गको प्रतिनिधित्व भएको छ । धनविरे, आश्विनी लगायतको क्रियाकलापबाट अधीनस्थ भई आफ्नो दैनिकी जीवनमा निरन्तर रोग, शोक, अभाव र भोकमा र अशिक्षामा गरिब दलित समुदायका मानिसको जीवन बितिरहेको देखिन्छ । प्रभुत्वशाली वर्गको सत्ता वा शक्तिबाट थिचिएका, मिचिएका दलित समुदायका अनेक समस्या रहेका छन् । नेपाली समाजमा पहिलेदेखि नै चलनचल्तीमा रहँदै आएको जातीय उच्चनीचको अवस्थाबाट *प्रेतकल्प* उपन्यासको मानव समुदाय पनि पीडित बन्न पुगेको छ । अझ के भन्न सकिन्छ भने दुःखपुर बासीहरू अवसरको खोजीमा रहेका छन् । अधिकांश पात्र मध्ये विष्णुभक्त, शंखधर, चन्द्र शमशेरको चाकडी गर्नेहरूको निम्ति आफ्नो प्रभुत्व, दरिलो, बलियो बनाउन र समुदायको निरिह वर्गमाथि शोषण र दमनको मात्रा बढाउन जातीय सवाल सहयोगी बनेको देखिन्छ । नेपाली समाजको शक्ति संरचनामा उच्च जातिकै मानिसहरू प्रभुत्वशाली वर्गको रूपमा रहनु स्वभाविक भएकोले रामकृष्ण, रामभक्त, विष्णुभक्त र शंखधरहरू प्रतिनिधित्वमा प्रभुत्वशाली वर्गकै पात्रका रूपमा रहनु स्वभाभिक भएकोले विष्णुभक्तहरू स्वभावैले उपल्लो जातिका प्रतिनिधित्व गर्ने व्यक्ति पात्रका रूपमा रहेका छन् । तर पनि उही अधीनस्थ र कोही प्रभुत्वशाली वर्गको रूपमा रहेकोले कुनै एक

जाती प्रभुत्वशाली र कुनै अर्को जाती अधिनस्थ भएको भने उपन्यासमा पाइदैन । अधीनस्थ जाती वा उपल्लो जाती र नीच जाति पनि श्री ३ चन्द्र शमशेरको चाकडीमा लागेको पात्रले सेवकको रूपमा आफ्नो पहिचान बनाएका छन् ।

*प्रेतकल्प* उपन्यासमा जतातत्तै जातीय अधीनस्थतता व्याप्त रहेको छ । नारायण ढकालले जातीय रूपमा विभिन्न जातीको प्रतिनिधित्वसहित पात्रको चित्रण गर्दै तीनवटै वर्गलाई आफ्नो आलोचनाको निसाना बनाएका छन् । ऐतिहासिक घटनाक्रमलाई टिपेर कथालाई गतिशीलता प्रदान गरिएको यस उपन्यासमा ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र जस्ता तत्कालीन समाजको वर्गीकरण गरेका छन् । जातीय समुदायलाई यस उपन्यासमा सानो जात भएकै कारण उत्पीडित हुने, निम्न वर्गीय दलितहरूलाई सीमान्तकृत वर्गमा र बाहुनहरू सामान्तवादी वर्गमा रहेको प्रस्ट देखिन्छ तर पात्र बालकृष्ण राणाहरूको नजरमा उनीहरूको गाथगादी ताक्ने पात्र भएको र गाउँघरमा शिक्षाको ज्योति बाली जनतालाई शिक्षित पारी परिवर्तन र सामाजिक न्यायका लागि लड्न सक्ने बनाउने पात्र भएर शत्रु भएको छ ।

उपन्यासमा राणाहरूको जगजगीमा शिक्षा, स्वास्थ्यलगायत जनताको सामाजिक जीवनमा प्रत्यक्ष प्रभाव पारेको प्रष्ट आएको छ । जातीय विभाजन र त्यसले समाजमा शोषक वर्ग वा उच्च वर्गले निम्न वा तल्लो जातीका मान्छे माथि गर्ने अन्याय अत्याचार, अपमान र दमनका रूपहरूलाई स्पष्ट अभिव्यक्त गरिएको छ ।

*प्रेतकल्प* उपन्यासमा लेखक नारायण ढकालले चन्द्र शमशेर, विष्णुभक्त, शंखधरजस्ता पात्रका माध्यमबाट जातीय उच्चता र निचताका कुरालाई मूल रूपमा देखाउने प्रयास गरेका छन् । विष्णुभक्त शंखधरहरू उच्च जातिका भएकै कारण दलित समुदायसँग उनीहरूको वर्चस्व कायम रहेको छ । जातीय रूपमा विभिन्न शोषणका क्रियाकलापहरू गर्दै आएका छन् । जातीय वा लैङ्गिक रूपमा गरिने दमन शोषणका हिसाबले दुवै उत्तिकै भएका शोषणको शैली मात्र फरक फरक भएको बताउँदै नारायाण ढकाल आफ्नो उपन्यासमा श्री ३ का जिम्बाल मार्फत अभिव्यक्त भएका साक्षीहरूमार्फत् जातीय अधीनस्थतालाई बुझिन्छ ।

धनविरे जस्तापात्रलाई राणादरबारमा बुझाउने कोत नबुझाएबापत् कोर्रा बर्साउने विष्णुभक्त ऊ जति निरिह हुन्छ,, जतिनै कोर्रा वा गाली खाए पनि ऊ उही विष्णुभक्तलाई

भगवान् मानेर चुपचाप छ भने धनविरे जति चुपचाप छ विष्णुभक्त त्यतिनै कोर्रा हान्न उत्साही छ । बालकृष्णले भनेको कुरा धनविरेले हावामा उडाएको छ भने विष्णुभक्तलाई आफ्नो जीवनदाता, भगवान् वा सर्वस्व मान्छ, मानेको छ यसको पछाडि ऊ दलित हुनु हो, जातले सबभन्दा तल्लो जातको हुनु हो । जातीय रूपमा कमजोर, निरिह र निच ठानिएका दलितहरूलाई विष्णुभक्तले निरंकुश जहाँनिया राणा शासकको मखुण्डो लगाएर जातीय, वर्गीय, लैङ्गिक तथा धार्मिक रूपमा अधीनस्थ बनाएर समाज तथा समुदायमा शोषकका रूपमा आफ्नो पहिचान तथा प्रतिनिधित्व बनाएको छ । सामन्ती वर्गका दुवै प्रकारका प्रवृति विष्णुभक्तमा पाइन्छ । आफू शासक भएर होस् वा छोरालाई शासक बनाएर होस् ऊ राणासँग लम्पसार परेर चाकडीमा लागेको छ । जसरी पनि विष्णुभक्त समुदायमा जातीय विभेदको कुप्रथा जोगाएर आफ्नो पहिचान र प्रतिनिधित्व कायम राख्न चाहान्छ । विष्णुभक्तको अभिव्यक्तिमा चित्रण तलको साक्षीमार्फत् स्पष्ट हुन्छ :

> तेल्ले काशी बुझ्यो होला तर नेपाल बुझेको छैन । अनि धनविरे सार्कीको निम्ति तेल्ले के नै गरेको छ मैले जति ? म पनि न्याय पोलेर खाने मान्छे होइन । परार सुख्खा लागो, मैले माराजाबाट माफी बक्साएर ल्याँकै हुँ । पोर त बालीनाली त्यति नराम्रो भको पनि होइन । हिउँद र बर्खा दुबै याममा राम्रो बर्सात भको थ्यो । मेरो अरू चिन्ता होइन । गामको रीतिथिती नबिग्रोस, त्यतित हो (पृ. ३१) ।

माथिको साक्षीबाट विष्णुभक्तमा आफू समाजमा जातीय रूपमा उच्च जातको भएकै कारण जनतालाई दबाउने, हेप्ने, आफ्नो नियम लाद्ने प्रवृति पनि देख्न सकिन्छ । विष्णुभक्तले कोर्रा बर्साएर तह लगाउने प्रक्रियामा विरोध गर्न आएको पण्डित बालकृष्णले गाउँमा दलित समुदायलाई प्रशिक्षण गर्ने वा जातीय रूपमा पछि परेको उत्पीडितवर्गका युवालाई राणा शासन र गाउँका जिम्बाल वर्गका विरुद्ध जनचेतना जगाउने कार्य गरेकाले उसलाई हप्कायने, दबाउने र उपेक्षित गर्ने विष्णुभक्तको शैली तलको साक्षीले प्रष्ट पारेको छ :

> मलाई गाम्मा कसैले औंला उठाउने हिम्मत गरेका छैनन् ऐलेसम्म । एउटा भक्रधरे हे, त्यो पनि कन्नापछाडि पाखुरा सुर्किने हो तर यो पण्डितले आज जे गर्‍यो त्यसबाट कसैलाई राम्रो हुन्न (पृ.३०) ।

जातीय तथा वर्गीय रूपमा आफू शक्तिशाली भएकै कारण शोषकको रणनीति लिएको विष्णुभक्तले धनविरे मात्रै होइन अन्य दलितलाई सजिलै आफ्नो कब्जामा लिन सफल भएका

छन् । विष्णुभक्तको जिम्बाल पद र चन्द्र शमशेरको त्रासदीपूर्ण व्यवहारले दु:खपुरका दलित समुदायका मानिसहरू जातीय विभेदको मारमा परेर पनि बोल्न सकेका छैनन् । दलित समुदायका युवामा शासकहरूले उच्च जातिका मानिसहरूले गरेको व्यवहार अन्याय, दमन, शोषण जस्ता कार्य थाहा पाएर पनि उनीहरू सहेर बस्न बाच्न बाध्य भएका छन् । नेपाली समाजको जातीय व्यवस्था अत्यन्तै क्रुर र हिंसात्मक रहेको प्रसंग आश्विनीको जीवन व्यथाले प्रस्ट पारेको छ । तत्कालीन नेपाली समाजमा दलित हुनु भनेको समाजमा सबै सबै अवसर अधिकारविहीन हुनु र सबैभन्दा दु:खी मात्रै होइन अघिल्लो जुनीको अपराधले हुनु परेको तल्लो जातको हुनु हो भने दलितले माथिल्लो जातको कुनै पनि कुराको विरोध गर्न हुँदैन भन्ने हनुमाने जस्तो लाउन खान नपाएको पात्रको अभिव्यक्तिले समाजले दलितलाई मान्छे हुनबाट पनि बञ्चित गरेको छ । जिम्बालको गाइ मर्दा सिनो खाने जातको रूपमा नेपेटारका सार्कीलाई प्रस्तुत गरिनु पनि यहाँ जातीय विभेद वा तत्कालीन परिस्थितिको प्रस्तुत छर्लङ्ग परिनु नै हो :

> बाहिर आँगनमा अउनसाथ कैली पछारियो तुरुन्तै जिब्रो टोक्यो । घरमा एकछिन रुवावासी मच्चियो । दिउँसो नेपेटारका सार्कीहरू आए र त्यो गाईलाई बाँसको लामालामा नोलमा झुण्ड्याएर लगे । त्यसको भोलीपल्टदेखि दु:खपुरमा हैजाको प्रकोप देखियो । यो प्रकोप यसरी विस्तार भयो, दु:खपुरालाई सम्हालिन एक निमेशको छुटपनि भएन  पृ. २२४) ।

यस उपन्यासमम लेखक स्वयम् उच्च वर्गका हरेक हर्कतमाथि विरोधी भएर उपस्थित भएका छन् । उपन्यासमा बालकृष्ण र दमयन्ति बिचको प्रेमलाई पनि नेपाली समाजको विभेदजन्य गलत व्यवस्थाले अत्यधिक प्रभाव पारेको छ । त्यसमा सामान्ति प्रवृतिको कारण विधवा महिलाले प्रेम गर्ने स्वतन्त्रतामाथि आघात परेको छ । उपन्यासमा बारम्बार निम्नवर्गको पात्रले सामन्ती संस्कारका विरूद्ध जुध्न नसकेको निरिहताप्रति पनि आलोचना गरिएको छ ।

नारायण ढकालले यस उपन्यासमा दलित वा निम्न वर्गका मानिसहरूको पहिचान र प्रतिनिधित्व कायम राख्न नसकेको भनी अभिव्यक्त गराएका छन् । सामान्तवादको विरुद्ध एकजुट भएर निम्नवर्ग संघर्ष गर्न नसक्नुले वा उपन्यासमा आएका पीडित पात्रहरू आआफ्नो स्वार्थमा लाग्लाने र बोल्ने पात्रको सहयोग वा खुलेर ठिक हो पनि भन्न नसक्नुले

पुरातनवादी संस्कारलाई त्याग्न नसक्नुले बालकृष्ण जस्ता पात्रको सर्वस्व हरण भएको छ । विष्णुभक्त, रामकृष्ण र शंखधरहरू बालकृष्णले देखाएको बाटोमा हिँड्न नसक्नु, उच्च वर्गलाई राजा महाराजा वा दुखीहरूका, दलितहरूका जीवनदाता ठानी न्याय र सत्यको बाटोलाई समर्थन नगरी अझ दमन तिर लाग्नु चुक्ली र चाप्लुसीद्वारा चाकडीको दौडमा लाग्नुले समाज परिवर्तनको मुद्धालाई बेवास्ता गरी राणाको चाकडी गरेर ऐस आराम र शक्ति प्रदर्शन गर्न हतारिएको, चन्द्र शमशेरको भक्तिगान गाएर जिम्बाल पद पाउन लागि पर्नु, गाउँको झुटो कुरा दरबारमा लगाएर पद पाउन लालयत शंखधर नै गाउँको अभिशाप बनेको छ भने विष्णुभक्तले पनि जिम्बाल हुँदा पनि तल्लो जात वा निम्न वर्गका मानिसलाई दरबारीया शक्ति देखाएर दबाउन नै मस्त र व्यस्त थिए । रामकृष्ण भुजेल कान्छोकोमा गएर दमयन्तिलाई गाली गरेको प्रसंग, आश्विनीलाई बालकृष्णले ब्रतबन्ध गराइदिएको प्रसंग होस् वा दलितलाई सिनो खाने जातका रूपमा पलाएको प्रसंगमा दलितमाथि अन्याय भएको छ ।

यस्तै कूलपुजामा सहभागी भएका बालकृष्ण स्वयम्माथि पनि अन्याय भएको छ । सत्ता र शक्तिको लोभमा परी आफ्नो वर्ग वा समुदायको हितविपरीत चाकडी चुक्लीमा लागि गाउँलेलाई नै डरमर्दो वातावरणमा राख्ने शंखधरले अन्तत रामभक्तलाई बर्खास्त गर्नु, बालकृष्णलाई झुटो आरोप लगाएर सर्जस्वहरणसहित देश निकाला गर्ने जस्ता कार्यले सर्वहारा वर्गले त्यस स्थानमा आफ्नो पहिचान र प्रतिनिधित्व कायम राख्न नसकेको लेखकले औंल्याउन खोजेका छन् । विष्णुभक्तहरूले परम्परावादी धारणा अवसरवादी चेत नै दलित वा दुःखपुरबासीहरू पनि आफ्नो पहिचान र प्रतिनिधित्व अन्य जातिका तुलनामा पुर्‍याउन सकेका छैनन् । आफ्नो पहिचान र प्रतिनिधित्व नहुनुमा दलितहरूले थाहा नपाउनु राणाहरूले प्रतिनिधी र विश्वासिलो पात्र बनेको उच्च जातिका पात्रहरू पनि कुनै अधीनस्थ वर्गमा र कुनै प्रभुत्वशाली वर्गमा आफ्नो पहिचान र प्रतिनिधित्व कायम राख्नु यस उपन्यासको पहिचानगत कमजोरी रहेको छ ।

उपन्यासमा नारायण ढकालले रामकृष्ण, विष्णुभक्त, बालकृष्ण, रामभक्त जस्ता पात्रका माध्यमबाट जातीय उचता र जातीय निचताका कुरालाई मूल रूपमा देखाउने प्रयास गरेका छन् । बालकृष्ण उच्च जातिका भएकै कारण उनीहरूमा दलितमाथि हैकम जमाउने स्वभाव रहेको छ भने बालकृष्ण उच्च जाति कै भएको कारण सार्की जातको बालक आश्विनी उर्फ हनुमानेलाई घरमा ल्याएर राखेबापत बदनामी खप्नु परेको परिस्थितिमा छन् भने उता दमयन्तिसँग प्रेमसम्बन्धपछि वैवाहिक बन्धनमा बाधिएकै कारण

उनी सर्वस्वहरणसहित देश निकाला हुनुपरेको घटनाले पनि यहाँ जातीयताको प्रसंगमा दलित वा उच्च निच जातको वर्चस्व कायम भएको छ । जातीय रूपमा विभिन्न शोषणका कामहरू हुँदै आएका छन् । जातीय वा लैङ्गिक रूपमा गरिने दमन र शोषणका हिसाबले उत्तिकै भएका र शोषणको शैली मात्र फरक भएको भन्न सकिन्छ ।

माथिको साक्षीबाट जातीय रूपमा कमजोर ठानिएका दलित समुदायका मानिसलाई विष्णुभक्तले राणाको निरंकुशताको मकुण्डो लगाएर जातीय वर्गीय, लैङ्गिक तथा धार्मिक रूपमा अधीनस्थ बनाएर समाजमा तथा समुदायमा सामन्तका रूपमा आफ्नो पहिचान तथा प्रतिनिधित्व बनाएको छ । यस उपन्यासमा आफ्नो पद जोगाउन गरिएको चाकडी वा आफूले सर्वस्व पाउने कारण बालकृष्णका हजुरबा भएर मात्र उनी बालकृष्णप्रति नरम र स्वभाविक व्यवहार गर्न बाध्य भएको भाव प्रस्ट आएको छ ।

*प्रेतकल्प* उपन्यासमा नारायण ढकालले तत्कालीन समाजमा प्रभाव पारेको अवस्थाको सचित्र वर्णन गरेका छन् । दुःखपुरबासी समुदायमा भएको सचेतनामा आफ्नै वर्गका पात्रहरूले समर्थन गर्नु नसक्नुले दुःखपुरबासीको सर्वनाश भएको छ । नेतृत्ववर्ग वा वर्गीय रूपमा उत्पीडित वर्ग छिन्नभिन्न भएर एक्लिएको छ । निम्नवर्ग वा कथित निम्न जातिका मानिसहरू एकजुट हुन नसक्नु नै यस उपन्यासमा जातिय मुक्तिको कमजोरी पक्ष उपन्यासमा औल्याएको छ भने मध्यमवर्गीय पक्षको संघर्ष नभई व्यक्तिगत स्वार्थ पूरा गर्न अभिप्रेरित भएका छन् भने बालकृष्ण जातीय, वर्गीय र लैङ्गिक रूपमा अधीनस्थ वर्गको पक्षमा रहेर पनि एक्लो भएको छ । मध्यम वर्गका र बालकृष्णका समकक्षी रामभक्त, शंखधरहरू व्यक्तिगत प्रतिरोधको भावनाले प्रेरित छन् भने रामभक्त सबै यथार्थ बुझेर पनि श्री ३ को आदेश टार्न नसक्ने र मनमनै चाकडीमा लाग्न ऊ अवसरको खोजीमा रहेका पात्रको रूपमा प्रस्तुत भएको छ । पछि परेको वर्गलाई डाल बनाई श्री ३ को अगाडी आफू र आफ्नु बफादारी प्रमाणित गर्न तयार विष्णुभक्त र शंखधर जस्ता पात्रका आफ्नो उद्देश्य प्राप्तिमा पुग्न मात्र पनि पुरै गाउँलाई अन्याय गर्न लालायित शंखधरले अझ बालकृष्णको हरेक कदमलाई सही र उपयुक्त छ भनी प्रमाणित गरेको छ ।

यसरी राणा शासनकालको अवस्थामा अझ श्री ३ चन्द्र शमशेर जबराको पालामा गाउँघरतिर वा काठमाडौं उपत्यका भित्रैको एउटा बस्ती दुःखपुरमा गाउँमा शिक्षाको माध्यमबाट समाजसेवामा जुट्न, समाजिक न्याय र समाज सुधारको काम गर्ने अभियान चलाउन खोज्ने बालकृष्ण उपन्यासको अन्त्यतिर पुग्दा सर्वस्वहरणसहित देश निकाला हुन

पुगेको घटनाको वर्णन भएको छ । यस उपन्यासमा जातीय तथा वर्गीय चेतनाको जुरर्मुराहट सुरु भएर पनि एकजुट हुन नसकेको अवस्थाको यथार्थ चित्रण गरिएको छ । आर्थिक असमानता, शासकीय निरंकुशता, श्रमको शोषण बालविवाह भएको राज्यको नाममा निमुखा दलित र निम्न वर्गीय समुदाय माथिको आर्थिक शोषणको प्रवृति भएको यस उपन्यासमा जातीय रूपमा अत्यन्त क्रुर अवस्थाको चित्रण पाउन सकिन्छ ।

### २.३.४ *प्रेतकल्प* उपन्यासमा लैङ्गिक अधीनस्थता र पहिचान

नेपाली समाज पराम्परादेखि नै पितृसत्तात्मक परिवारिक ढाँचामा रहेको छ । पितृसत्तात्मक पारिवारिक ढाँचा रहेको हरेक समाजमा महिलाहरू पुरुषवर्गका अधीनस्थ बनाइएका हुन्छन् । *प्रेतकल्प* उपन्यासमा वर्णन गरिएको पात्रहरूमा नारी पात्रको अवस्था पनि यस वास्तविकता भन्दा फरक देखिँदैन । नेपाली समाजको शक्ति संरचना धनीले गरिबलाई, माथिल्लो जातले तल्लो जातलाई, पुरुषद्वारा महिलालाई दबाइएको देखिन्छ । जुनसुकै वर्ग र जातीयताभित्र पनि महिलाको अवस्था भएर बाँचिरहेका हुन्छन् । गरिब होस् वा कथित तल्लो जात होस् वा माथिल्लो जात त्याँहा वा सबै स्थानमा पुरुष जातिले महिलामाथि हैकम जमाएको देख्न सकिन्छ । पुरुष भन्ने बितिकै जस्तोसुकै परिस्थितिमा शासक हुने र महिलाचाहिँ शाषित हुने नेपाली समाजको परम्परा पाइन्छ । नेपाली समाजमा महिलाहरू दोहोरो, तेहेरो उत्पीडनका सिकार भई आफ्नो अस्तित्व नै स्थापित नभएको परिस्थितिबाट अस्तित्व विहीन भएर जीवन भोग्न बाध्य भएका हुन्छन् र यस *प्रेतकल्प* उपन्यासमा नारी पात्रको उपस्थितिले पनि यो कुरा प्रस्ट भएको देखिन्छ :

म लोग्नेमान्छे पनि हुँ । यो कुलटा बिधुवीको भन्दा पैले मेरै जोत्नुपर्छ जाडे । शंखधरले कोधित भएर भन्यो । पृ. १२५ प्रस्तुत उपन्यास *प्रेतकल्पमा* मन्दोदरी, कान्छी, दमयन्ति, सुभद्रा, पार्वती, जगदम्बा, मनमायालगायतका नारीपात्रहरूको रूपमा उपन्यासमा चित्रित छन् । उनीहरू प्रतिनिधित्व पुरुष शासित निरीह, पात्रका रूपमा रहेको छ । घरको काम, घाँसदाउरा मेलापात, छोराछोरी हुर्काउनु, घरको हरेक सदस्यको खानपानको व्यवस्था मिलाउनु, लुगाधुनु, पानी पधँरो गर्नु सबै कार्य महिलाले जिम्मेबारी आफ्नो काँधमा लिनु अथवा पराइ घरबाट हुने हेला अपमान र गाली खानु, पेटभरी खान नपाउनु समाजको तिरस्कार, उत्पीडन सहनु, पुरुष वा आफुभन्दा माथिल्लो वर्गको यौन हिंसा सहनु महिलाको जीवनको डरलाग्दो शृङ्खला बनेको पाइन्छ । प्रत्येक महिला घरभित्र वा बाहिर पुरुष अधीनस्थतालाई स्वीकार गरेर बाँचेका छन् । यो नै उसको नारी हुनुको मुख्य पहिचान

बनेको छ । पुरुषपात्र सरह स्वतन्त्र र मानवीय पहिचानका साथ कुनै पनि नारीले शीर ठाडो गरेर बाच्न पाएका छैनन् । यस अवस्थामा घरघरमा दोस्रो दर्जाको नागरिकका रूपमा जीवन भोग्न बाध्य नारी पात्रको पहिचान झन्झन् बडी विद्रुप एवम् विकृत र कहाली लाग्दो देखिनु स्वाभाविक हुन गएको छ । छोरीका रूपमा, बुहारीको रूपमा, आमाको रूपमा वा श्रीमतीका रूपमा प्रस्तुत गरे पनि महिला सधैँ पुरुषबाट अधीनस्थ भएको सत्य छ । बाल विवाह विधवा विवाह वा अनमेल विवाह सँगै धर्म संस्कृतिले पनि नारीलाई विभेद गरेको छ । यस्तै विभेदमा आधारित सामाजिक सांस्कृतिक संरचनामा महिलावर्गको पहिचान एक एक भोग्य वस्तु वा पुरुषको दासीको रूपमा रहेको पाइन्छ भन्ने *प्रेतकल्प* उपन्यासमा वर्णित दुःखपुरको समुदायका महिलाको पहिचान रहेको छ ।

पुरुष जस्तै नारीपनि समाजका अभिन्न अङ्ग हुन् । *प्रेतकल्प* उपन्यासमा पनि समाजमा नारीको आफ्नै भूमिका अवश्य रहेको छ । हिन्दुधर्मालम्बी समाजका पुरुष प्रायः बरालिने वा घरको काम नगर्ने बाहिर मात्रै डुलिरहने गफ्फीने चियाा चुरोट, गाजाको अम्मली गर्ने वा तास, बाघचल, जुवा अझ माध्यपानतिर लाग्ने खालका हुन्छन् । केही काम नभए दिनभर जोगीको पछि लागेर दिन बिताउने बालकृष्णका बुवाको जस्तो दैनिकीलाई लिन सकिन्छ :

> तेरा बाको के कुरा गरम् र ? कैलेइ समयमा घर आउँदैनन् । गाँजा र जोगी पाएसि उनलाई कोई चाहिन्न । पशपति गका होलान नि ? जाने बेलाँ याँ जाने भनेर भन्या भे पो ।
>
> एकादशी त भोलि हो क्यार ।

कस्तो कुरा नबुझेको तैले ? तेरा बालाई पशुपति जान एकादशी नै कुर्नुपर्छ र ? हरिद्वारबाट यौटा गँजडी स्वामी आका छन रे । किराँतेसोरमा बस्या छन् भन्थे । अचेल एक मैनादेखि तेरा बा दिनउ त्याँ जान थाल्या छन् भन्ने सुन्छु । घरबार सपै मैले आफ्नो थाप्लाले जुरुक्कै बोक्देपछि उनलाई त के भो र ? फाँटको साँढेझैं डुले भैगो । बस्तुभाउ, खेतिपाती, जानपरिवार किन हेर्नुपरो र ? (पृ. १७) ।

पुरुष स्वतन्त्र हुने त्यही समाजमा नारीलाई कुनैपनि स्वतन्त्रता पाइँदैन । महिलाहरू बिहान सबैभन्दा छिटो उठेर घर गोठको धन्दा गर्ने र बेलुका पनि राती अबेलासम्म उनीहरू नै सुत्छन् । घर गोठ वस्तुभाउ कुडोपानीदेखि मेलापात, गाउँघर छरछिमेक निम्तो मात्र होइन मन्दिर पूजा व्रत पूजा पुराणसम्म महिलाले नै भ्याउनु पर्ने देखिन्छ । तर सबै

सम्पतिमा भने पुरुषको एकलौटी अधिकार रहेको देखिन्छ । यस उपन्यासमा मन्दोदरी, सुभद्रा, दमयन्ति, कान्छी जस्ता नारी पात्रहरू पुरुषबाट अधीनस्थ रहेका छन् ।

बाल विवाह गर्न तयार कान्छी, विधवा नारी दमयन्ति र विधवा नारी सुभद्राको जीवन अत्यन्त कठीन र व्यस्त भएर बितेको छ । सानै उमेरमा घर गोठको सम्पूर्ण कामको जिम्मा कान्छी कै रहेको छ । अझ भनौ घर बाहिरको सम्पूर्ण काम कान्छीको काँधमा भएको प्रसङ्ग तलको साक्ष्यबाट प्रस्ट हुन्छ :

> उमेर सानो भए पनि छोरी भएर जन्मेपछि यो सब काम छोरी कै जिम्मा रहेको छ । सगैंमा छोरा भएर जन्मेको बालकृष्ण लाई पढाउन काशीसम्म लगिएको छ भने घरमा आउँदा पनि उसको कुनै घरयासी जिम्मेवारी देखिँदैन भने नौ वर्षकी कान्छीको विहेको कुरा पनि चलेको छ । महिनावरी हुनु अगावै कान्छीको कन्यादान गरेर स्वर्गको बाटो पाइन्छ भन्ने धार्मिक विश्वासको कुराले पनि समाजमा राम्रो गरी जरा गाडेको छ । हिन्दु धर्मले छोरीलाई कुनै प्रयोजनका लागि मालिकले जता मन लाग्यो त्यतै प्रयोग गर्न छुट भएको परम्परा रहेको पाइन्छ । जसले नारीलाई अधीनस्थ वर्गका रूपमा प्रतिनिधित्व र पहिचान गराउँदछ ।

*प्रेतकल्प* उपन्यासमा प्रस्तुत भएका वा प्रयोग गरिएका महिलापात्रहरू समाजमा जरो गाडेको पितृसत्ताबाट शासित भएका छन् । छोरी, बुहारी, आमा जुन रूपमा प्रस्तुत भए पनि यहाँ पितृसत्ता नै मालिक र उनीहरू दासको रूपमा प्रस्तुत भएका छन् । सभ्रान्त वर्गका महिला घरबाट बाहिर निस्कदैनन् उनीहरू घरभित्रैको काम, भान्साको काम घर सफा गर्ने जस्ता काममा व्यस्त रहन्छन् बालकृष्णकी आमा, मन्दोदरी उसको एक उदाहरण हुन् । उनी खाना पकाउनेभन्दा अरू कुनैपनि काममा बाहिर निस्केको प्रसंग उपन्यासमा आएको छैन । श्रीमान् बिरामी हुँदा हेरचाह गर्न व्यस्त रामकृष्णकी श्रीमती महालक्ष्मीको प्रसङ्गले पनि महिलालाई सेवकककक रूपमा मात्रै प्रस्ततु गरिएको प्रस्ट रहेको छ । यसले छोरा र छोरीमा विभेद प्रस्ट पनि पारेको छ । गाउँघरको हरेक क्रियाकलापमा हेपिनु नारीहरूको बाध्यताले निर्माण गरेको बानी थियो । महिलाले समाजबाहिर निस्कनु नै अपराध मान्ने समाजिक दृष्टिकोणलाई तलको साक्ष्यले प्रमाणित गरेको छ :

आइमाइ भेर यति जान्नेसुन्ने भएको मलाई, राम्रो लागेन है (पृ. २३१) । दमयन्ति र कान्छीले गाउँमा हैजाको महामारी फैलेर भटाभट मानिसहरू मरिरहेको समयमा बिरामीको सेवामा जुटेका देखेर कुरा काट्ने परम्परावादी नारी विरोधी वा नारीलाई घरभित्रको वस्तु

मान्नेहरूले गरेको त्यस्तो तर्कले समाजको प्रवृतिको प्रतिनिधित्व गर्दछ । महिलाहरू पुरुषद्धारा परिचालन हुने साधनको रूपमा रहेको समाजमा पण्डित बालकृष्णको शिक्षाले प्रभावित भएर सेवामा रहेका मलिाहरूलाई हेयको दृष्टिले हेर्ने पात्रहरूको बाहुल्य रहेको यो समाजको यथार्थता माथिको साक्षीबाट छर्लङ्ग भएको छ ।

खाजा लिएर गएकी चनमतिमाथि हातपात गर्ने रामजी जस्ता पुरुष पात्रको विरोध गरी त्यही समाजमा शिखण्डी जस्ता साझा पुरुष भएका श्रीमतीहरू गलातार गर्भधान भएर छोराछोरी जन्माउन विवश भएको प्रसंगले तत्कालीन समाजको विद्रुप रूपलाई प्रस्ट बनाएको छ । कूलपूजामा दमयन्तिलाई अघि लगाएर गएको बालकृष्णमाथि आवाज नउठी दमयन्तिको विषयमा मात्रै आवाज उठ्नुले पनि नारीको स्थितिको बारे प्रस्ट हुन्छ । समाजको परम्पराले छोरा शासक र छोरी शासितको रूपमा हेरेको र जस्तो सुकै परिस्थितिमा पनि महिला दास वा उत्पीडित वर्गमै रहेको छर्लङ्ग हुन्छ ।

यसरी *प्रेतकल्प* उपन्यासमा नारीपात्रलाई सामाजिक, धार्मिक र सांस्कृतिक सबै कोणबाट हेर्दा समाजमा नारीहरूको भूमिका प्रमुख रहेको, छोराले कन्दा छोरीले घरको जिम्मेवारी राम्रो गरी पूरा गरेको साथै परम्परागत पेसालाई छोरीहरूले वा नारीले नै सजिलो गरी अपनाएको भए पनि धामी झाक्री वा देवतालाई मान्ने र धर्मकर्मलाई पूर्ण रूपमा स्वीकार गर्ने निरीह निमुखा पात्रका रूपमा नारीको प्रतिनिधित्व र पहिचान रहेको विभिन्न पात्रहरूको भूमिका, सन्दर्भ, पक्ष र विभिन्न परिस्थितिले प्रस्ट भएको छ ।

## २.४ *हजार माइलको बाटो* उपन्यासमा प्रतिनिधित्त्व र पहिचान

*हजार माइलको बाटो* उपन्यासमा नेपालको इतिहासमा घटेका राजनीतिक घटनाक्रम त्यसमा पनि कम्युनिष्ट आन्दोलनका दुई शिखर संस्थाहरूको आरोह अवरोहको पृष्ठभूमिका सेरोफेरोमा समेटिएको छ । तत्कालीन शासन व्यवस्था सामाजिक तथा सांस्कृतिक रहनसहन, राजनीतिक परिवेश र तीसँग मिल्ने चरित्रको पर्दाफास यस उपन्यासमा भएको छ । यस उपन्यासमा एकैघरका दुईचरित्र नरेन्द्रनाथ र धिरेन्द्रबिचको सम्बन्ध र त्यसबाट उत्पन्न विभिन्न बदलिँदो राजनीतिक तथा पारिवारिक परिवेशलाई प्रस्ट रूपमा अभिव्यक्त गरिएको छ ।

### २.४.१ प्रभुत्वशाली वर्गको प्रतिनिधित्व र पहिचान

*हजार माइलको बाटो* उपन्यासमा प्रयोग भएका पात्रहरूमध्ये नरेन्द्रनाथका बाबु जिम्बाल गजेन्द्रनातका छोरा हुन् । उनको इज्जत प्रतिष्ठा र शक्तिका कारण उनी सधैँ चर्चामा रहेका थिए भन्नेकुरा छोरो नरेन्द्रको भनाइबाट प्रस्ट रहेको छ । पारिवारिक रूपमा घटेका विभिन्न घटनाहरूले बाबु छोरालाई दुश्मनको रूपमा प्रस्तुत गरेको छ । बाबुकै कारण ऊ विभिन्न असामान्य गतिविधिमा संलग्नता देखिन्छ । तर जे होस् शक्ति र शत्ताको प्रयोग र त्यसलाई हत्याउने प्रवृति नै खास प्रवृति नरेन्द्रनाथको रहेको छ । उनी राम्रोसँग परिवारको हेरचाह र ख्याल राख्ने अभिभावक जस्ता पनि देन्छिन् भने धन सम्पत्ति धेरै भएकै कारण घरको श्रीमतीभन्दा अन्यसँग यौनसम्बन्ध रहेको पनि देखिन्छ । यस उपन्यासमा प्रभुत्वशाली वर्गका रूपमा नरेन्द्रनाथ, वसन्तराज गजेन्द्रनाथ जस्ता पात्रको चरित्र प्रस्तुत भएको छ । साथै उपन्यासमा सांस्कृतिक दृष्टिले प्रभुत्वशाली वर्गको प्रतिनिधित्व यिनै पात्रहरूले गरेका छन् । यस्ता पात्रहरूले यस उपन्यासमा शक्ति सत्ता र समयलाई हातमा लिएर आफ्नो हैकमलाई स्थापित गरेका छन् । आफ्नो चरित्रकै कारण सत्ता र शक्तिको आडमा अधीनस्थ वर्गमाथि यिनीहरूको हैकम लादिएको छ । औपन्यासिक संरचनाभित्र प्रभुत्वाशाली वर्गको भूमिका निर्वाह गर्ने पात्रको प्रतिनिधित्व र पहिचानलाई विभिन्न साक्षी सहित उल्लेख गरिन्छ :

**(१) नरेन्द्रनाथ**

नरेन्द्रनाथ यस उपन्यासको प्रमुख गतिशील पात्र हुन् । उपन्यासमा वर्णन भएको अधिकांश समाज काठमाडौँको काठको छ । नरेन्द्रनाथ पञ्चायती समयका प्रधानपञ्चको रूपमा चित्रित छन् । शासन सत्ता ढलेपछि अर्को व्यवस्थातिर ढल्किहाल्ने यिनको स्वभाव हेर्दा उनी शासकीय चरित्र र रवाफ देखाउने चरित्रका रूपमा देखिएका छन् । राजनितिक परिवर्तनमा अग्रपंक्तिमा उभिन पुग्ने नरेन्द्रनाथ माओवादी आन्दोलनमा उनलाई एक हत्यारा र अपराधीका रूपमा आधार इलाकाको कठघारामा उभ्याइएका पात्र हुन् । उनलाई आफ्नै श्रीमतीको हत्यारो भनी उनको आफ्नै छोरोले आरोप लगाएको छ । अपराधी र धन दौलतको रवाफ देखाएर आफ्नो मनोमानी गर्ने एक पञ्चका रूपमा यिनलाई देखाइएको छ । धन सम्पत्तिको रवाफमा उनले घरमा समेत विदेशी टायल ओछ्याएर बनाएको प्रसङ्गले पुष्टि गर्छ । यिनमा घरगृहस्थीको घमण्ड पनि देखिन्छ । शिक्षालगायतका क्षेत्रमा आफ्नो एकल अधिकार भएको कुरा उनले घरमै स्कुल खोलेर छोरोको पढाइ शरु गरेकोबाट प्रस्ट हुन आउँछ :

> त्यो समारोह स्कुल उद्घाटनका उपलक्ष्यमा गरिएको थियो । शिक्षा विभागका डाइरेक्टर मुख्य पाहुना थिए । खाजामा मासु-चिउरा खुवाउन भनेर चारवटा खसी ढालिएका थिए । नयाँ घरअगाडि बारीका पाटामा एउटा खड्खड्कुँलामा आलु-केराउको अचार र अर्को खड्कुँलोमा चनाको तरकारी तयार पारिएको थियो । भक्तपुरको जुजुधौ ल्याइएको थियो । नरेन्द्रनाथ पछिसम्म भनिरहन्थे' त्यस दिन आउनेहरुले च्याँख तोड्ने गरी डकार्दै मासु-चिउरा, दही -चिउरा र चनाको तरकारी खाए ! एक मुरी टिकनीको चिउराले नपुर अर्को पाँच पाथी 'झिकाउनुउ पर्‍या थ्यो। झण्डै एउटा बिहेभोजजत्रो पोभ'को थ्यो ( पृ ८५) ।

ठुलो भोज गरेर काम गरेकोमा उनी खुसीले माथिको प्रसङ्ग निकालेका छन् ।

अरूसँग नडराउने स्वभावका थिए नरेन्द्रनाथ । छोरालाई महँगो विद्यालयमा पढाउन चाहने उनले राजाका भक्त हिन्दुधर्मप्रति विश्वास देखाएका छन् । छोरो भनेको पनि उनका लागि विशेष महत्वको देखिन्छ ।

पैसा व्याजमा लगाएर समाजलाई आर्थिक काबुमा राख्ने पात्रका रूपमा पनि उनलाई उपन्यासमा चिन्न सकिन्छ । छोरो गाजा खाएको फेला परेको छ । रेस्टिकेट भएर घरमा आउँदा पनि नरेन्द्रनाथ शक्ति कै आडमा विद्यालयबाट मार्कसिट ल्याएर अर्को स्कुलमा भर्ना गर्न सफल भएका छन् । घरमा श्रीमती छोरा छोरी भएर पनि घरबाहिर अर्की केटिसँग उनको नाजायज सम्बन्ध रहेको छ । छोरो धिरेन्द्रले उनकी प्रमिकालाई भेटेर आएको प्रसंगले उनमा पछि छोरोप्रति रिस उठेको छ । छोरोले गरेको काम थाहा पाएर नरेन्द्रनाथ जङ्गिदै छोराको हात समाएर बारीका उँटामा लगेर झाको झरेको छ ।

> तैले जे देखिस र बुझिस् त्यो पूर्ण सत्य हो । त्यो मेरो सामान्य गल्ति होला अपराध भने हैन । ठूलो भएपछि मात्र तँ जीवनका यस्ता जटिलता बुझ्छस् । मैले चाहें भने म उसलाई कान्छी स्वास्नी बनार जुनसुकै बेला भित्र्याउन सक्छु । कानुन, नैतिकता र तेरी सानीआमाले चुँसम्म नगरी म यहाँ भित्र्याउन सक्छु । तर म त्यसो गर्दिनँ । जिन्दगी ज्यूने मेरा आफ्नै नियम र आर्दश छन् । त्यसैले बुझ् मलाई बदनाम गर्ने बाटोमा नलाग् । राम्ररी पढ् । ठूलो मानिस बन् । तेरो जिन्दगी नितान्त तेरो मात्र हो, अरुको हैन आफ्नो जिन्दगीको हिफाजत आफैं गर । म तेरो शत्रु हैन तेरो भलो चिताउने बाउ हुँ । मैले भन्नु थति हो (पृ. ११५) ।

माथिको साक्षीले नरेन्द्रनाथको व्यक्तित्व कस्तो थियो भन्ने प्रस्ट हुन्छ । छोरा धिरेन्द्रले बाउले सहरमा केटी राखेको थाहा पाएको कुरा नरेन्द्रनाथले थाहा पाउँछन् र छोरो घर आएको बेलामा यसरी सात्तो खान्छन् र काबुमा राख्छन् । उनको जीवनमाथि कसैले प्रश्न गर्न पाउँदैन तर अरूको उनले भनेको बाटोमा लाग्नु पर्छ भन्ने हैकमवादी चरित्र यस साक्षीले पुष्टि गरेको छ । उनी आफू दुई दुई पटक प्रधानपञ्च भएर शासन गरेको र छोरो भएर बाबुको कुरा काट्ने जन्मदिने बाबुलाई हेप्ने जस्तो भावमा उनले छोराको सात्तो खाएकोले उनको स्वभाव दम्भी र घमण्डी पात्रको रूपमा लिन सकिन्छ । राजा मर्दा बेहोस हुने र महेन्द्रको गुणगान गाँउनुले उनी पञ्चायतका सच्चा भक्त थिए भन्ने प्रमाणित हुन्छ :

> त्यस अवधिमा उनी हरपल महेन्द्रको गुणगानमा लिप्त रहे । बारम्बार भनिरहन्थे, "श्री ५ महेन्द्र धेरै राम्रा राजा होइबक्सिन्थ्यो । मौसूफको शासनकालमा नेपाली राष्ट्रियता बलियो भयो । देशको विकासको जग पनि मौसूफले हालिबक्सेको हो । मौसूफ मेरा बा पछिका बा होइबक्सिन्थ्यो । मौसूफको असामयिक अवसानले विकास र सुधारका मद्दाहरू काँचै रहने भए । म टुहुरो भए" (पृ. ९०) ।

जातीय विभेद विरुद्ध उग्ररूपमा देखापर्ने र आफू बाबु भएकोमा हरेक कुरामा निर्णय लिन पाउनु पर्छ भनेर हक जमाए । उनी कडा शासकका रूपमा प्रस्तुत भएका छन् । उनको स्वभाव पञ्चको जस्तै छ । आफ्नै छोरोसँग राजाको बारे समाज विकासबारे छलफल गर्दा उनी सबैभन्दा बढी छोरासँग झोक्किएका थिए । स्कुलको विषयमा जातीयताको विषयलाई लिएर उब्जिएको विवाद बढेर अन्तमा बाबु छोरामा केन्द्रित भएको थियो । स्कुलमा तल्लो जातका विद्यार्थी र माथ्लो जातका विद्यार्थी एकै स्थानमा बस्न पाउनुपर्छ भन्ने धीरेन्द्र थिए भने यसको विरोधमा उनमा बा नरेन्द्रनाथ उभिएका थिए । राजाको र कानुनका कुरा पनि घमसान रूपमा आएका छन् । वादविवादले चर्को रूप लिएपछि कमलाले भनेको प्रसंगलाई साक्षीको रूपमा यहा प्रस्तुत गरिन्छ : बढ्ता नकराउनोस तपैं ! गाउँको मुख्य मान्छे भएर यस्तो केटाकेटी छोरासँग बाझ्न लाज लाग्दैन ? यसले के नै भन्या छ र ? घरघरमा जातभात चले पनि स्कुलमा त चल्न भएन नी ! स्कुल त अर्कै ठाँउ हो नी ! पृ. ९६ भूमिसुधारको नाममा जनतासँग पैसा उठाएर आफ्नो` नाममा बैंकमा जम्मा गर्ने एक नम्बरका पञ्चे शासकका रूपमा पनि यो साक्षीको प्रमाणित गर्छ ( पृ. १२५) ।

यसरी नरेन्द्रनाथलाई एक हठी राजावादी पञ्चको रूपमा लिन सकिन्छ । जनालाई परिवर्तन गरे पनि आफ्नै बलबुताले होस् भन्ने अन्तरमा रहेकाले देखिन्छ छोरोलाई खुकुरीभन्दा कर्दलाग्ने भन्दै धीरेन्द्रलाई उनले थर्काएका छन् । तसर्थ उनको प्रतिनिधित्व एक प्रभुत्वशाली वर्गका रूपमा पहिचान रहेको छ ।

उनको व्यवहारिक रूपमा पनि घरबाहिर अर्को केटी राखी आएका र छोराले थाहा पाएपछि सम्पत्ति दिएर त्यो केटीलाई तराईतिर लखेटेको कुराले पनि यिनको भ्रष्टमति छर्लङ्ग भएको छ । धन शक्ति र शत्तालाई हरेक परिवर्तित समाजमा हत्याउने र बराबर दाजेर काम गर्ने आफ्नो दम्भलाई घट्न नदिने चरित्र छोराको एस. एल. सी. पासको भव्य भोजलाई लिन सकिन्छ (पृ १२५) ।

शासकीय स्वरुप यौनप्यास मेट्नको लागि वा ऐस आराम भोगविलाशमा डुबेको उनका गतिविधिबाट प्रमाणित हुन्छ । ध्रुबे र उनकी श्रीमती दुःख पाएर साहारा खोज्दै हिँडेको बेलामा अत्यन्त राम्री सुन्तलीलाई देखेर मोहित भई लोभी आँखा लगाउँदै बाहुनी जस्तै राम्री भन्नुले यिनको महिलाप्रतिको कुरूप नजरलाई उदाङ्गो पारेर देखाइएको छ ।

आफ्नु छोरो आफूपछि हिडोस् भन्ने आसयले पनि उनमा बाबुको भन्दा शासकको स्वरूपलाई प्रष्ट पारेको छ । उनको ध्रुर्बे र सुन्तलीको जीवनलाई तहसनहस पार्ने र आफ्नो इज्जत जोगाउन अरूको बर्बादीको वास्ता नगर्ने पात्रका रूपमा नरेन्द्रनाथको चरित्र प्रस्तुत भएको छ । ध्रुर्बेको जीवन जेलमा सडाएर सुन्तलीको कोखबाट आफूसँग मिल्ने अनुहारको छोरो जन्मेपछि श्रीमतीसँग बारम्बार झगडा भएको पीरले सुन्तलीलाई साना साना लालाबालासहित घरबाट निकालेर सुकुम्बासी बस्तीमा राख्नुले उनको शक्तिको प्रदर्शन गरेको छ । नजिकको समाजबाट अलिपरको समाजमा लगेर सुन्तलीलाई राखेर उनी निर्धक्क बनेका छन् । शक्तिका लागि जता पनि दौडिन सक्ने नरेन्द्रनाथ परिवर्तनको संवाहक बन्न खोजेका छन् । प्रधानपञ्च, गा. वि. स. अध्यक्ष हुँदै माओवादी आन्दोलनतिर पनि सरिक हुनुले पनि उनको अवसरवादी सोँच र बिनासत्ता रहन नसक्ने चरित्र पनि हो ।

> तर प्रेम र युद्धमा झैँ राजनीतिमा समेत जे पनि हुने रहेछ । नरेन्द्रनाथले माओवादतिरको यात्रा रोजिसकेका रहेछन् । छ्यालिस सालपछि सोच्दै नसोचेको उनी एमालेमा गएका थिए । अब फेरी माओवादीतिर । उनले आफ्नो राजनीतिक जीवनमा कति जिम्न्यास्टिक गर्न सकेका (पृ. २११) ।

देख्नेहरूले नरेन्द्र पञ्च थिए र कसरी बाम भए भनेर सशङ्कित नजरले हेरेका छन् । उनी सत्ताका लागि जस्तो बन्न र जे गर्न पनि तयार रहेका छन् । भूमिगत पार्टीको कार्यक्रममा सहभागी भएको लगतै एमालेको समस्यता नवीकरण गर्नुले उनको दोहोरो चरित्र प्रस्ट भएको छ र आन्दोलनमा सहभागी छोराहरूले बदलासहित माओवादी आन्दोलनलाई गा. वि. स. अध्यक्ष र एक अपराधीको नामबाट रू पाँच लाखसम्म चन्दा माग्दा उसले नदिने राय व्यक्त गरेको छन् । नरेन्द्रनाथले गर्दा ध्रुबेको घर बर्वाद भएको छ । परिवारसँग बस्न पाएको छैन । लालाबाला छाडेर ऊ परदेशमा कमाउन गएको तर ऊ जेल परेको छ झुटो केशमा फसेको ध्रुबेको सबैभन्दा ठूलो शत्रुको रूपमा नरेन्द्रनाथ प्रस्तुत भएको छ ।

आन्दोलनमा सहभागी यिनका छोराहरूले पार्टीलाई फोर्स गरेर नरेन्द्रनाथ उपर कार्वाहीको लागि कार्यदल गठन गरी ५/५ वटा अपराध गरेको प्रमाणित गरि रु. पाँच लाख चन्दा र लिखित स्पष्टीकरण पेश गर्न आन्दोलनकारीको आधार शिविरको हिरासतमा राखेका छन् । तर अपहरण शैलीमा शीविर पुऱ्याइएका नरेन्द्रनाथ आफैं म युद्धमा आउन तयार थिएँ भन्ने अभिव्यक्त गर्छन् । नरेन्द्रनाथले पार्टीमा लिखित स्पष्टीकरणले शसक्त शासक र एक चलाख व्यक्तिका रूपमा चित्रित छन् ।

## २.४.२ अधीनस्थ वर्गको प्रतिनिधित्व र पहिचान

*हजार माइलको बाटो* उपन्यासमा काठमाडौँको विशेष प्रतिनिधि गाँउ आनन्दपुरको सेरोफेरोदेखि सिन्धुपाल्चोक सम्मको भौगोलिक तथा सामाजिक, सांस्कृतिक परिवेशमा संरचित छ । यस उपन्यासका प्रयोग गरिएका अधिकांश पात्रहरूको जीवनशैली, व्यवहार र अन्य क्रियाकलापले अधीनस्थ वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा धीरेन्द्र, दिलबहादुर, ध्रुबे, सुन्तली जस्ता पात्रहरूलाई लिन सकिन्छ ।

### धीरेन्द्र

धीरेन्द्र कै बाबु नरेन्द्रनाथ, गजेन्द्र नाथ वा वसन्तराज जस्ता पात्रहरू प्रभुत्वशाली वर्गको पात्रका रूपमा रहेका छन् । नरेन्द्रनाथ जस्ता पात्रबाट अधीनस्थ भई आफ्नो दैनिक जीवनमा निरन्तर रोग भोक र विभिन्न अभावमा बितिरहेको देखिन्छ । सत्ता र शक्तिबाट डराएका दबिएका यहाँका बासिन्दा वा घर परिवारको मनोज्ञिान नै विकृत र पुर्वाग्रही बनेको छ । व्यवहारिक रूपमा वा सामाजिक रूपमा परेका समस्याहरूलाई सही तरिकाले बुझ्न र बुझाउन नसकेर पनि पात्रहरू अधीनस्थ बनेका छन् । प्रारम्भदेखि नै रहेको कुरालाई

एकातर्फीबाट मात्रै बुझ्नुले झन्झन् समस्यातिर धकेलेको पाइन्छ । समस्याहरू यहाँ एकाघरमा बढी रहेको छ । भोलिभोलि प्रमाणसहित लड्ने भन्दा भन्दै अधीनस्थ पात्र अलपत्र परेका छन् । यसैकारण पात्रहरूको प्रतिनिधित्व र पहिचानको आयाम पनि फरक फरक सामाजिक सांस्कृतिक व्यवस्थाका कारण भिन्नभिन्न रहेका छन् । समाजका सामाजिक, सांस्कृतिक,धार्मिक प्रचलनहरू र त्यसैमा आधारित भई भूमिका निर्वाह गर्ने पात्रका अवस्थालाई हेर्दा उपन्यासमा जातीय, धार्मिक, एवम् लैङ्गिक अधीनस्थताका केन्द्रमा रही पात्रहरूको प्रतिनिधित्व र पहिचानको अवस्थालाई हेर्न सकिन्छ । सत्ता परिवर्तन र अन्यायका विरुद्धको राजनैतिक युद्ध र यसले निम्त्याएको परिस्थितिले गर्दा यहाँका पात्रमा बिस्तारै विश्वास र सम्मान हराएको पनि देखिन्छ । यस उपन्यासको अधीनस्थ पात्र धीरेन्द्रलाई बाल्यकालदेखि आफ्नो बाबुप्रति बदलाभाव जागेको छ । उपन्यासको विषयवस्तुले पनि शङ्का नै शङ्का पैदा गरेको छ । आमाको आत्माहत्यालाई उसले हत्या हो भनेर मनमा लिएको छ :

> बाको अनुहार जतिजति कालो र उदास हुदैं गयो, उसलाई लाग्यो बालाई आमाको हत्याको विषयले पोलिरहेको छ । अपराध गरेपछि मानिसको आत्माको नूर गिर्छ । उसको ठम्याइमा बा अचेल त्यस्तै अवस्थामा छन् । बा जतिजति हताश देखिए ऊ उनीप्रति उतिउति शङ्कालु बन्दै गयो । अब उसलाई पक्का भयो बा उसलाई कालो इतिहासको त्यो कुरूप यथार्थबाट टाढा राख्न चाहन्छन् (पृ ३४) ।

माथिको साक्षीमा रहेको धिरेन्द्रको बाल मनोविज्ञान जस्तो लाग्छ, उसले कुनै पनि क्रियाकलापमा बालाई विश्वास गर्दैन । धीरेन्द्र गाँजा खाएर स्कुलबाट निकालिएको छ । स्कुल पढ्दा बाबुको नराम्रा गतिविधिलाई थाहा पाएको धीरेन्द्र बाबुलाई हराउन पाए भन्ने कुरामा ऊ खुसी छ । सत्ता र शक्तिमा र रहेका बाबुबाट बारम्बार आफू हेपिएको र बाबु चाहीँ आनन्दले जीवन जीइरहेका छन् भन्ने कुराले धीरेन्द्र एकखालको विद्रोही भएको छ । ऊ समाजमा भएको थिचोमिचो चाहँदैन । आफ्नै बाबाट भएको गलतकुराको प्रमाणसहित ऊ लड्न तयार देखिन्छ :

> उनीहरू केही बेर बसे । उनीहरूको जासूसी अभियानले पूर्ण सफलता प्राप्त गरेको थियो । पहिले पढेका जासूसी उपन्यासले यति बुद्धि दिए भन्ने लाग्यो धीरेन्द्रलाई ।

> नरेन्द्रनाथकी महिला मित्र धीरेन्द्रको कुराले यति पग्लिन् कि, उनी मिठाई किन्न जान्छु भनी उठिन् । तर, उसले उनलाई रोक्दै भन्यो, "भो पर्दैन, अन्टी । हामी भोकै छैनौं । हामीले खाजा खाइसक्या छौँ" (पृ. ५६) ।

माथिको साक्षीले धीरेन्द्र धेरै कुराबाट पिडीत छ । बसँग बदलाको भावपनि ऊसँग देखिन्छ । बालाई हराउन जरूरीभएको ऊ एकपछि अर्को बाको गल्ती खोज्छ तर ऊ सफल हुन सक्दैन र उसमा विद्रोहको ज्वाला दन्किन्छ । हरेक ठाँउमा बा गल्ती गरेका र असर नपरेको कुराले ऊ झस्किन्छ :

> सिन्धुपाल्चोकमा जनसरकार घोषणा गर्न आयोजना गरिएको सभामा नरेन्द्रनाथ अतिथि बनेर मञ्चमा बस्न पुगेका थिए । उनलाई आनन्दपुर गाउँ विकास समिति निवर्तमान अध्यक्ष तथा युद्धप्रति सकारात्मक एमाले भनेर उद्घोषकले बोलाउँदा श्रोता, दर्शक कार्यकर्ता र समर्थकहरूले एक मिनेटसम्म ताली बजाएर स्वागत गरेका थिए (पृ. ७५) ।

पञ्चायती व्यवस्था ढलेपछि गा.वि.स. अध्यक्षमा पनि अत्यधिक मतले धीरेन्द्रकै बाले चुनाव जितेको र अझ माओवादी युद्धले चारैतिर आतङ्क मच्चाएको बेला उनको गाविसमा जनसरकार घोषणा सभामा अतिथिको रूपमा आशन ग्रहण गरेको देखेर तर्सेको धीरेन्द्र भित्री रूपमा आन्दोलनमा सरिक भइसकेको छ । ऊ परिवर्तन र न्यायका लागि आन्दोलनमा लागेको हो । शिक्षक भएर आराम गर्दा पनि ऊ आफ्नो पेशाप्रति प्रतिबद्ध र इमान्दारी थियो । यस उसले धीरेन्द्र एक  पीडित र विद्रोही पात्रका रूपमा प्रस्तुत भएको छ । अपराधी भएर समाजमा झन्झन् मान सम्मान पाएका बालाई देखेर ऊ भित्रभित्रै गुम्सिएको छ ।

एमाले-माले विघटन र निराशाको त्यस क्षणमा नरेन्द्रनाथले आफ्नो राजनीतिक सत्ताको भविष्य माओवादीमा देखेपछि धीरेन्द्रको 'स्व' नराम्रोसित भड्कियो । स्पष्ट भन्नुपर्छ- ठूलाघरे अधिकारी परिवारमा दुई प्रतिद्वन्द्वी शिविर थिए । एक पक्षमा नरेन्द्रनाथ, सानीआमा, दुई भाइ र दुई बुहारी थिए । अर्को पक्षमा धीरेन्द्र र उसकी मरेकी आमा थिए । यी दुई शिविरमाझको शीतयुद्धमा धीरेन्द्र केही समय ओइलाएको थियो । तर, अब ऊ जाग्नुपर्छ र जसरी भए पनि उसका बालाई माओवादी पार्टीमा पुग्न नदिन छेकबार तेर्स्याउर्नपर्छ । यो अन्तिम युद्ध हो; आ-आफ्नो ठाउँमा डटौं । तसर्थ पनि शरेक परिस्थितिमा अन्यायका लागि लड्न तयार छन् धीरेन्द्र ।

### २.४.२.१ जातीय अधीनस्थता र पहिचान

नारायण ढकालको उपन्यास *हजार माइलको बाटो*मा काठमाडौँ वरिपरिकै कुनै वस्तीलाई आनन्दपुर नाम दिएर ढकालले उपन्यास रचना गरेका छन् । यस उपन्यासमा पञ्चायती व्यवस्था र पञ्चहरूको क्रियाकलाप, बहुदलीय व्यवस्था र नेताहरूको वैचारिक स्थिति तथा ठूला राजनीतिक दल र भयङ्कर त्याग र बलिदान सहितको राजनीतिक आन्दोलनको यथार्थता प्रस्तुत भएको छ । यस उपन्यासमा पञ्चहरूको एकलौटी दबदबामा जातीय आधारमा हुने गरेको दमन, शोषण, अन्याय तथा अत्याचारलाई यथार्थ रूपमा अभिव्यक्त गरिएको छ । काठमाडौँ उपत्यकाको उत्तरपूर्वमा अवस्थित सहरको रहन सहन, भाषा संस्कार तथा संस्कृतिका विभिन्न पक्षलाई पनि उपन्यासले यथार्थताका साथ उजागर गरेको छ । नेपाली समाजमा जातीय उचनीच तथा भेदभावको अवस्था अझै पनि आन्तरिक रूपमा रहेको पाइन्छ भने यस उपन्यासमा त डरलाग्दो परिस्थितिमा जातीय रूपमा तल्लो जाति भनिनेहरूको अवस्था रहेको छ । उपन्यासमा हुनेखाने वर्गले हुँदा खाने वर्गमाथि आफ्नो प्रभुत्व कायम राख्न समाजका गरिब दुःखीमाथि शोषण र दमन फैलाउने जातीय पक्षलाई मूल औजारका रूपमा प्रयोग गरेको पाइन्छ । आनन्दपुरको समाज तथा समुदायको शक्ति संरचनामा उच्च जातिकै मानिसहरू प्रभुत्वशाली वर्गको रूपमा रहनु स्वाभाविक भएकोले यस उपन्यासमा सामन्ती चरित्र भएका पात्र स्वभावैले उपल्लो जातको प्रतिनिधित्व गर्ने पात्रका रूपमा रहेका छन् भने उपल्लो जाति शासक जातिका रूपमा र नीच जाति शासित जातिको रूपमा रहेका छन् ।

*हजार माइलको बाटो* उपन्यासमा उच्च जातिकै भनेर चिनेर पात्रहरूको पनि आफ्नो स्वतन्त्रता र स्वाभिमान सहित प्रतिनिधित्व भए देखिन्छ । उनीहरूमा उच्च वर्गकै घमण्ड र सत्ताको प्रयोगकर्ता आफै भएकोले उनीहरूले कथित तल्लो जातका मानिसलाई मानिसको दर्जामा राखेको पाइँदैन । अछुत भनेर चिनिएका पात्रहरूको सामाजिक, आर्थिक एवं अस्तित्वगत पहिचान कमजोर देखिन्छ । उपन्यासमा धीरेन्द्र नरेन्द्रनाथ एकै घरका बावु छोरा हुन् । नरेन्द्रनाथ पञ्च भएकोले यिनको धाक रवाफ गतिलो खालको रहेको छ । आफ्नो घरमा दुःख पारिए घरबाट उठीबास भएर आएको ध्रुवे कामी र सुन्तलीलाई उसले सबभन्दा बढी पीडित र दुःखी बनाएको छ । घरमा बास दिए जस्तो गरेर उसले ध्रुवेको पारिवारिक खुसी खोसेको छ । सुरुमै सुन्तलीलाई देखेर उसले र्‍याल काढेको छ । श्रीमतीसँगै हुँदा पनि उसले उसलाई कामिनी भए पनि बाहुनी जस्तै रहिछ भनेर समर्थन भाव व्यक्त गर्दा श्रीमती

रिसाएकोले ऊ गलत नियतले सुन्तलीलाई राम्री र बाहुनी जस्ती देखेको छ भन्ने भनाई यस उदाहरणले पुष्टि गर्छ : कामीको कोखमा जन्म्या भए पनि ध्रुवे र सुन्तली बाहुन जातकै जस्ता छन् हगि ? नरेन्द्रनाथ पनि उनीहरूको आगमनमा खुशी देखिउका थिए (पृ. १८५) । यसरी नरेन्द्रनाथ दलित भन्नेवित्तिकै हेर्दा नराम्रो अनुहार भएका हुन्छन् भने हेपाइपूर्ण भावहरू अभिव्यक्तिमा रहेको छ भने, अर्कोतिर ऊ सुन्तलीतिर आकर्षित भएको छ । जातिकै आधारमा सार्वजनिक स्थानमा समेत अपहेलना गर्ने, उसले छोएमा सुनपानी छर्किने र चोखिने संस्कृतिले दलितलाई पशुभन्दा तल्लो स्थानको बुझेको छ । पञ्चहरूको हैकमी शासन जे गरे पनि स्वीकार गर्नुपर्ने छ । घर परिवारको सत्यानाश हुँदा सम्म ध्रुवे चुँ सम्म बोलका छैनन् ।

> "यता आ'को बाद मालू भो- याँ परिवारमा पनि बेहालेवेहाल । भुराभुरहिरू लडाई अर्न हिँडैछन् । सुन्तली पनि हड्डी नै हड्डीकी मात्र भ को रैच । तपैंका बा फेरी हाम्रो बास उखेल्न हात चोए । लाएका रैछन । क्यै दिनअघि पुलिस आर धम्की द्योः तुरुन्तै यो ठाम छोड् भन्यो । अव यो बुढेसकालाँ काँ पो जाने होला ।" (पृ. २२९ )

यसरी पञ्चहरूले मन लाग्यो बस भनेर आदेश दिने र मन नलागे राज्यको शक्ति लगाएर उठीबास लगाउन पनि पछि नपर्नुले दलितको घर के घर, श्रीमती पनि दलितले मेरी भन्न पाएका छैनन् । पुलीस प्रशासन पनि उनै उपल्लो जातिको आदेश पालना गर्छन् र दलितको उछितो काड्छन् । यसरी प्रभुत्वशाली वर्गले अधीनस्थ बनाएको दलित वर्गको आफ्नो केही छैन । सुन्तलीको रूपमा आकर्षित भएको नरेन्द्रनाथले अन्ततः सुन्तलीको बैंस, उमेर र अवस्थाको फाइदा लिएको छ । घरबार उठीबास लागेर पर्वतदेखि काठमाडौं आएका ध्रुवे र सुन्तली नरेन्द्रनाथमा शरणमा बसेका छन् र यसैको उसले फाइदा लिएको छ । जब सुन्तलीको कोखबाट जन्मेको बच्चा ठ्याक्कै नरेन्द्रनाथ जस्तो देखिन्छ अनि यो विषय बाहिरिन्छ तर दलित र गरिब भएकै कारण सुन्तली ध्रुवे मौन छन् । सुन्तलीको आफ्नै जिन्दगी छैन । नरेन्द्रनाथको घर बसेका उनीहरू नरेन्द्रनाथकै अनुहार गरेको छोरो दिलबहादुर जन्मेपछि सुकुम्बासी टोलमा धपाइएका छन् । ध्रुवे कमाउन भारत गएको, विभिन्न मुद्दा लागेर घर आउन नसक्ने भएको छ । घर आउँदा उसले जे देख्यो उसलाई अचम्म लागेको छ । उ विदेशी भूमिमा पनि दलितकै दर्जामा छ, उत्पीडित भएर जीवनयापन गऱ्यो झुठो मुद्दा खेपेर जेल नेल भोगेर फर्केको छ । यता सुन्तली पनि

नरेन्द्रनाथ जस्ताको पासोमा परेर अर्कै जस्ती भएकी छे, ऊ किन नचिनिने भएकी भन्ने प्रसङ्ग पनि छ । ऊ धेरै राम्री थिई अहिले उमेर पनि डबल बढेको जस्तो अनुहार र काखमा छोरा छोरी र उनको दुःखले सुकुम्बासी बस्तिकी सुन्तली एकदम फरक भएकी छे :

> अहिलेकी सुन्तलीसँग पुरानी सुन्तलीको क्यै मिल्दैन । उमेरकै हिसाबले पनि त्यो सताइस-अठाइसभन्दा नाघ्न नपर्ने, तर अलिकी झण्डै पैतीस-चालीसजतिकी देखिन्छ । उसका फटिछक जस्ता दाँत थिए; अहिले धेरै दाँत झरिसक्या छन् । मलाई थाद छ, उसको नाकको फुली कति सुहाउने खालको थ्यो । त्यो अहिले केही मिल्दैन (पृ. १८१) ।

सुन्तलीको जिन्दगीलाई नहसनहस गराउने पञ्च नै हुन्, किनभने सुन्तलीको कोखबाट जन्मेको बच्चो ठ्याक्कै पञ्च नरेन्द्रनाथ जस्तो छ । यसरी हेर्दा सामान्य देखिने तर भोगेको जीवन साच्चिकै कहाली लाग्दो छ । *हजार माइलको बाटो* उपन्यासमा जातीय रूपमा गरिएको भेदभाव मात्र होइन उनीहरूको शरीरमाथि पनि अरूको अधिकार हुनुले जातीय रूपमा अधीनस्थ हुनु भनेको समाजमा मानिस भएर होइन कुकुर सरह पनि नहुन हो भन्ने कुरा यस साक्षीबाट प्रष्ट हुन्छ ।

> 'कुकुर बाहुनको घरभित्र पस्छ । तर दमाई, सार्की कामी मानिस भएर पनि बाहुनको घरभित्र पसन पाउँदैनन् । बिरालोले बाहुन-क्षेत्रीका घरको कुँडेको दूध चोर्छ र जुठो हाल्छ । त्यो दुध हामी धीत नमानी खान्छौँ । तर दमाइ कामी, सार्कीलाई, छोएपछि सुनपानीको छिटो हाल्छौँ । दमाइले लुगा सिउँछ र हामी त्यो लगाएर भलादमी बन्छौँ । सार्कीले जुत्ता सिउँछ र त्यो जुत्ता लगाएर हाम्रो मानभाउ बढ्छ । कामीले खन्ने, जोत्ने, काट्ने हतियार बनाउँछ र ती औजारको प्रयोगले अन्नबाली फल्छ । अन्नबाली फलेपछि हामी ढिडो, भात, च्याँख्ला जस्ता खानेकुरा तयार पार्छौँ र हाम्रो शरीर हृष्टपुष्ट हुन्छ; हाम्रो बुद्धि बढ्छ । तर, हामी समाजका यी महत्वपूर्ण समुदायलाई हेला गर्छौं कहाँसम्म भने, त्यो बेला सरस्वतीको मन्दिर भनिने हाम्रो स्कूलसम्म पनि आइसकेको रैछ । यहाँ दमार्य, कामी, सार्की एकातिर र अरु उकातिर वस्ने व्यवस्था राखिएको रेछ (पृ. ९४) ।

यसरी यस उपन्यासमा हेर्दा दलित वा अधीनस्थ जाति हुनु भनेको मान्छे हुनु हो भन्नेसम्म देखिएन । कुकुर बिरालोलाई बरू अलि सम्मान छ भने मान्छे कुकुर विरालोको दर्जामा सम्म

आएन । यसरी हेर्दा मान्छे भएर समाजमा दलित जातिहरू पशुभन्दा पनि हेपिएको दबिएको जिन्दगी बाँचिरहेका छन् । यो अवस्था डरलाग्दो सामाजिक अवस्था हो । जातीय अधीनस्थता र त्यसबाट सिर्जित डरलाग्दो अवस्थाबाट जातीय पहिचान निर्माण भएको छ । जातीय विभेद, सामाजिक संरचनामा उच्च जातिको प्रभुत्व र त्यसको अधीनमा रहेको तल्लो जातको अस्तित्वविहीन अस्तित्व यहाँ देख्न सकिन्छ । जातीय रूपमा अधीनस्थ रहेको वर्गको पहिचान दयनीय छ । *हजार माइलको बाटो* उपन्यासमा नारीलाई भोग्यको सामान जस्तो मानिएको छ भने पुरुष भनेको शासक र उच्चताको रूपमा लिएको संकेत पाइन्छ । यस उपन्यासमा नरेन्द्रनाथ पञ्चको केटी साथी जो पुरुषको अधीनमा परेर लाचार भएर स्वविवेक स्वनिर्णयबाट वञ्चित भएकी छ र अन्तत उही अपराधी पुरुषले जे भन्छ, त्यही मान्न विवश छे । यसरी हेर्दा महिला र दलित पात्रहरू नै जातीय रूपमा अधीनस्थ देखिन्छ र यी पात्रहरूको पहिचान त्यही रूपमा भएको पाइन्छ ।

### २.४.२.२ वर्गीय अधीनस्थता र पहिचान

*हजार माइलको बाटो* उपन्यासमा प्रस्तुत भएका पात्र भूगोल र परिवेशले सम्पूर्ण रूपमा राजनीतिक चेतको अभिव्यक्त गरेको छ । समाजमा तया समुदायमा जहिल्यै दुई वर्ग रहन्छन् । एक हुनेखाने वर्ग र हुँदाखाने वर्ग । यसरी एउटा हैकमशाली वर्गले शासन वा शक्तिबाट सधैँ थिचेर राखेको, समाजमा थिचोमिचो अन्याय अत्याचार, शोषण दमन सहने वर्ग हुँदा खाने वर्गका रूपमा चिन्न सकिन्छ । *हजार माइलको बाटो* उपन्यासमा आएका पात्रहरूको अवस्था अलि फरक देखिन्छ । यहाँ गरिबीलाई आफ्नो कर्मको फल वा भाग्यको खेल मानेका छन् भने, यस उपन्यासमा वर्गीय रूपका देखि समस्त समाजको विभेद नष्ट गरी नयाँ नेपाल निर्माणको आन्दोलन पनि भएको छ । उपन्यासमा राणा पञ्चहरूको हैकमवादी शासनकाल र उनीहरूको समाजमा रहेको प्रमुखमा धीरेन्द्र, सावित्री, मीठाराम, माहिली दिदी, कमला, सुन्तली, ध्रुवे, दिल बहादुर, व्रजेशहरू पनि यो व्यवस्थाका मालिकहरूबाट अधीनस्थ पारिएका छन् । बाल्यकालदेखि आमाको मृत्यबाट भयग्रस्त जीवन बाचेको धीरेन्द्र यो समाजको बौद्धिक व्यक्तित्व पनि हो । आमाको मृत्यपछि उसले बासँग बदला लिन विभिन्न परिस्थिति निम्त्याएको छ । बाप्रतिको घृणालाई सत्यतामा उतार्न वा बाको कमजोरी स-प्रमाण भेटेर बालाई जिते अब म ठूलो भन्ने प्रसङ्गमा हेर्दा ऊ धेरै दमित थियो भन्ने भाव अभिव्यक्त भएको छ :

> जति जति उसको चेतना बढ्दै गयो ऊ आफ्नो बासित त्यसैत्यसै टाढा हुँदै जान थाल्यो । जब उसले पटक पटक सुनयो, आमाको अवसानमा बाको हात छ, त्यसपछि उसको मन नजानिदो किसिमले भाँडिन थाल्यो । विस्तारै समय र परिस्थितिले कोल्टे फेर्दै गयो । उसको दिमागमा आमा सावित्री अधिकारीको हत्याको सन्देह र त्यस विरुद्ध बदलाको भावनाको जग बस्ने वातावरण बन्यो (पृ. १४) ।

यसरी मनभित्र धेरै कुराको बोध भए पनि ऊ बाहिर भने फरक क्रियाकलापमा लाग्छ, सकेसम्म प्रमाण आफैँसँग होस् र बालाई हराउनु भन्ने उसको दिमागमा बारम्बार आएको छ । पात्र नरेन्द्रनाथ सत्ताप्रति हुरूक्क हुने पत्र हुन्, धन दौलत र राजनीतिक सत्ताप्रतिको उनको रवाफ र लगाव धेरै छ । यिनले समाजमा आफ्नो हैकम चलाएका छन् । पुर्खाली शासक यिनीहरू राणाकालदेखि पञ्चायती शासनकाल हुँदै बहुदलीय व्यवस्थामा पनि आफ्नो रवाफ कायम नै राखेका छन् । गाउँमा त के आफ्नै श्रीमतीको मृत्यु वा आत्माहत्याको रहस्य यिनले गर्भमा राख्न सक्षम भएका छन्, गाउँभरि पैसा खर्च गरेर चुनाव जित्ने यी जस्ता पात्रबाट सिङ्गो आनन्दपुर अधीनस्थ बनेको छ । राजनीतिक आन्दोलनले तिनै गरिब सोझा र निम्नवर्गका व्यक्तिहरू मारमा परेका छन् । प्रहरी, प्रशासन जेल फेरि उनीहरूको भागमा परेको कुरा यसरी आएको छ :

> एक दिन ध्रुवे विश्वकर्मा र सुन्तलीलाई चेक जाँचका सिपाहीहरूले अभद्र व्यवहार गरे । उनीहरू अस्पताल जान हिँडेका थिए । उनीहरूका छोराछोरीका विषयमा रिपोट परिसकेको रहेछ । उनीहरूलाई सैनिक भ्यानमा राखेर आँखामा पट्टी बाँधी अज्ञात स्थलतिर लगियो । अन्धकार कोठामा लगेर लगभग अठचालिस घण्टा केरकार गरेपछि ध्रुर्वेलाई हरेक दिन भैंसीडोलको सैनिक शिविरमा तारिखमा आउने कागज गराएर मात्र छाडियो (पृ. २३२) ।

यस्तो अवस्था रहेको समाजमा जनतामाथि बन्दुकको भरमा शासन टिकाउने शासकले दमन नै गर्नुपर्ने अवस्था रहेको देखिन्छ । ध्रुवे कामी र सुन्तली निम्न वर्गको प्रतिनिधित्व गर्ने दुई पात्र हुन् गोपाल कविन्द्र, माया, सवै अधीनस्थे निम्न वर्गका पात्र हुन् । राजनीतिक आन्दोलन, युद्ध र परिवर्तनको युद्धमा होमिनेहरू सबै वर्ग र जातिका निम्ति आफूले ज्यान दिन तयार रहनुपर्छ भन्ने विचार राख्थे । यो विचारलाई प्रष्ट पार्ने एक साक्षी :

> हामी क्रान्तिकारी हौँ । हाम्रो एक मात्र मन्त्र हो अत्याचारलाई समूल निर्मूल गर्नु र सर्वहारा वर्गीय प्रचण्डपथीय न्याय र मानवताको स्थापना गर्नु । यसको निम्ति हामीले पुरानो प्रतिक्रियावादी समाजले बना'का नाता- सम्बन्धहरूबाट माथि उक्लनुपर्छ । हैन भने हामी के को क्रान्तिनकारी ? हामी किन महान र गौरवाली मुक्तियुद्धको कुरा गर्नु (पृ. २४३) ?

माथिको साक्षीबाट के प्रष्ट हुन्छ भने समस्त वर्गीय अधीनस्थ वर्गको मुक्ति आवश्यक छ । समाज दमनले, विभेदले आक्रान्त बनेको छ भन्ने कुरा पनि प्रष्ट हुन्छ ।

### २.४.३ लैङ्गिक अधीनस्थता र पहिचान

नारायण ढकालको उपन्यास *हजार माइलको बाटो*मा प्रस्तुत गरिएको काठमाडौँको उत्तरपूर्वी बस्तिमा नारी पात्रको चरित्र एकदम कमजोर र भोग्य वस्तुको रूपमा गरिएको छ । नेपाली समाज परम्पादेखि नै पितृसत्तात्मक रहेको हुँदा महिलाहरू पुरुष वर्गका अधीनस्थ तुल्याइएका हुन्छन् र जातीय तथा वर्गीय उत्पीडनका साथसाथै उनीहरूले महिला हुनुको नाताले लैङ्गिक उत्पीडनसमेत खपिरहेका हुन्छन् । नेपाली समाजको शक्ति संरचनामा गरिब, उच्च वर्गद्वारा तल्लो जात र पुरुषद्वारा महिला दबाइएको देखिन्छ भने सबै वर्ग, जातीयताभित्र पनि लैङ्गिक अधीनस्थता हुन्छ । र महिलाको अवस्था झन् दयनीय भएको पाइन्छ । हरेक समाजमा वर्ग हुन्छ चाहे त्यहाँ जुनसुकै जाति होस् तसर्थ प्रभुत्वशाली वर्गभित्रै पनि महिला र पुरुषबिच विभेद हुन्छ र त्यो विभेद महिलाका लागि शोषणमूलक रहेको हुन्छ, त्यस्तै निम्नवर्गभित्र पनि महिला र पुरुषबिच विभेद हुन्छ त्यहाँ पनि यो विभेद महिलाका लागि शोषणमूलक रहन्छ । त्यस्तै दलित समुदायमा पनि महिला र पुरुषका बिच विभेद हुन्छ भने यहाँ पनि त्यो विभेद महिलाको लागि शोषणमूलक र दमनकारी हुन्छ । हरेक वर्ग जाति र समुदायमा पुरुष नै हैकमवादी वा प्रभुत्वशाली देखिन्छ भने महिला अधीनस्थ अस्तित्वका साथ बाँचिरहेका हुन्छन् । यसरी नेपाली समाजमा महिलाहरू दोहोरो, तेहेरो उत्पीडनका सिकार भई आस्तित्वविहीन जीवन भोग्न बाध्य भएको, महिलालाई केवल भोग्य साधनको रूपमा मात्र लिने पुरुषवादी सोचलाई यस उपन्यासको यो साक्षीले प्रष्ट पार्न सकिन्छ :

> 'हेर न त छोरा । म कति दिन यसरी लडेर बस्ने ? उहाँले मलाई बिदा गरेर घर पनि नभित्र्याउने रे । पहिला भन्नुभो मेरी स्वास्नी मरी; म विधुर छु । अहिले

भन्नुहुन्छ- मेरो स्वास्नी र छोराहरू छन्, म दोस्रो विहे गर्न सक्दिनँ । आफै न्याय निराफ गर्ने ठाउँमा पुग्या मान्छे, कसरी मुलुकी ऐनलाई लत्याएर विहे गर्ने भन्नुहुन्छ, । हे भगवान मलाई कुन दशाले डुलाएछ ?' उनी रुन थालिन् (पृ. ६३) ।

प्ञ्च नरेन्द्रनाथले शारीरिक रूपमा भोग गरेर छाडेकी यी नारी पात्रको यो बिलौनाले तत्कालीन समाजमा नारीको अवस्था कस्तो थियो भन्ने प्रष्ट हुन्छ । भोलि विहे गरौँला भनेर आजै शरीर सुम्पनु पर्ने यो नेपाली समाजले निर्माण गरेको कुरा हो । तसर्थ पनि नारीहरूमा यो प्रतिवाद छैन कि मेरो शरीर मेरो अधिकार किनकि उनीहरू पुरुषद्वारा शासित र पालित हुन् भन्ने मनोविज्ञान अहिले पनि समाजमा छ । समाजमा राम्री नारी देखेपछि ऱ्याल काढेर पछि लाग्ने र घरपरिवार इज्जत वा बदनामीको सम्म ख्याल नराख्ने नरेन्द्रनाथ जस्ता पात्रबाट तत्कालीन समाजले दलित भनेर परिभाषित गरेको पात्र सुन्तली श्रीमान्सँगे भएर पनि लुटिएकी छे, सहन बाध्य छ । उसले आफ्नो कोखबाट नरेन्द्रनाथ जस्तो छोरो पाएपछि ऊ सबैबाट अपहेलित भएर लखेटिएकी छे । यस तथ्यलाई प्रष्ट पार्ने साक्षी :

'पहिलो गर्भ सुन्तलीले मैबाट बोकेको हो । त्यसबाट छोरो जन्म्यो । पूरै मेरो अनुहारको । सुरुमा उसको अनुहार त्यति स्पष्ट थिएन । तर, केही वर्षपछि त्यस केटाको हुलिया काटीकुटी मेरै जस्तो भएर विकास भयो । यो मेरो जीवनको ठूलो दुर्घटना थियो । जब सुन्तलीको छोराको अनुहार आफूसित मिल्न थाल्यो, मैले नै उसलाई पैसा दिएर हरिहर तीर्थको जोगीटारमा बसाइँ सार्ने वातावरण मिलाएँ । समय समयमा सुन्तलीले ध्रुर्वेतिरबाट दुई छोरी जन्माई । म समयसमयमा गोप्य रूपमा उसलाई खर्च दिइराख्थे, यो कमलालाई थाहा थियो । म उसलाई हरेक दुःखमा सहयोग गर्थें । यो कुरा ध्रुर्वेलाई पनि राम्ररी थाहा थियो । उसलाई कलकत्ता जाने बाटोखर्च पनि मैले नै दिएको हुँ । ध्रुर्वेको कलकत्ता पलायनको मुख्य कारण यही असजिलो प्रेम नै थियो हाम्रो सम्बन्धका विषयमा घरमा कमलासँग झगडा परिरहन्यो (पृ. २७२) ।

माथिको साक्षीमा आर्थिक रूपमा ठूलो अभाव खपिरहेको बेरेजागारीमा पिल्सिएका महिलाहरू आफ्नो ज्यान पाल्नको लागि, बास पाउनको लागि भए पनि समाजले तिरस्कार र आफैँले धिकार्ने कार्य गर्न बाध्य छन् । लैङ्गिक रूपमा पुरुषबाट विभिन्न बाहनामा पीडित भएका छन् । शोषणमा परेका छन् । नेपाली समाजको शक्ति संरचनामा धनीद्वारा गरिब जस्तै पुरुषबाट हरेक महिला दमित छन्, शोषित छन् । महिलाहरूले के गर्ने, कहाँ जाने के

लगाउने वा कस्तो कस्तो क्रियाकलापमा जाने भन्ने कुरा पनि पुरुषले निर्धारण गर्ने गरेको हाम्रो समाजमा महिलाहरूले भनेको नटेरी वा आफूखुसी गर्ने ज्यानसम्म लिन पछि नपर्ने यो समाजको यथार्थताको एक साक्षी :

> ऋषि पञ्चमीको दिन थियो । कुलेश्वरको ऋषि मन्दिरमा महिलाहरू जम्मा भएर पूजाआजा र नाचगान गरिरहेका थिए । म पनि आफ्नो  केही उमेरका साथीहरूसित त्यहाँ ब्रतालुहरू नाचेको हेर्न गएको थिएँ । ठाउँ ठाउँमा झुण्ड झुण्डमा महिलाहरू गानाबजानासहित नृत्यमा मग्न थिए । पुरुषहरू ठेलमठेल गर्दै उनीहरूलाई जिस्क्याउँथे । त्यस्तै एक झुण्डमा मेरी पत्नीलाई पनि नाचिरहेको देखें । मलाई अरुका स्वास्नीहरू नाच्दा मनोरञ्जन भइरहेको थियो । तर आफ्नै पत्नी सावित्रीले नाँचेको सहन सकिन । मैले सारा मानिसको अगाडि उनलाई जगल्ट्याएँ र भुइँमा पछारेँ । लातैलात्ताले भक्कुरेँ । उनी रुँदै उठिन् । त्यसपछि मैले उनलाई तथानाम गाली गर्दै घरतिर ल्याएँ (पृ. २६७) ।

माथिको साक्षीबाट महिला र पुरुषको सामाजिक, सांस्कृतिक तथा पारिवारिक इज्जत कस्तो थियो भन्ने प्रश्न हुन्छ । सामान्य स्थानमा नाँचेको बाहनामा सावित्रीले ज्यानै फालेकी छिन् भने सबै मान्छेको अगाडि शारीरिक यातना पाएकी छे यो समाजको मनोविज्ञानको कारण हो । अरूका श्रीमती हेरेर मनोरञ्जन लिने अपराधी यौन दुराचारी पुरूष उसको लोग्ने उसको शासक भएको छ । मालिक भएको छ । तसर्थ समाजले जहाँ जन्मिए पनि जसको घरमा रहे पनि हरेक घरमा नारी निरिह, उपेक्षित र दमित भएको कुरा सत्य रहेको छ । नारी वा छोरी, बुहारी, आमा, सासु, दिदी वा श्रीमती जे बने पनि नारी स्वतन्त्र र मुक्त छैन ऊ पुरुषद्वारा दमित शोषित र उत्पीडित रहेकी छ ।

## २.५ निष्कर्ष

नारायण ढकालका *प्रेतकल्प र  हजार माइलको बाटो* उत्कृष्ट नेपाली उपन्यास हुन् । नारायण ढकालका अन्य उपन्यास पनि सवल र सक्षम उपन्यास मानिन्छन् भने ढकाल एक सशक्त आख्यानकारका रूपमा परिचित व्यक्तित्व हुन् । उनका यी दुई उपन्यासमा काठमाडौँको उत्तरपूर्वी बस्तीको सामाजिक, राजनीतिक र सांस्कृतिक जनजीवन र दैनिकीमा आधारित उपन्यास हुन् । *प्रेतकल्प* दुःखपुर बस्तीमा भएको अन्याय अत्याचार र राणाहरूको हैकममवादी शासनको पराकाष्टा प्रस्तुत भएको उपन्यास हो भने यसमा राणा शासनको बेला गाउँघरको जनजीवन कसरी र कस्तो प्रकारले चल्थ्यो, कसरी राणाहरूले गाउँघरमा

आफ्नो प्रत्यक्ष शासन गरेका हुन्छन् र गाउँलाई कसरी विभाजन गर्न सफल हुन्छन् भन्ने कुरा प्रष्ट अभिव्यक्त भएको छ । समाजको प्रगति र उन्नतिभन्दा पनि आफ्नो स्वार्थ र हैकमलाई टिकाउन हरसम्भव प्रयासरत दरबार र चुक्ली र भुठो कुरा लगाएर अवसरवादी गाउँबासी शंखधर जस्ता पात्रले गाउँमा भएको सामान्य वातावरण कहिल्यै नसङ्लिने गरी धमिलो भएको छ । *प्रेतकल्प* उपन्यासमा राणाहरूको जगजगी, शोषण, दमन, अन्याय अत्याचारबाट दुःखपुर आक्रान्त बनेको छ । आज आज भोलिभोलि, कतिबेला के हुने हो ? कसको घरमा राणाका सिपाहीले बुठ बजार्ने हो भन्ने त्राही त्राहीमा दुःखपुर रहेको छ । नेपाली समाजमा विद्यमान वर्गीय शोषणविरुद्धको विद्रोह वर्गीय संघर्षको उत्पन्न हुनुका पछाडि रहेका ऐतिहासिक सामाजिक कारणहरू आदिको प्रस्तुतिका साथै नेपालको इतिहासमा घटेको वा इतिहासको गर्भमा लुकेर बसेको १०० वर्ष पुरानो इतिहास नै *प्रेतकल्प* उपन्यास हो । *हजार माइलको बाटो* उपन्यास ढकालको राजनीतिक विषयवस्तुलाई प्रभुत्व बनाएर लेखिएको काठमाडौँबाट उत्तरपूर्वी आनन्दपुर बस्तीको यथार्थ घटना प्रस्तुत भएको उपन्यास हो । यस उपन्यासको केही आधार कथाबाहेकको कथाले नेपालका दुई ठूला कम्युनिष्ट घटकहरूको आन्दोलन, त्याग, बलिदान र वैचारिक स्खलनसम्मको भाव अभिव्यक्त भएको छ । नेपाली राजनीतिमा व्यवस्था परिवर्तन र नयाँ व्यवस्थामा पुराना शासकको हालीमुहालीलाई उपन्यासमा प्रस्ट रूपमा प्रस्तुत गरिएको छ । व्यक्तिगत पूर्वाग्रह, वर्गीय, जातीय विभेद, लैङ्गिक अपमान जस्ता घटनाले क्रान्तिलाई  आव्हान गर्दछ र अन्ततः क्रान्ति पनि सही विचार निष्ठावान् नेतृत्व र त्यहीअनुरूपको व्यवहार भए लक्ष्यमा पुग्ने नत्र उही शोषण, दमन र अत्याचारी व्यक्तिले शासन गर्ने निश्चित रहेको यसमा देखाइएको छ । यस उपन्यासमा वर्गीय प्रेम, जातीय र लैङ्गिक समानताका विषयलाई गम्भीर रूपमा उठाइएको छ भने अपमानजनक जिन्दगीभन्दा क्रान्तिकारी बलिदानी जिन्दगी महान् हुने र जसरी पनि समाज सबैखाले विभेद र अत्याचारबाट मुक्त हुन जरुरी हुन्छ भन्ने भाव सम्प्रेषण गर्न उपन्यास सफल भएको छ ।

अतः नारायण ढकालका दुई उपन्यास प्रतिनिधित्व र पहिचानका दृष्टिले निकै सबल र सफल देखिन्छन् । *प्रेतकल्प* उपन्यासमा राणा शासनको जगजगीमा सामन्ती विचारधारको रक्षक एवं शासकको प्रतिनिधित्व र पहिचान स्थापित बबरशमशेर, चन्द्र शमशेर, विष्णुभक्त र शंखधरजस्ता पात्रका माध्यमले प्रस्ट भएको छ भने बालकृष्ण, आश्विनी, कान्छी, दमयन्ति, सुभद्रा, रामकृष्ण जस्ता पात्रका माध्यमबाट न्याय समानता र सम्मानजनक

जीवनयापनका लागि आफ्नो प्रतिनिधित्व र पहिचान भएको पाइन्छ । उत्पीडनकारी सामाजिक संरचना र राजकीय व्यवस्थाको अन्त्य हुनु पर्दछ र जबसम्म शिक्षा हासिल गर्न पाउँदैन तबसम्म समाजमा परिवर्तन गर्न गराउन गाह्रो हुने भाव अभिव्यक्त यिनै पात्रका माध्यमले भएको छ । नारायण ढकालको *हजार माइलको बाटो* उपन्यासमा एकै घरका दुई पुस्ता बिचको वैचारिक एवं व्यवहारिक टकराव प्रतिनिधित्वमूलक तरिकाले अभिव्यक्त भएको छ । नरेन्द्रनाथका माध्यमले पञ्च, शासक र एवं अवसरवादी राजनीतिक नेतृत्वको प्रतिनिधित्व र पहिचान भएको छ भने धीरेन्द्र, विरबहादुर, सावित्री, कमला, सुन्तली, ध्रुर्वे माया जस्ता पात्रका माध्यमले अधीनस्थ तर वैचारिक र क्रान्तिकारी पात्रहरूको पनि प्रतिनिधित्व र पहिचान भएको छ । यस्ता पात्रले समाजमा हुने गरेको अन्याय अत्याचार, विभेद र शोषण दमनको अन्त्यका लागि आफ्नो जीवन बलिदान दिन तयार पात्रहरूका माध्यमबाट प्रतिकूल परिस्थितिमा पनि सामाजिक परिवर्तनको पक्षमा लड्ने उदीयमान युवा पुस्ताको प्रतिनिधित्व र पहिचान स्थापित भएको छ । यस उपन्यासमा एकातिर समाजका उच्च कूलीन वर्गका रूपमा नरेन्द्रनाथका व्यवहारबाट उत्पन्न भएको जातीय, लैङ्गिक अधीनस्थता र त्यसबाट सिर्जना भएको डरलाग्दो अवस्थाले जातीय पहिचान निर्माण भएको देखाइएको छ । नारी पात्रको दयनीय परिस्थिति र सबै हसन बाध्य नारी पात्रको न्यायको लागि आवाज उठाउने पात्र धीरेन्द्रले क्रान्तिनकारी युवाको प्रतिनिधित्व गरेको छ र उसको पहिचान पनि त्यही बनेको छ । सुन्तलीको कोखबाट सुकुम्बासी बस्तीमा जन्मेकी माया पात्र युद्धमा सहिद भएको प्रसङ्ग बावुलाई सेनाले मरनासन्न हुनेगरी यातना दिएको र आमा रुँदै आधार शिविरसम्म पुग्दा पनि क्रान्तिप्रति प्रतिवद्ध दिलवहादुर जस्ता पात्रका माध्यमबाट प्रतिकूल परिस्थितिमा पनि सामाजिक परिवर्तनको पक्षमा लड्ने उदीयमान युवा पुस्ताको प्रतिनिधित्व र पहिचान स्थापित गराइएको छ ।

## तेस्रो परिच्छेद

## नरायाण ढकालका उपन्यासमा प्रतिरोध चेतना

### ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेद नारायाण ढकालका उपन्यासमा प्रतिरोध चेतनामा केन्द्रित छ । यस परिच्छेदमा प्रतिरोधको सैद्धान्तिक चिनारी दिएपछि ढकालका *प्रेतकल्प र हजारमाइलको बाटो* उपन्यासलाई प्रतिरोध चेतनाका आधारमा उपन्यासमा प्रयोग गरिएका वा आएका विभिन्न साक्षी सहित विश्लेषण गरिएको छ ।

### ३.२ प्रतिरोध चेतनाको सैद्धान्तिक परिचय

समाजको ऐनाको रूपमा व्याख्या गरिने साहित्यमा विभिन्न परिवेश, पात्र र समयका बारेका विचार अभिव्यक्त गरिएको हुन्छ । साहित्य लेखनका दृष्टिले फरक फरक विशेषता र अर्थ बोध गर्छ । जुन समयको कालखण्डमा लेखन गरिएका कृति हुन्छ त्यही समयको बोध गराउँछ । समय र विषयवस्तुले पात्रको छनोट गर्छ । यसरी हेर्दा साहित्य सिर्जना पनि समाजको यथार्थसँग गासिएको हुन्छ । समयले त्यहाँको समाजको मूल्यमान्यता र व्यवहारको बारेको विश्लेषणको आधार तय गर्छ । जुन साहित्यिक कृतिमा शासक वर्गको अत्याचार रहन्छ त्यहाँ प्रतिरोध भएको हुन्छ । हुनाखाने र हुँदाखाने वर्ग बिचको विभेद नै प्रतिरोध हुने मुख्य कारण हो । दुई शक्तिको द्वन्द्वमा प्रतिरोधपछि नै नयाँ शक्तिको जन्म हुन्छ । प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मारक्षासँग सम्बन्धित छ । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ । समाजमा शक्तिशाली वर्गले आफ्नो शक्ति कायम राख्न समुदायमाथि दमनका प्रक्रियाहरू रहिरहन्छ । यस्तो बेला अधीनस्थ भएको समूहले शोषण र दमनविरुद्ध आवाज उठाउनु वा अधीनस्थ वर्गको पक्षधरताको आवाज उठ्नु नै प्रतिरोध हो । अन्यायका विरुद्ध जुन आवाज निस्कन्छ त्यो नै प्रतिरोध चेतना हो । यो चेतना बिस्तारै बिस्तारै विकसित भएको पनि हुन सक्छ तर प्रतिरोध चेतना सधैँ अत्याचारका विरुद्ध, विभेदका विरुद्ध हुन्छ । यस्तो चेतनाको सम्बन्ध प्रभुत्वशाली र अधीनस्थ संस्कृतिसित रहेको हुन्छ । जहाँ दमित संस्कृतिले दमित संस्कृतिभन्दा बाहिर आफ्नो प्रभावको खोजी पनि गरिरहेको हुन्छ ।

मूलधारको संस्कृतिका विरुद्ध परिधीय वा सीमान्तकृत संस्कृतिले गर्ने विद्रोह वा प्रतिरोध वा खण्डनको चेतनालाई नै प्रतिरोधी चेतना भनिन्छ । शक्तिशली समूहको ज्यादती र प्रभुत्वका कारण अधीनस्थ समुदायको हकअधिकार प्राप्तिका लागि आफ्नै संस्थागत संस्कृति, सामाजिक सांस्कृतिक सम्बन्धका रूपहरू, मूल्य मान्यता र जीवनको अवस्था विकास गरेको हुन्छ । प्रभुत्वशाली समुदायले अधीनस्थ समुदायलाई प्रत्यक्ष वा परोक्ष रूपमा दमन, उपेक्षा गरी उत्पीडित रूपमा सीमान्तकृत पारेको हुन्छ । त्यस्तो सीमान्तकृत समुदायले शक्तिका विरुद्ध विभिन्न रूप र माध्यम वा शैलीका प्रतिकारात्मक आवाज उठाउने गर्दछ । त्यस्तो प्रतिकार भौतिक वा वैचारिक वा दुवै प्रकारका हुन्छन् । प्रतिरोध चेतना प्रतिनिधित्व र पहिचानका सन्दर्भहरूले निर्माण गर्दछ । यसर्थ यो विमर्शात्मक निर्मिति हो ।

सांस्कृतिक अध्ययनका क्षेत्रमा फूकोको प्रतिरोध चेतनासम्बन्धी अवधारणा महत्वपूर्ण रहेको छ । उनले शक्ति ज्ञान र विमर्शको व्याख्याका सन्दर्भमा प्रतिरोधबारे विभिन्न धारणाहरू व्यक्त गरेका छन् । उनी शक्तिको अभ्याससँगै प्रतिरोध चेतनाको विकास हुने देख्दछन् । उनका अनुसार जहाँ शक्तिको अभ्यास हुन्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागको रूपमा हेर्नुपर्दछ (उप्रेती, २०६८; ४१) । समुदायका हरेक क्षेत्रमा हुने शक्तिका अभ्यासहरूले अधीनस्थ सांस्कृतिक समूहको सिर्जना गर्दछ । त्यो संस्कृतिक समुदायमा शक्तिशाली समूहले निर्माण गरेको शक्ति संरचना स्वरूपका विरुद्ध उत्रन बाध्य हुन्छ । फुकोको यस मतले शक्ति र प्रतिरोधको सम्बन्ध प्रष्ट पार्दछ । प्रतिरोध भनेको कुनै कामको विरुद्ध, कुनै कानून वा शासकको विरुद्ध हुन्छ । प्रतिरोध एक्लै हुँदैन प्रतिरोध भनेको दमनका विरुद्ध, अन्यायका विरुद्ध र समस्त अत्याचारका विरोधमा प्रतिरोध हुन्छ त्यसैलाई प्रतिरोधी चेतना भनिन्छ ।

हरेक समुदाय शक्तिशाली बन्नका लागि अर्को समुदायमाथि दमन, अत्याचार, अन्याय, शोषण वा उत्पीडन गर्दछ वा भएको हुन्छ । जहाँ जुन समुदाय शक्तिमा रहन्छ त्यहाँ उसैले आफ्नो ज्ञान वा आफ्नो चरित्रअनुसारको विचारधारा निर्माण गर्दछ । शक्तिशाली समुदायले परिधीय संस्कृतिमाथि प्रत्यक्ष वा परोक्ष रूपमा आफ्नो प्रभाव कायम गर्न खोज्दछ । अथवा ग्राम्चीले भनेभैंm प्रभुत्व (हेजेमनि) का माध्यमबाट दमन गर्न खोज्दछ । तर राज्यको दमनकारी तथा आइडियोलोजिकल संयत्र जति नै शक्तिशाली भए तापनि

विद्रोह र विरोधको संम्भावना भने रहिरहन्छ (उप्रेती, २०६८, पृ. १७९) । अहिलेसम्मका घटना परिघटनालाई नियाल्दा पनि हरेक समाज समुदाय वा व्यक्तिले प्रभुत्वका विरुद्ध आवाज निकाल्छ तर यस्तो आवाजलाई बेवास्ता गरिएको भने हुन्छ । जसरी सकिन्छ त्यसरी प्रतिकार गरिएको हुन्छ । प्रतिकार क्रियात्मक वा भावनात्मक दुवै प्रकारको हुन्छ ।

प्रभुत्वशाली वर्गले समाजमा सबै क्षेत्रमा बल र सहमतिका आधारमा प्रभुत्व निर्माण गर्दछ र त्यसलाई सांस्कृतिक स्वरूप दिई सञ्चालनमा ल्याउँदछ । अरूमाथि कुनै पनि अर्थ र संस्कृतिलाई लिएर प्रभुत्व जमाउने कर्म त्यहीँबाट सुरु हुन्छ जब कुनै समूह, वर्ग वा लेखक र चिन्तकहरूले त्यो अर्थमाथि प्रश्न गर्छन्, सांस्कृतिक प्रतिरोध त्यहीँबाट सुरु हुन्छ । साहित्यमा उपेक्षित वर्ग नारी वा अन्य शोषित, श्रमिक वर्ग शासकबाट पीडित वर्गको खेलमा त्यहीं सांस्कृतिक प्रतिरोध देखिन्छ, (उप्रेती, २०६८, पृ. १३०) । यसरी विभिन्न अध्यताको भनाईको सारमा के भन्न सकिन्छ भने दमित, उपेक्षित सीमान्तकृत र समग्र उत्पीडित समुदायबाटै शासकीय संयन्त्र वा शक्तिशाली समूहका विरुद्ध प्रतिरोध हुन्छ ।

स्टवार्ट हल प्रतिरोधलाई एकाङ्की र सार्वभौम नियम नमानी आफैँमा परिभाषित भइरहने मान्दै मान्छेले व्यक्त गरेको गतिविधिद्धारा निर्मित हुन्छ, जुन विशेष स्थान, समय र सामाजिक सम्बन्धहरूमा विशिष्ट अर्थका रूपमा रहन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । हलले रीतिरिवाज र परम्पराबाट हुने प्रतिरोधलाई समेत महत्त्वका साथ प्रस्तुत गरेका छन् । यस प्रकार प्रतिरोध प्रभुत्वशाली संस्कृतिका विरुद्धमा आधिकारिक प्रतिनिधित्वमार्फत् व्यक्त हुने त्यस्तो प्रतिकारको चेतना हो । जुन विशिष्ट अर्थका रूपमा अधीनस्थ सामाजिक घटना परिघटनाबाट उत्पादन हुन्छ । श्रमिक वर्ग, युवा वर्ग, महिला वा विभिन्न जातिका प्रतिरोधका स्वरूपहरू फरक फरक हुन्छन् । हरेक पुस्ताले परम्परागत रहनसहन, भेषभुषा र संस्कृतिको विरुद्व त्यही विषयावस्तु र व्यवहारद्वारा प्रतिरोध चेतना अभिव्यक्त गरेको हुन्छ । समुदायगत, परिस्थितिगत र विषयगत रूपमा प्रकट भएका आवाजहरू जसले भइरहेको परम्पारा वा स्थापित मान्यताको खारेजीको पनि आव्हान गर्ने तागात राख्दछ ।

यसरी हेर्दा प्रतिरोधी चेतनाले जहिले पनि र जहाँ पनि केन्द्रीय संस्कृतिका हरेक विभेदमूलक क्रियाकलापको खण्डन तथा सशक्त विरोध गर्दछ । महिलाहरू आफ्नो अधिकारका लागि लड्ने विषय फरक हुन सक्छन् । सबै जाति र सबै वर्गका महिलाहरू फरक फरक शैलीमा प्रतिरोध गर्दछन् । यसरी कुनै पनि जाति, वर्ग, लिङ्ग, अपाङ्ग विस्थापितलगायत सबै सांस्कृतिक समूह स्वतन्त्र हैसियत, अधिकार र स्थानका लागि

वैयाक्तिक वा संस्थागत रूपमा विध्वंसात्मक वा सिर्जनात्मक प्रतिरोध गर्दछन् । यस प्रकार सामाजिक र आर्थिक संरचनाका विभेदहरू, राजनैतिक र प्रशासनिक क्षेत्रका अधिकारमा देखिएका असमानताहरू, शक्ति सम्बन्धका कारण सिर्जित दमन, उत्पीडन, शोषण, अन्याय, अत्याचार र थिचोमिचोका विरुद्ध पिछडिएका तथा अधीनस्थ वर्गले उनीहरूको विरोधमा गरिएका वा बोलिएका आवाज नै प्रतिरोधी चेतना हो । जसले अधीनस्थ वर्गलाई भएको अत्याचारका विरुद्ध न्यायमूलक समाजका लागि एकताबद्ध हुन प्रेरित पनि गर्छ । साहित्य सिर्जनामा यस्तो अध्ययनलाई सांस्कृतिक अध्ययन भनिन्छ । नारायाण ढकालका उपन्यास *प्रेतकल्प र हजार माइलको बाटो*मा प्रयोग भएका पात्रहरूमध्ये सीमान्तकृत, दमित, वा उत्पीडित जाति, लिङ्ग वा वर्गका पात्रहरूको अध्यन विश्लेषण गर्न उपन्यासका साक्षीहरूको प्रयोग गरिएको छ ।

## ३.३ *प्रेतकल्प* उपन्यासमा प्रतिरोधी चेतना

समाजमा रहेका प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गमा आफ्नो प्रभुत्व लाद्ने र आफ्नो वर्चस्व कायम गराइरहने हुन्छ भने त्यही समाजमा प्रभुत्वशाली वर्गको दमनको कारण उत्पीडित जाति समुदायबाट विभिन्न माध्यमले प्रतिरोध गर्ने कार्य पनि भएको हुन्छ । विभिन्न शोषण र अत्याचारका कारण त्यसबाट मुक्त हुन वा त्यसको बदला लिन, जसो गर्न भए पनि प्रस्फुटिन भएको विचार नै प्रतिरोध चेतना हो । साहित्यमा जहाँ प्रभुत्वशाली वर्ग रहन्छ त्यही दमित र अधीनस्थ वर्ग पनि हुने र यी दुई वर्ग बिचमा अधीनस्थले प्रभुत्वशालीका विरुद्ध र प्रभुत्वशाली वर्गले आफूलाई बचाउनका लागि आएको चेतना हो । यो समाजमा एकैनासले लागु भने नहुन सक्छ । समाजको ऐतिहासिक विकासक्रम, सामाजिक सांस्कृतिक एवम् आर्थिक अवस्था, शिक्षा राजनैतिक चेतना जस्ता कुराहरूले यसमा प्रभाव पारेका हुन्छन् । प्रतिरोधी चेतना भनेको प्रभुत्वशाली वर्गको विरुद्ध बुलन्द भएको आवाज पनि हो ।

*प्रेतकल्प* उपन्यासमा उपस्थित विभिन्न समुदायका पात्रहरूको सामाजिक सांस्कृतिक परिस्थितिमा उनीहरूभित्र विकसित भइरहेको चेतना वा प्रतिरोधी चेतना एकैनासले विकसित भएको मात्र नभएर एकै किसिमको पनि छैन । प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्ग दुवै वर्गमा आफ्नो आफ्नो वर्गको जीतका लागि वा न्यायको लागि प्रतिरोधी चेतना हुन्छ । सांस्कृतिक अध्ययनभित्र प्रतिरोधी चेतनाको अध्ययन गर्दा वर्गगत चेतना र पिँढीगत

चेतनालाई विश्लेषण गरिन्छ । यसरी हेर्दा *प्रेतकल्प* उपन्यासमा प्रयोग गरिएका वा वर्णन गरिएका पात्रहरूको प्रतिरोधी चेतनाका आधारमा वर्ग विभाजन गर्दा, अधीनस्थ वर्ग, बौद्धिक वर्ग गरी उनीहरूमा रहेको प्रतिरोधी चेतनाको विश्लेषण गर्न सकिन्छ ।

*प्रेतकल्प* उपन्यास नारायाण ढकालद्वारा रचना गरिएको हो । यस उपन्यासमा काठमाडौँ उपत्यका वरिपरिको वातावरण वा त्यहीँको समाज, त्यहीँको पात्र र परिवेशलाई केन्द्र बनाइएको छ । वर्गका दृष्टिले उपन्यासमा प्रभुत्वशाली वर्ग, शैक्षिक वर्ग र अधीनस्थ वर्गको उपस्थिति रहेको छ । उपन्यासमा शक्ति सत्तामा आधारित प्रभुत्वशालीलगायतको उपस्थिति रहेको छ । वर्गीय रूपमा निम्न वर्ग, महिला वर्ग, वा जातीय रूपमा समाजले तल्लो जात भनेर हेपेको जाति वा समुदायलाई प्रभुत्वशाली वर्गले अधीनस्थ बनाएर आफ्नो प्रमुख कायम राख्ने आधार बनाएको छ । तसर्थ जुन वर्गमा वा जातिमा वा समुदायमा अधीनस्थ बनाइएको हुन्छ, त्यहीअनुसारको फरक फरक प्रतिरोध चेतना विकसित भएको हुन्छ । प्रतिरोध विकसित हुने आधार पनि त्यहीअनुरूप हुन्छ । यस उपन्यासमा बालकृष्णको घर परिवार र रामकृष्णको घरपरिवार, आर्थिक रूपमा एउटै वर्गको रूपमा चित्रित छन् । भने आश्विनीको परिवार नेपेटारका सार्की, धने सार्कीहरू जातीय र वर्गीय रूपमा अधीनस्थ वा तल्लो वर्गका रूपमा चित्रित छन् । भने यहाँ आर्थिक पक्षले प्रतिरोधी चेतना विकसित हुन अहम भूमिका खेलेको छ । साथसाथै सामाजिक शासन व्यवस्था र शक्तिको अभ्यासले पनि पात्रहरूको प्रतिरोधीको अवस्थालाई निर्धारण गरेको हुन्छ । प्रतिरोधी चेतना व्यवस्था परिवर्तन गर्न सक्ने मात्रै हुँदैन, यो त सानो सानो परिस्थितिमा पनि अभिव्यक्त भएको हुन्छ, चेतनाको स्तर पात्रको चेतना र हैसियतमा निर्भर रहन्छ ।

### ३.३.१ अधीनस्थ वर्गको प्रतिरोधी चेतना

*प्रेतकल्प* उपन्यासमा उपन्यासकार नारायण ढकालले नेपालको राणा कालीन राजनैतिक, सामाजि तथा शैक्षिक क्षेत्रमा भएका गरिएका गतिविधिको नालीबेली छ । यसमा प्रयोग गरिएको समाज, समाजलाई प्रभाव पार्ने राज्यव्यवस्था र शासकहरूको शैली र जनताको स्तरबाट गरिएका सहयोग वा विद्रोहको अवस्था पनि प्रस्ट रूपमा अभिव्यक्त भएको छ । यस उपन्यासको मुख्य पात्र बालकृष्ण र उसको घरपरिवार सबै र दलित परिवारहरू सबको जीवन कष्टकर र रोग भोकका गुज्रिएको छ । यी पात्रहरूको प्रतिरोधी

चेतनामा यिनीहरूको आर्थिक पक्षले विशेष भूमिका खेलेको छ । सबल आर्थिक पक्ष हुने पात्रको प्रतिरोध शसक्त नै छ भने दुर्बल आर्थिक पक्ष हुने पात्रहरूको प्रतिरोधी चेतना कमजोर प्रकारको रहेको देखिन्छ ।

*प्रेतकल्प* उपन्यासमा दरबारीया राणा शासनबाट अधीनस्थ पारिएका पात्रहरूमध्ये विष्णुभक्त बालकृष्ण, आश्विनी, दमयन्ति, धनविरे जस्ता पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये विष्णुभक्त, राणाका भक्त वा सेवकका रूपमा रहेका देखिन्छन् । यस उपन्यासमा राणा शासन र त्यसबाट प्रत्यक्ष प्रभावित दु:खपुर बासीको अवस्थाले सामाजिक राजनैतिक तथा आर्थिक संरचना तयार पारेको छ कि, त्यसभन्दा बाहिर निस्केर सोच्न, बोल्न वा अन्य कुनैपनि क्रियाकलाप गर्नुलाई राज्य विरूद्वको अपराध बराबरको अपराध मानिएको छ ।

दु:खपुर बस्तिमा राणाकालीन समयमा राणाहरूको चकचकी र गाँउका सेवकदेखि समस्त जनताहरूको जीवनस्तर दैनिकी हेर्दा विकास र प्रगतिको लागि दरबारको आदेश पर्खनु पर्ने र जीनताको दैनिकी दरबारप्रति बफदार र सम्मानजनक हुनुपर्ने रहेको छ । चेतनाको स्तर भएकाले राणाकै सेवामा लाग्नुपर्ने र त्योभन्दा बाहेक सोच्न नहुने र राणाचेतनाको स्तर नभएका दलित, महिला र अन्य जनताले उनीहरूको अन्याय अत्याचार चुपचाप सहेर बस्नुपर्ने अवस्था रहेको छ । सत्य कुरा बोल्न नसक्ने र बोल्यो भने विभिन्न बाहनामा मुद्दा हालेर दु:ख दिने, सर्वस्वहरण, जातिच्युत, देशनिकाला, मृत्युदण्ड जस्ता सजाय भोग्नुपर्ने राज्यको नियम रहेको तत्कालीन अवस्थामा राणाको सेवक बन्नेले शासक भएर जनतामा आफ्नो प्रवृति लादेको छ । अन्याय ,अत्याचार, सत्य, असत्य मान, अपमान, विभेद, समानता जस्ता विषयलाई छुट्याएर बुझ्ने वा बुझेर यसै हो भन्ने मानिसको संख्या न्यून छ । हैकमवादी शासन र जिम्वालको नै सर्वेसर्वा भएका छन् । सामूहिकताको कुरासम्म छैन, समाज राणाहरूको हैकमबाट चलेको छ । नियम कानुन भनेको राणाको आदेश हो अरू सब बेकामे वा अपराध हो भन्ने भएको छ । राणाहरूको गुलामी गर्ने र नगर्ने बिचको एक खालको डरलाग्दो द्वन्द्वले समाज अक्रान्त बनेको छ । समस्त दु:खपुरबासी राणाकै सेवक बनेर बाचेका छन् ।

राणा शासनको अन्याय अत्याचारबाट सम्पूर्ण देश अक्रान्त पारेको छ भन्ने उदाहरण हो दु:खपुरवस्ती भने सम्पूर्ण देशको प्रतिनिधित्व यही बस्तीले गरेको छ । देश

परिवर्तनको कुरा बुझेर प्रवासबाट संस्कृत पढेर गाउँ फर्केको बालकृष्णका कुराले सर्वप्रथम सबै तर्सेका छन्, डराएका छन् र आफ्नो सत्ता र शक्तिमाथि अब खतरा छ भनेर थाहा पाएका छन् । वस्तिमा भएका अन्याय, अत्याचारको प्रतिरोध गर्ने चेतना नै पण्डितमा केन्द्रित देखिन्छ । आफ्नो शक्ति र सत्तामाथि अब खतरा छ, भनेर बुझेका छन् । बस्तीमा भएका अन्याय अत्याचारको प्रतिरोध गर्ने चेतना पनि शून्य रहेको देीखिन्छ भने राणालाई वा राणाको सेवामा नियुक्ति भएका जिम्वाललाई भगवान् मान्ने निकै ठूलो शक्ति र आफू दलित भएको आफ्नै भाग्यले गर्दा हो भनेर आफैंलाई धिक्कारेर र जिम्वालको दरबारलाई भगवान् मानेर स्वीकार्छन् तर त्यहीबाट विद्रोह पनि सुरू भएको छ । भो अब छोड्नुहास् ठूल्बा । यो निकै क्रुर र अमानवीय व्यवहार भयो । न्यायसम्पादन गर्ने यो काइदा सवर्था अनुचित । कुनै पनि हिसाबले यो धर्मसम्मत छैन (पृ. २७) ।

अन्य कुरा सोच्न, विचार गर्न दुःखपुरका दलित समुदायको सामान्य बुद्धिभन्दा बाहिरको कुरा भएको छ । सामान्तीवर्गको दुवै प्रकारका प्रवृत्तिको तुलनात्मक स्वरूप प्रस्ट पारेको छ । राणाका प्रवृत्ति जसरी पनि उसले निम्नवर्ग वा दलितमाथि आफ्नो शासन लादेको हुन्छ । राणा वा जिम्वाल भएपछि भगवान् हुँ भनेर हरपर सत्ताको अगाडि आफूलाई बिर्सने  हैकमवादी भएर क्रुर यातना दिन तयार जिम्वाल प्रस्तुत भएको एक उदाहरण :

> जिम्वाल विष्णुभक्तको हातमा एउटा लामो कोर्रा थियो । ऊ कठोर भावमुद्रामा मच्चीमच्ची कोर्रा बर्साइरहेको थियो, एउटा झुत्रेझाम्रे मानिसमाथि । त्यो मानिस कुक्रुक्क गुजिल्टिएर जमिनमा घोप्टिएको थियो । उसको जीउमा जम्मा दुइटा लुगामात्र थिए, कम्मरमुन्तिर मैलो कछाड र मास्तिर ठाउँठाउँमा प्वालपरेको इष्टकोट । घामले डढेर कालो भएका पाखुरा नाङ्गै थिए । भुइँतिर जोतिएका उसको अनुहार स्पष्ट थिएन । नाङ्गा पाखुरा र च्यातिएको इष्टकोट लगाएको पिठयूँमा कोर्राका ताजा डामाहरू देखिन्थे । त्याहाँ उपस्थित अरू मानिसहरूचाहीं त्यो घटनालाई मनोरञ्जन मानेर हेरिरहेका थिए  (पृ. २६) ।

यसरी जिम्वालले जनतालाई राणालाई बुझाउनुपर्ने कोत नतिरेपछि कोर्रा बर्साएर तिर्न बाध्य पार्न उनी कोर्रा हानिरहेका छन् । भने जिम्वाललाई भगवान् मान्ने वा शासकको डरले नबोली बसेका दर्शक र मालिक भनेर पिठ्युँ थापीरहने धनविरे सार्की दुवैले काशी पढेर आएको पण्डित बालकृष्णले गरेको प्रतिवादले झस्केका छन् । जिम्वाल विष्णुभक्तले

राणाहरूको आडमा दुःखपुर बासीहरूमाथि शासन गरेका थिए । उनी जसरी भए पनि आफ्नो जीवनभरि जिम्वाल भइरहने लक्ष्यमा छन् । गाउँमा भएका अन्याय अत्याचार जे होस् त्यो राणाले थाहा नपाउँन वा सधैं आफैं सेवामा रहन पाऊँ भन्ने दास मनोवृति, स्वार्थीपन उनीमा रहेको छ ।

समाज शिक्षाको अभावमा पछि परेको हो, शिक्षा हाम्रो समाजको विकासका लागि पहिलो आवश्यकताको विषय हो भन्ने कुराको बुझाइपछि दुःखपुरमा पण्डित बालकृष्णको बलमा गाउँमा पाठशाला खोल्ने कुरा सही हो । तर पनि राणाको अनुमतिबिना कसरी अघिबढ्ने भन्ने कुराले जिम्वाललाई तनाव भएको छ । सबैले पाठशाला खोल्ने र गाउँमा शिक्षाको प्रकाश बल्ने कुराले भन्दा पनि उसलाई राणाको आदेश मुख्य लागेको छ ।

जिम्वाल सुरुमा अनकनायो । महाराजले के भन्ने हुन भन्ने विषयले पिरोलियो । दुःखपुर वरिपरिका कुनै पनि गाउँमा पाठशाला खोल्न चासो लिनेहरू छैनन् तिमीलाई मात्र किन पेट पोल्यो भनी श्री ३ ले सोधे भने के जवाफ दिने ? तर पण्डित बलकृष्णको तर्कपूर्ण हठ र आक्रमक प्रस्तुतिका अगाडि लत्रियो र भन्यो "ठिकै छ नि त विद्यालय चलाऊ । ज्ञान कमाउनु देशकै निम्ति पनि असल काम हो । तर भतिज तिमी एक्लैले सबै विषय पढाउन सक्छौ त" (पृ.५५) ?

यसरी राणाहरूको डरले कापेको समाज र तत्कालीन परिस्थितिविरुद्ध पण्डित शिक्षा पाठशाला खोल्न सफल भएको छ र जिम्वाललाई किन चासो गरेर जान्ने हुनुपरेको भनेर राणाले जिम्वालबाट नै हटाउने सम्भावनाका बाबजुद गाउँमा पाटशाला खोल्ने निधो त्यो समाजको पहिलो प्रतिरोध चेतनाको रूपमा रहेको छ, जसले राणाहरूको गतिविधिलाई बुझ्न र मूल्याङ्कन गर्ने जनताहरू सफल हुन्छन् ।

यस्तो खालको व्यवस्था भएको तत्कालीन समयमा शिक्षा, स्वास्थ्य, रोजगारको त कुरै छैन समाजमा धर्म, जात र लिङ्गका बारे पनि समानता र सामाजिक न्यायको विषय असम्भव नै थियो र पनि अति भएपछि विद्रोहको चेत आउँछ वा आएको छ । सधैँभरि अन्याय सहँदा सहँदा अति भएपछि थोरै थोरै अन्यायका विरुद्ध वा न्यायका लागि आवाज उठेको देखिन्छ । कहिले, पण्डित बालकृष्णबाट कहिले दमयन्ति कहिले कान्छी त कहिले आश्विनी जस्ता पात्रहरूबाट विद्रोहको चेत मुखरित भएको छ । यहाँ शंखधर पात्रले भनेका र अन्यले प्रतिपाद गरेको केही अंश, "म लोग्नेमान्छे पनि छु । यो कुलटा बिधुवीको भन्दा मेरो पैले मेरै जोत्नुपर्छ जाडे" (पृ.१२५) ।

यसरी कड्किएको शंखधरको आवाजलाई पण्डित बालकृष्णले ठाडै प्रतिवाद गरेको छ । साक्षी : " ए शंखधर दाइ, तपाई लोग्नेमान्छे हुनु तपाईको श्रेष्ठताको परिचय होइन । यी विधवा हुनु पनि कुलटाको चिनारी होइन । मर्यादित भएर बोल्नोस् । सबैको आआफ्नो मर्यादा हुन्छ भन्ने कुरा ख्याल राख्नोस् । बोल्न पाएँ भन्दैमा जे पनि बोल्ने ?" (पृ. १२५) ।

यसरी अत्याचारका विरुद्ध आवाजहरू विस्तारै आउँछ र जसको जस्तो चेतनास्तर छ प्रतिवाद वा विद्रोह पनि त्यही प्रकारको हुन्छ भन्ने कुरा प्रस्ट हुन्छ । दमन भएको थाहा पाएपछि दमितहरू विद्रोह गर्छन् भन्ने कुरा पनि माथिको उदाहरणमा प्रस्ट रहेको छ ।

विभिन्न माध्यमबाट शोषण गर्ने रणनिति लिएका राणाहरूले समाजलाई अक्रान्त पारेका छन् तर त्यो दमन र अन्यायका विरूद्ध बोल्ने, बोल्न सक्ने हरेक आवाजलाई दमन गर्न, मुद्दा लगाउने, मार्नेसम्मको कार्य गर्नपछि नपरेको देखिन्छ । अन्यायका विरुद्ध यस उपन्यासमा पनि अधीनस्थहरू सोझै जुध्न सकेका छैनन् । नेपाली समाजको निम्नवर्गको प्रेमलाई उच्चवर्ग वा शासकवर्गले हत्याउने प्रसङ्ग दमयन्ति र बालकृष्णको आत्मिक, हार्दिक र प्रेम सम्बन्धमा शंखधरको सूचनालाई महत्त्व दिएर त्यो प्रेम सम्बन्धलाई पाप हो अनैतिक र अपराधिक क्रियाकलापकको रूपमा दरबारमा पुऱ्याएका छन् । राणाको आदेश र शंखधरको झुटो सूचनाको भरमा बालकृष्णको पक्राउ, र सर्वस्वहरण सहितको देशनिकाला दमयन्तिसगँको प्रेम सम्बन्ध र विवाह पनि हो भने साथै बालकृष्ण शैक्षिक स्तर र समाज परिवर्तनसम्बन्धी विचार नै प्रमुख थियो । यस उपन्यासका लेखक स्वयं बालकृष्णको पक्षमा र दरबारको आलोचकको रूपमा रहेको भाव रहेको छ । पाठकको सहभाव पनि उत्पीडित वर्ग वा अत्याचार खपेको वर्ग वा पात्रप्रति नै रहेको छ । शासकहरूको दमनका विभिन्न स्वरूप यसले प्रष्ट पारेको छ । बालकृष्णको शैक्षिक स्तर, दमयन्तिसँगको प्रेम सम्बन्ध र विवाहपछि समाजमा राणाहरूले जिम्वाल पद अर्कोलाई दिनु, उसैले जे भन्यो त्यही पत्याउनु, यसले राणाहरू समाजमा परिवर्तन होइन कि यथास्थिथिलाई टिकाउन हरसम्भव लागिरहेको प्रस्ट हुन्छ ।

उपन्यासमा निम्नवर्ग वा शोषित वर्ग राणा शासक वा अन्यायका विरूद्ध एकजुट भएर नलाग्नाले शासकदेखि अत्यधिक डराउनु, आआफ्नो स्वार्थमा लाग्नु र पुरानो पारम्परालाई अपनाउनु, नयाँ विकास र प्रगातिप्रति चासो कम राख्नु, व्यक्तिगत बदला

भावतिर लाग्नु जस्ता कारण नै दुःखपुर बासीका लागि विनाश र दुःखको दिनको प्रारम्भ भएको छ । बालकृष्णको पक्राउ र यताना, रामभक्तको एक्लोपान, आश्विनीको पक्राउ र यातानका साथै दरबारमा जिम्वाल भएर गएको शंखधर जैसीको मनपरि आदिका कारण अर्को पुस्ता वा अन्य जनताहरू पण्डितले देखाएको समाज सुधारको बाटोमा अगि बढेको देखिदैन तर भित्रभित्र बिस्तारै राणा शासनका विरुद्ध परिवर्तन वा विद्रोहका लागि चेतना भने विकसित भएको छ। पण्डितलाई राज्यले पहिलो नम्बर शत्रु भएको छ भन्ने कुरा पक्रन आएका सिपाहीको यो भनाइ बाट प्रष्ट हुन्छ । " ए केटा हो । यो राजद्रोहीलाई हत्कडी लगा । यो घाँसमा लुकेको सर्प हो । के भन्न सकिन्छ यसले कुन बेला हाम्लाई नटोक्ला भनेर ?" (पृ.२६१) । पण्डितले भनेको कुरा राम्रो र सही हो भन्ने भित्रभित्रै थाहा पाएको भाव उपन्यासमा प्रस्तुत भएको छ। पण्डित ठिक छ भन्ने भाव माथिको साक्षीबाट पनि प्रमाणित भएको छ।

### ३.३.२ उदीयमान वर्गको प्रतिरोध चेतना

*प्रेतकल्प* उपन्यासमा राणाकालीन प्रमुख र राणाबाट नियुक्ति पाएर जिम्वाल भएका विष्णुभक्त जस्ता स्वार्थी व्यक्ति प्रभुत्वशाली वर्ग र त्यसको अधीनस्थ वर्गका रूपमा रहेको बालकृष्ण, दमयन्ति, रामकृष्ण, मन्दोदरी, कान्छी र आश्विनी जस्ता पात्रका अतिरिक्त उदीयमान वर्गको प्रतिनिधित्व गर्ने रामभक्तलगायतका नयाँ पुस्ता पनि छन् । नेपेटारका दलित भुजेल परिवार धनबिरे सार्की जस्ता पात्रले पनि कतै न कतै अधीनस्थ वर्गको साथै उदीयमान वर्गको प्रतिनिधित्व गरेका छन् । यस्ता पात्रहरू पनि आर्थिक सामाजिक तथा सामाजिक न्याय र समानताका दृष्टिले उत्तिकै समजोर देखिन्छन् तर पनि यिनै पात्रहरूमा भने अन्याय, अत्याचार, र विभेदका विरूद्ध जुध्ने, शोषण दमनको विरोध गर्ने चेतना विकसित भएको देखिन्छ । यिनीहरू राणा र राणाका सेवकले बनाएको नीतिनियममा विभिन्न परिवेशमा असहमत छन् तसर्थ पनि यस्ता पात्रलाई विशेष निगरानी गर्ने र झनै दमन गर्ने गर्दछ सामान्त वर्गले । प्रभुत्वशाली वर्गले विरोध र घटनाअनुसार प्रतिपाद गर्ने भएर राणाका सेवकहरू यिनीहरूसँग डराउँछन् तसर्थ शासक हरसम्भव दबाउन चाहन्छ । पण्डित बालकृष्णको उपस्थितिले राणाहरूको एकछत्र रजाइरहेको दुःखपुर बस्तीमा धावा बोलेको छ । पण्डित बालकृष्ण एक्लै देखिन्छ तर सिङ्गो राणासरकार सत्ता शक्तिमा रहेर पनि उसको पछि हात धोएर लागेको छ । उसलाई कसरी जालमा पार्ने भन्ने कुराले विभिन्न

चाल चालेर दरबारमा लगि उसलाई राणाको सेवामा लगाउन जिम्वाल पनि सक्दो प्रयासमा छ भन्ने यो साक्षीबाट प्रस्ट हुन्छ : तेरो साथी बालकृष्ण निकै विद्वान् छ । मेरो विचारमा दरबारका कतिपय पण्डितहरूले पनि उसको विद्वतालाई भेट्न सक्दैन । मैले यस विषयमा महाराजसँग कुरा गरिसकेको छु । उनले एकपटक दर्शनभेट गराउन ल्या भनेका छन् । महाराजले मन पराए भने उसको भाग्य नै अर्को हुन सक्छ । तैले उसलाई त्याँ लाने कुरामा मद्दत गर्न सक्छस । बालकिस्न पण्डित तेरो प्रस्ताव अस्वािकार गर्न गर्न सक्दैन । हेर रामभक्तले तँ जसरी पनि उसलाई फका र मना । यस्तो अवसर सधै आउदैन बुझिस् (पृ. ७९) ?

यस साक्षीबाट के प्रस्ट हुन्छ भने जिम्वाल पद पनि जोगाइराख्न सकिने छोरो पनि दरबारको आँखामा पर्ने बालकृष्ण पण्डितको कारण आफू आजीवन जिम्वाल रहने स्वार्थ रहेको छ । यसका लागि छोरो रामभक्तमार्फत् बल गरिरहेका छन् । रामभक्त र बालकृष्णको धेरै मिल्ने साथी हो रहेकोले यो कुरामा उनी ढुक्क छन् । तर दरबारको सेवक बन्ने कुरामा रामभक्तको प्रतिपाद रहेको छ । "अवस्य पनि म पितृद्रोही मानिस होइन तर दरबारमा चाकडी गर्न जाने कुरामा मेरो फरक धारणा छ । म नयाँ जुगको मान्छे हुँ पुरानो जुगको थोत्रो प्रथा म कसरी थाम्न सक्छु ?" (पृ. ७८) ।

यसरी विष्णुभक्तको स्वार्थमाथि रामभक्त छोराले दरो प्रतिपाद गरेका छन् । यो नयाँ पुस्ताको प्रतिरोधी चेतना हो र समाजमा भएको अन्याय, अत्याचार र सम्पूर्ण विभेदको विरूद्ध लड्ने चेतना हो ।

यसरी दु:खपुर बस्तीका युवामा भएको प्रतिरोधी चेतनाले राणा शासनका अन्याय अत्याचारी क्रियाकलाप धेरै तरङ्गित भएका छन् । तर पनि युवाहरू आफ्नो विचारमा दृढताका साथ उभिन नसक्नु कमजोरी देखिन्छ भने स्वर्थीपन देखाउनु, पारिवारिक कुरामा लाग्नुले प्रतिरोधी आवाज निस्तेज भएको छ । भने बालकृष्णको परिवार र आश्विनी जस्ता समाजको परिवर्तन र प्रगति चाहनेको सर्वस्वहरणसहित देश निकाला भएको छ । दु:खपुरका युवामा राणा शासनका विरुद्ध प्रतिरोध गर्ने क्षमता हुँदाहुँदै पनि परम्परावादी सोँच विचार र व्यक्तिगत स्वार्थले वा पारिवारिक दबाबले उनीहरू काममा विश्वाश र बुझाइमा समस्या बनेर आफैँ उभिएका छन् । निम्न वर्ग तथा कथित तल्लो जातिका समस्या पनि यस उपन्यासमा अभिव्यक्त भएको छ भने मध्यमवर्गीय पक्षको सङ्घर्ष वास्तविक रूपमा निम्नवर्गप्रतिको कम र व्यक्तिगत इर्ष्या र अपराध बोधले पनि अभिप्रेरित छ ।

### ३.३.३ बौद्धिक वर्गको प्रतिरोध चेतना

*प्रेतकल्प* उपन्यासमा प्रयोग भएका धेरै पात्रहरूमध्ये पण्डित बालकृष्णलगायत रामभक्त, रामकृष्ण जस्ता पात्रहरूको भूमिका बौद्धिक पात्रको रूपमा लिन सकिन्छ । यीमध्ये कोही स्वतन्त्र भूमिकामा देखिन्छन् भने कोही वर्गको हितमा रहेका छन् । दुःखपुर बस्तीमा राणाकालीन शासनको यस्तो एउटा प्रशासकीय वा सामाजिक संरचना तयार पारिएको छ कि त्यो घेराभन्दा बाहिर निस्केर सोच्नु, बोल्नु वा कुनै गतिविधि गर्नुलाई राज्यविरुद्वको अपराध हो भन्ने बुझाइएको छ । दुःखपुरमा ब्राम्हण, जैसी, क्षेत्री, दलित, तामाङलगायत जातीय रूपमा मिश्रित बसोबास रहेको छ । उपन्यासमा प्रयोग भएको समुदायका हकमा शिक्षा हासिल गर्न वा पद प्रतिष्ठा हासिल गरी मान पदवी प्राप्त गर्न सफल समुदाय रहेको छ । हुने खाने र हुदा खाने वर्ग बिचको असमानताको पराकाष्ठको प्रतिपाद गर्ने पात्र बलकृष्ण हो भने दलितको छोरो हनुमानेलाई ल्याएर आश्विनी नाम राखी संस्कृत शिक्षा हासिल गराउने एक सामाज सुधारको राम्रो र सफल उदाहरण हुन् बालकृष्ण । जिम्वालले धनविरे दमाइलाई कोत नतिरेको बहानामा कोर्रा बर्साउदा आक्रोसले प्रतिपाद गर्न पुगेको बालकृष्ण विरोधी मात्रै होइन समस्या समाधानको लागि पनि सजग बनेकोले ऊ एक बौद्रिक पात्रको रूपमा स्थापित छ :

> “समय बदलियो ठुल्बा, रैतीलाई कज्याउने यो पुरानो तरिका बदल्नुपऱ्यो । ” पण्डित बालकृष्ण त्यसरी अग्रसर भएको देखेपछि त्यहाँ रमिता हेर्न आएका गाउँलेहरू एकाएक डराए । गाउँमा यसअघि यस्तो भएको थिएन, जिम्वाल जे गर्थ्यो त्यसमा कसैले पनि अवरोध पुर्‍याउन खोज्दैनथ्यो तर काशीबाट आएको पहिलो बिहान पण्डितले यस्तो दुस्साहस गरेपछि सबैको मन हल्लियो, अब के हुन्छ (पृ. २७) ?

यसरी *प्रेतपल्प* उपन्यासमा पात्रहरूको प्रतिरोधी चेतना तीव्र रूपमा विकसित नभएर गुम्सिएर भित्रभित्रै बसेको छ तर व्यापक छ ।

## ३.४ *हजार माइलको बाटो* उपन्यासमा प्रतिरोध चेतना

समुदायमा प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गको निर्माण गरी आफ्नो प्रभुत्व लाद्ने प्रयत्नहरू गरिरहँदा प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गका बिच विचारको, क्रियाकलापको टकरावको स्थिति पैदा भएको हुन्छ, तर यो अवस्था सबै परिवेशमा एकैनासले समाजमा

लागु भएको भने हुँदैन । हुने खाने र हुँदा खाने वर्गको बिचको द्वन्द्व समाजको परिवर्तनसँगको सापेक्षतामा रहन्छ । समाजको ऐतिहासिक विकास, सामाजिक, सांस्कृतिक, एवं आर्थिक अवस्था, शिक्षा राजनैतिक चेतना वा विकासको चेत, सत्ता, प्रशासन र परिवर्तनको चेतना जस्ता कुराहरूले विशेष प्रभाव पारेको हुन्छन् । समाजमा विभिन्न समुदायका व्यक्तिहरूमा रहेको शैक्षिक, राजनीतिक वा आर्थिक अवस्थाले पनि उनीहरूभित्र रहेको प्रतिरोध चेतनालाई निर्धारित गरेको हुन्छ । *हजार माइलको बाटो* उपन्यासमा उपस्थित आनन्दपुर गाउँका पात्रहरूको सामाजिक राजनीतिक अवस्थाभित्र उनीहरूमा हुर्किरहेको प्रतिरोध चेतना बदलाभाव जस्तो पूर्वाग्रही सोच जस्तो गरी उपन्यासमा अभिव्यक्त भएको छ । एकै घरका दुई पीडितबिचको टकराव वा प्रतिरोध बराबरी शैलीमा विस्तारै विकसित भएको छ । एकै घरका बाबु, छोरा बिचको द्वन्द्वले विशेष अवस्था प्राप्त गरेको छ । उपन्यासमा प्रयोग गरिएको कथा नै नेपालको राजनीतिक गतिविधि परिवर्तनसँग सम्बन्धित छ । यसमा प्रयोग गरिएका पात्रहरूमध्ये उदीयमान पुस्ताका रूपमा प्रस्तुत भएका युवा वर्गमा प्रतिरोध चेतना सशक्त देखिन्छ भने पुरानो पुस्तामा पनि अवसर र सत्ताको मोह जब्बर देखिन्छ । उपन्यासमा प्रस्तुत भएका पात्रका सामाजिक, सांस्कृतिक, आर्थिक वा राजनैतिक परिवेशको आधारमा उनीहरूलाई अधीनस्थ वर्ग, उदीयमान वर्ग र बौद्धिक वर्गमा विभाजन गरी उनीहरूमा रहेको प्रतिरोध चेतनाको विश्लेषण गर्न सकिन्छ । *हजार माइलको बाटो* उपन्यासमा प्रयोग गरिएका पात्रको वर्गीकरण गर्दा, धीरेन्द्र, विल व. जस्ता पात्र अधीनस्थ भएर पनि उदीयमान पात्रका रूपमा राख्न सकिने पात्रका रूपमा रहेका छन् । धीरेन्द्र र दिल ब. दुवै पात्र बौद्धिक रूपमा सूचित र आफ्नो बुझाइमा प्रस्ट देखिन्छ । यसरी हेर्दा यो उपन्यासमा यिनै दुई पात्रको पेरिफेरीमा रहेर प्रतिरोधी चेतनाको विश्लेषण गरिन्छ ।

### ३.४.१ अधीनस्थ वर्गको प्रतिरोध चेतना

*हजार माइलको बाटो* उपन्यासमा नरेन्द्रनाथ जस्तो चलाख अवसरवादी र एक नम्बर स्वार्थी पात्रलाई प्रभुत्वशाली वर्ग र पारिवारिक रूपमा उनको छोरा धीरेन्द्र, दिल ब. जस्ता पात्र अधीनस्थ वर्गका रूपमा लिन सकिए पनि अधीनस्थ पात्र खास गरी दिल बहादुर र उनकी आमा, बुबालाई लिन सकिन्छ ।

ध्रुवे र सुन्तली जस्ता पात्रले अधीनस्थ पात्रको रूपमा प्रतिनिधत्व गरेका छन् । यी पात्रहरू पनि आर्थिक, सामाजिक र राजनीतिक रूपमा धेरै कमजोर देखिन्छन् । तर यिनीहरू

अन्याय अत्याचार खपेर बाँचेका छन् । यिनमा विरोध गर्ने र न्यायका लागि लड्ने चेतना प्रारम्भमा विकसित भएको छैन मात्रै होइन, हामीमाथि अन्याय भएको छ भन्नेसम्म बुझेका छैनन् । धिरेन्द्रले दिल ब. लाई भेटेपछि ऊमार्फत् उनीहरूले हामीमाथि अन्याय भएको र समाजले गरेको भयंकर डरलाग्दो विभेदको सिकार भएको भन्ने कुरा बुझेका छन् तर विरोध गर्ने आँट हिम्मत उनीहरूमा देखिदैन ।

एक संवादमूलक साक्षी : "गरिपका छोरीले त किन पढ्न पर्‍यो र ? अर्काको ओछ्यान् त हुन् क्यारे- सुन्तलीले भनिन् ।- "त्यसो भन्न भएन नि अव । आजको जमानामा छोरा र छोरी बराबर हुन् अब यस्तो भेदभाव चलाउन हुन्न ।" सुन्तली बोलिनन् । त्यसपछि धीरेन्द्र उठ्यो ।

माथिको संवादमा हेड सर भएर छोरो दिलब, स्कुल नगएपछि आफ्नो विद्यार्थीका बारे जानकारी लिई आएको धीरेन्द्र सुन्तलीको अवस्थाले भावुक भएको छ । पढ्न पर्छ छोराछोरी दुवैले भनेर भन्नु यो जमानाको प्रतिरोधी चेतना हो । सुन्तलीको आर्थिक अवस्था एकदमै नाजुक छ, दिलब. र दिलब. की बहिनीलाई ख्वाई पियाई लालनपालनमा ऊ एक्लै सकिनसकी लागेकी छे ध्रुवेको अत्तोपत्तो छैन र पनि ऊ जीवन जिउन संघर्षरत छे । दिलब. को अनुहार धीरेन्द्र बुवासँग हुबहु मिल्दो छ । जसलाई देखेर धीरेन्द्र यसरी झस्किएको छ :

> दिलबहादरको घोप्टिएको टाउको धीरेन्द्रले आफ्नै हातले ठड्याइदियो । उसलाई देख्नासाथ धीरेन्द्र झस्क्यो । ऊ झस्किनुको पछाडि मूलभूत दुईटा कारण थिए । पहिलो, चार कक्षामा पुगेको एउटा विद्यार्थी ऊ चिन्दैनथ्यो । र दोस्रो केटाको अनुहार ठ्याक्कै धीरे**न्द्र**का बाको जस्तो थियो (पृ १६०) ।

यस थप दिलबहादुर र उनकी आमाको जिन्दगी र दैनिकी प्रस्ट पारेको छ । मान्छे भएर अन्य मानिसको जस्तो सामान्य जिन्दगी छैन सुन्तलीको र सुन्तलीको आँगनमा आफ्नो विद्यार्थी खोज्दै पुगेको धीरेन्द्र आफ्नो बुवासँग मिल्ने अनुहार देखेर झस्केको छ ।

*हजार माइलको बाटो* उपन्यासमा राजनीतिक विषयवस्तु प्रधान छ । यसको सामाजिक जनजीवन पनि उत्तिकै सशक्त रूपमा आएको छ । घर र थरको अवस्थाबाट हुर्कंदै गरेको दिलबहादुर बिस्तारै राजनीतिक गतिविधिमा लाग्छ । उसलाई समाजका हरेक गतिविधिले थङ्थिलो पारेको छ । सबै ठाउँबाट उठीबास लाग्दै आएका दिलबहादुरका बुवा आमाको दैनिकी पनि गारो झन् गारो भएको कुरा उपन्यासमा यसरी आएको छ :

क्यै नाई, हजुर । हामी रिनै आ का हुदा परिवारमा ठूलो विपत परो । साउ लागे । रिन तिर्न सकेनम् । ज्यान जोगाउनै परो । मैले पोखरा झरेम त्या पनि टिक्न सकेनम् । अनि राजाको नजिक बसे हाम्रो भलो होला भन्ने आशले यता आ का हुम । हामीसित दुइटा ज्यान बाहेक क्यै छैन, बज्यै (पृ. १८४) ।

यो साक्षीबाट बास माग्दै हिँडेका उसका बुवा आमाको अवस्था कहिले पनि सुधार वा राम्रो भएन तर राम्रो हुन्छ भन्नेमा निकै आशावादी छन् । दिल बहादुरमा विकसित राजनीतिक गतिविधिले नयाँ मोड लिएको छ । एस.एल.सी. परीक्षा उत्तीर्ण पछि उसले प्रस्तुत गरेको एक प्रसङ्ग :

"एक दिन दिलबहादुर स्कुल आयो र भन्यो– "सर अब एमालेले उन्नति गर्दैन भन्ने पक्का भयो । मलाई त छटपटि पो चल्न थाल्या छ ।"

धीरेन्द्र केही बोलेन । उसले फेरी भन्यो "म दलित किन भएँ ? यसमा मेरो के दोष छ ? अब एमालेलाई यस्ता प्रश्नमा कुनै रुची रहे जस्तो मलाई लागेन ।" (पृ. २००) ।

दिलबहादुरको यो राजनीतिक तर्कले उसले धेरै चेत राखेको छ । अब कुन राजनीतिक दलले कुन एजेण्डा बोकेर हिँडेको र कहाँबाट विभेदको अन्त्य हुन्छ भन्ने चेतना उनमा देखिन्छ । मान्छे मान्छेमा विभेद गर्नु राम्रो होइन यसले समाजलाई सही मार्ग निर्देशन गर्न सक्दैन र राजनीतिक रूपमा एजेण्डा छोडेपछि पाटी संगठनले गतिशीलता प्राप्त गर्न सक्दैन भन्ने चेतना दिलबहादुरमा दरो गरी विकसित भएको पाइन्छ । यो राज्यव्यवस्था र सामाजिक विभेदको समूल रूपमा नष्ट गरी नयाँ निर्माणको लागि क्रान्तिकारी बनेर दिलबहादुर आन्दोलनमा समाहित भएको छ । ऊ इमान्दारी छ । वैचारिक रूपमा शसक्त छ भन्ने व्यवहारिक रूपमा पनि उ चलाख बनेको छ :

आमाको राम्रो हेरविचार गर्नुहोला । जोगीटार नपठाउनु होला । अब त्यहाँ जानुको तुक छैन । शाही सेनाले त्यहाँको हाम्रो छाप्रो आगो लगाएर उठाइदिएछ । आमालाई त्यो कुरा नभन्नु होला ।

अर्को कुरा, वा कलकत्ता जान हिँडेका थिए । तर शाही सेनाको फन्दामा परेछन् । उनलाई निकै यातना दिइएको छ रे । त्यस विषयमा हाम्रो जासूरी विभागले

एच्क्यूलाई रिपोर्ट गरिसकेको छ । यो रक्तरञ्जित समयमा क्रान्तिका सिपाहीलाई मात्र चुनौती छैन, उसको परिवारलाई पनि छ । यसलाई मैले सामान्य र स्वभाविक घटनाको रूपमा लिएको छु । तर यो कुरा पनि आमालाई नसुनाउनु होला । उनी अव दुःख सहन नसक्ने अवस्थामा छिन् । उनको स्वास्थ्यको ख्याल गर्नुहोला । म पूर्वको अभियानबाट बाँचेर फर्के भने अवश्य भेट होला (२०१) ।

यस प्रस्तुत साक्षीमा दिल बहादुरमा दरो गरी विकसित प्रतिरोध चेतना भेटिन्छ । ऊ सचेत पनि छ र इमान्दारपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्न ऊ जति दुःख र पीडा खपेर पनि दृढतापूर्वक लागेको छ । उसमा विचलन वा पूर्वाग्रह देखिँदैन । क्रान्ति, परिवर्तन र आन्दोलनलाई ऊ सतप्रतिशत साथ दिएको छ । जसले भोलि आउने दिनलाई सुन्दर बनाउने छ भन्ने उसमा विश्वास छ ।

### ३.४.२ बौद्धिक उदीयमान वर्गको प्रतिरोध चेतना

*हजार माइलको बाटो* उपन्यासमा नरेन्द्रनाथ जस्तो शासकीय चरित्र वा प्रभुत्वशाली वर्ग र त्यसको अधीनस्थ वर्गको रूपमा रहेका धीरेन्द्र, खास चरित्र हुन् । उनले उदीयमान वर्गको प्रतिनिधितव गरेका छन् । उपन्यासमा  आर्थिक सामाजिक दृष्टिले उतिकै कमजोर वा दमित रहेको देखिन्छन् तर यिनमा भने अन्यायका विरुद्ध जुध्ने र शोषण अत्याचारको विरोध गर्ने चेतना दरो विकसित भएको देखिन्छ । उपन्यासको प्रारम्भमा बालपात्रको रूपमा देखिएका यी पात्रकै सेरोफेरोमा कथा अभिव्यक्त भएको छ । यिनी दरबारका सेवक आफ्नो बाका हरेक गतिविधिलाई नजिकबाट नियालेर उनीविरुद्ध प्रमाणसहित निस्तेज पार्न हरसम्भव कोशिसमा रहेका छन् । तर बारम्बार उनी सफल हुन सकेका छैनन् । तर अर्को प्रतिपाद, विरोध र प्रतिरोध घटेको छैन, झन्झन् बढेको छ :

> उनीहरू अरु केही बेर बसे । उनीहरूको जासूसी अभियानले पूर्ण सफलता प्राप्त गरेको थियो । पहिले पढेका जासुसी उपन्यासले यति बुद्धि दिए भन्ने लाग्यो धीरेन्द्रलाई । नरेन्द्रनाथको महिला मित्र धीरेन्द्रकी कुराले यति पग्लिन् कि, उनी मिठाई किन्न जान्छ भनी उठिन् । तर उसले उसलाई रोक्दै भन्यो “भो पर्दैन, अन्टी । हामी भोकै छैनौँ । हामीले खाजा खाइसक्या छौँ ।”
>
> बाहिर गल्लमिा निस्कँदा धीरेन्द्रले सुजनलाई भन्यो– “म आज राजाको पनि राजा भको छु । जुजुको पनि जुजु । जुजुको जुजुलाई के भन्छन् था छ ?”
>
> वास्सा भन्छन् (पृ ६५) ।

यस साक्षीबाट ऊ आफ्नो बाविरुद्ध जासुस गर्दछ । बाका कमजोरी भेट्दा आफू बास्सा भएको महसुस गरेको छ । ऊ बिस्तारो बिस्तारो आफ्नो बाविरुद्ध ठुलै योजना वनाएर बाभन्दा आफूलाई स्थापित गर्न हरसम्भव लागेको देखिन्छ । बाले बाहिर कोठा खोजेर राखेकी केटीसँग ऊ नरम भएर पेश भएको छ र बाको कमजोरीलाई बलियो गरी पक्रेको छ । यसरी उसमा बाल्यकालदेखि हरेक घरका क्रियाकलापमा प्रतिरोध देखिन्छ । कतै बोलेर, कतै मौन बसेर समाजका गतिविधिभन्दा बाहिर ऊ आफ्नो बालाई पहिलो नम्बर शत्रु बनाएर अगि बढेको छ । उसले बाउलाई जित्न नै सबैभन्दा ठुलो जित हो भन्ने भाव माथिकै साक्षीबाटै प्रस्ट भएको छ । घरपरिवारमा भएका विभिन्न घटनासँग ऊ हरेक कुरा वा क्रियाको तुलना गर्छ र बारम्बार हरेक पटक आफ्नो बालापनलाई सम्भन पुग्छ । र कसरी हुन्छ आफूभन्दा तल बाउलाई भार्न पाए हुन्थ्यो भन्ने कुराले उसलाई बाका शत्रुसँग भेट्दा गफगर्दा आनन्द हुन्छ । जब बाका शत्रुको जितको नजिक पुग्छ ऊ भन् खुसी भएको छ ।

> तर २०३३ सालमा वीपी कोइरालाले राष्ट्रिय मेलमिलापको नीति लिएर राजा र मेरो घाँटीसँगै जोडिएको छ भने तब ऊ भस्क्यो । वी.पी. राजासित मिल्न खोज्दै छन् भनेर ऊ ज्यादै छटपटिन थाल्यो । प्रजातन्त्रवादी र राजा मिले भने उसका बाको अवस्था के होला ?
>
> त्यही क्रममा उसले कपिल प्रधानलाई सोध्यो “हामीले ल्याउने प्रजातन्त्रमा पञ्चहरूको ठाउँ कस्तो हुन्छ ?” (पृ. १७५) ।

हरेक राजनीतिक परिवर्तनमा पनि धीरेन्द्र बाउको स्थान हुन्छ कि भनेर डराएका हुन्थे । उनलाई पञ्चहरूको हार भएको देख्न मन थियो । हरेक पटक यो त्यो रूपमा सत्तामा पुगी छाड्ने बालाई हराएर उनी बाभन्दा माथि आफूलाई देखाउन चाहान्थे :

> धीरेन्द्र निकै अराजनीतिक पाराले करायो । ‘हैन होउ कमरेड किन कुरा नबुझ्या ? यल्ललाई पुरानो कुरा पढ्ने ? तपैले आफ्नै अस्तित्व र भविष्यका निम्ति पनि यो विषयमा गम्भीर भ’र सोच्नु पर्छ । तपैंलाई था’ नै छ, हाम्रो गाउँमा एउटै अनुहारका दुइटा मानिस अस्तित्वमा छन्, एउटा हाम्रा बा र अर्का तपैं । तपैंलाई थाहै छ, यो विषयलाई गाउँलेहरूले कसरी लिन्छन् ? जनक ढकालकी दिदीको केशमा तपैंलाई कुट्न आउँदा के भन्यो थे, सम्भनु हुन्छ ? तपैंकी आमा रण्डी हुन्,

> नरेन्द्रसित सुत्छिन् भन्या हैनन् ? तपैँलाई उनको अवैध सन्तान भन्या हैनन् ? यस्तो कुराले नरेन्द्रनाथलाई कुनै असर पर्दैन । उनी त जन्मजात खलनायक हुन् । उनले मेरी आमालाई मारे र ठाडै पचाए भन्ने कुरा तपैंलाई था' हुनुपर्छ । तर यो कुराले तपैंलाई धेरै फरक पर्छ । के जानजान एउटा हत्यारालाई अभयदान दिनु हाम्रो क्रान्तिको मान्यता हो ? के यो कुराले तपैंलाई असर गर्दैन ? तपैंको राजनीतिक भविष्यमा असर पर्दैन? एउटा गाउँमा उस्तै मुहारका दुई पुस्ताका मानिस कसरी रहन सक्छन् ? जसको वीर्यले तपैं जन्मनुभयो त्यसलाई तपैं अधिकार बाबु मान्न सक्नुहुन्न । अब त्यस्ताले अभयदान पाएपछि क्रान्ति कसरी ठिक दिशामा जान सक्छ ? (पृ २४३) ।

यस साक्षीबाट धीरेन्द्र र बाबु बिचको शत्रुता किनभयो ? ऊ किन बाबुलाई सम्मान र समर्थन गर्दैन भन्ने प्रष्ट हुन्छ । यी र यस्ता घटना, पात्र नै यस उपन्यासमा प्रतिरोधका रूपमा बुझ्न सकिन्छ । आफूमाथि भएको अन्याय अत्याचारको विरोधमा आफैं लाग्नुपर्छ । जसलाई दुखेको छ उसले दुख्यो किन नभन्ने, भोक जसलाई लागेको हुन्छ खाना उसैलाई खान जरुरी छ । उसको यी तर्कहरू बढी व्यक्ति पूर्वाग्रही र कम राजनीतिक भएर पनि जसको लागि भनिएको हो उसलाई उत्तेजित गराउने खालको रहेको छ ।

## ३.५ निष्कर्ष

नारायण ढकालका उपन्यास *प्रेतकल्प* र *हजार माइलको बाटो*मा प्रस्तुत भएको विषयवस्तु नेपाली इतिहासको गर्भमा रहेका विषयवस्तु हुन् । परिवेश पात्र र चरित्रले उनका उपन्यासमा सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकारबाट वञ्चित वा दास मनोवृत्तिका पुरानो पुस्तामा चेतनाभन्दा पनि अवसरका कारण समाजमा सेवकको रूपमा रहेको प्रजामा दमन भाव बढी र परिवर्तनको चेतना न्यून रहे तापनि उदीयमान नयाँ पुस्तामा चेतनाको बीजारोपण भएको देखिन्छ । शिक्षा, राजनीति, सामाजिक अधिकार, धार्मिक अधिकार, न्याय समानता आदिका आधारमा पछि पारिएका समाजका पुरानो पुस्तामा चेतनालाई दिशानिर्देश गर्ने क्षमताको कमीले कष्टप्रद जीवनयापन, अन्धकारपूर्ण समाजको अवस्थामै अफ्नो जीवन व्यतित गरेको पाइन्छ भने पिँढीको बुझेको नयाँ पुस्ताले सरकारको वा दरबारको वा कुनै पनि व्यक्तिका अमानवीय वा अवान्छनीय गतिविधिविरुद्ध आफ्नो

विचारहरू व्यवहारहरू प्रस्तुत गर्ने गरेको यथार्थ तथ्यलाई *प्रेतकल्प* र *हजार माइलको बाटो* उपन्यासमा प्रस्तुत भएको छ । नयाँ पुस्ताको आवाजलाई राणा परिवारको दवावमा उनका सेवकमार्फत् चुक्ली गर्ने झुठो कुरा लगाएर सर्वश्वहरण गर्नु र देश निकाला गर्नसम्म पछि नपरेको प्रसङ्ग उपन्यासमा  अभिव्यक्त भएको छ । नारायण ढकालका दुवै उपन्यासमा काठमाडौँ खाल्डो वरिपरिको ऐतिहासिक परिघटनाहरू पढ्न सकिन्छ । *प्रेतकल्प* उपन्यासमा लगभग १००-१५० वर्ष अघिको दुःखपुर गाउँको सेरोफेरोमा घटेको घटनाको सविस्तार वर्णन पाइन्छ । जसमा बालकृष्णको जीवनमा घटेको शैक्षिक, पारिवारिक सँगै राजनीतिक गतिविधिका कारण भएको जटिलता अभिव्यक्त भएको छ । यस उपन्यासमा नयाँ पिँढीमा नवीन चेतनाले प्रवेश पाएको देख्न सकिन्छ । *हजार माइलको बाटो* उपन्यासमा पनि आन्दनपुर  बस्ती जुन काठमाडौँमै छ । त्यसको सामाजिक, राजनैतिक तथा शैक्षिक गतिविधिलाई प्रस्तुत गरिएको छ । जसमा बढी राजनीति गतिविधिलाई मिल्ने पात्रहरूको प्रयोग भएको छ । दुई ठुला कम्युनिष्ट पार्टीको वैचारिक स्खलन र पात्रहरूको व्यक्तिगत मनोदशालाई प्रस्तुत गरिएको छ । दमनकारी स्वार्थी, सामान्ती सत्ताको वर्चश्वका बिच पनि युग जीवनको आवाज बुलन्द हुँदै गएको र त्यसबाट सांस्कृतिक परिवर्तनको सम्भावना रहिरहेको देखिन थालेको स्पष्ट रहेको छ ।

नारायण ढकालले आफ्नो उपन्यासमा सामन्ती क्रुर राणा शासन, पञ्चायती व्यवस्था वा दमनकारी सत्ताप्रति आक्रोश व्यक्त गर्दै सामान्तमा पारिएका वर्ग र समुदायलाई सचेत तुल्याएर पुरानो सत्ता र संस्कृतिको विरुद्धमा जागरण ल्याउने ध्येय देखिन्छ । साथसाथै नेपाल जस्तो सानो देशमा राजनीतिक आन्दोलनका एजेण्डा, नेताको पारिवारिक तथा वैचारिक अवस्थालाई पनि प्रस्तुत गरिएको छ । *प्रेतकल्प* उपन्यासमा प्रयोग भएको, पण्डित बालकृष्ण, अश्विनी, धनविरे, रामभक्त जस्ता पात्रहरू अधीनस्थ बनाइएका छन् भने जिम्वाल विष्णुभक्त, शंखधर जस्ता पात्रहरूको समाजमा प्रभुत्व रहेको छ । तसर्थ पण्डित बालकृष्ण अश्विनी, दमयन्ति, रामकृष्ण, कान्छी नेपेटारका सार्की जस्ता पात्रहरू सीमान्त वर्गका पात्रको पहिचान, अधीनस्थ वर्गको पहिचान प्रतिनिधित्वसँगै प्रतिरोध चेतनाले पनि उल्लेख्य भूमिकामा रहेका पात्रहरू हुन् । उनीहरूले सामाजिक सांस्कृतिक अधिकारबाट वञ्चित पात्रको प्रतिनिधित्व गरेका छन् र व्यक्तिगत लाभ हानीलाई तिलाञ्जली दिएर, न्याय,

समानता र अधिकारको प्राप्तिका लागि संघर्ष गर्न अभिप्रेरित गर्छ र उनीहरूले गर्नु परेको पनि त्यस्तै *हजार माइलको बाटो*मा धीरेन्द्र, दीलबहादुर पात्रको पहिचान अधीनस्थ वर्गको रहेको छ । प्रतिनिधित्व पहिचान र प्रतिरोध चेतले पनि यिनीहरू नयाँ पिँढीका रूपमा अभिव्यक्त भएका पात्र हुन् । प्रतिरोध चेतना भएका यी पात्रहरू आफ्नो व्यक्तिगत लाभहानीको पर्वाह नगरी सामाजिक न्याय र क्रान्तिका लागि जीवन बलिदान गर्न तयार पात्रको रूपमा रहेका छन् । यस्ता पात्रले आफू भएको स्थानबाट आफूमाथि, अझ कोहीमाथि र समग्र समाजमाथि भएको शोषण, दमन र अत्याचारी शासन व्यवस्थाविरुद्धमा प्रतिरोधलाई सशक्त रूपमा जनाएका छन् ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ सारांश

*नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व पहिचान र प्रतिरोध* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा नारायण ढकालका *प्रेतकल्प* र *हजार माइलको बाटो* गरी दुई उपन्यासमा केन्द्रित रही यसमा अभिव्यक्त सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । यस अध्ययनका क्रममा प्रस्तुत शोध प्रबन्धलाई चारवटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ जसमा विषयपरिचय, समस्याकथन, शोधप्रबन्धको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, शोधविधि, शोधविधिमा, सामाग्री सङ्कलन विधि र सामाग्री विश्लेषण विधि र अन्त्यमा शोधको रूपरेखा जस्ता शीर्षक, उपशीर्षकहरूमा शोधप्रबन्धको समग्र ढाँचाको स्वरूपका बारे प्रकाश पारिएको छ । यसमा शोध्य विषयको समस्या पहिल्याई सोहीअनुरूप उद्देश्य निर्धारण गरिएको छ । शोधको परिच्छेद विभाजन गरी अध्ययनको ढाँचासमेत प्रस्तुत गरिएको छ । त्यसैले पहिलो परिच्छेद शोधको परिचयका रूपमा मात्र रहेको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा *नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व, पहिचान र पहिचान* शीर्षक मूल शीर्षक दिएर, त्यसभित्र विषय परिचय, प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक स्वरूप, *प्रेतकल्प* उपन्यासमा प्रतिनिधित्व र पहिचान*, हजार माइलको बाटो* उपन्यासमा प्रतिनिधित्व र पहिचानलाई शीर्षक दिएर त्यसभित्र सान्दर्भिक उपशीर्षक सहित अन्त्यमा निष्कर्ष उल्लेख गरिएको छ । साहित्यिक कृतिमा प्रतिनिधित्वको खोजी, पाठ, सामाजिक प्रक्रिया सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रका आधारमा गरिन्छ । प्रतिनिधित्व मूलतः सामाजिक सांस्कृतिक सन्दर्भसित सम्बन्धित विषय हो । सामाजिक सन्दर्भसित राजनीतिक अर्थ पनि जोडिन आएको हुन्छ । प्रतिनिधित्वले खास गरी साहित्यमा सामाजिक समूहको प्रतिनिधित्वलाई बुझाउँछ । प्रतिनिधित्व विचारधारा र शक्तिको प्रश्नसँग पनि जोडिएको हुन्छ । समाजको प्रभुत्वशाली वा प्रभुत्वको अधीनस्थ भएको वर्ग मध्ये कुन संस्कृति र वर्गलाई कृतिले केन्द्रमा राखेको छ भन्ने कुरा यसमा देखिन्छ । साथै पहिचान भनेको व्यक्ति तथा समुदायको परिचय वा चिनारी हो । सांस्कृतिक अध्ययनमा पहिचान महत्वपूर्ण प्रश्नको रूपमा रहेको छ । त्यस्तो पहिचान सांस्कृतिक वा राजनीतिक पहिचानका

रूपमा पनि रहन्छ । सांस्कृतिक वा राजनीतिक पक्षहरू व्यक्ति वा वर्ग वा समुदायको पहिचानमा सर्वाधिक महत्त्वपूर्ण पक्षको रूपमा रहेका हुन्छन् । संस्कृतिक अध्ययनमा धर्म, भाषा, क्षेत्र, लिङ्ग, जात राष्ट्र जस्ता विषयवस्तुहरूको समेत पहिचानमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । पहिचान स्वआर्जित नभएर निर्मित हुन्छ । यो सामाजिक सांस्कृतिक संरचनाले निर्माण गर्ने कुरा हो । तसर्थ व्यक्ति वा समुदायका पहिचानहरू स्थिर नभई परिवर्तनशील हुन्छन् । समाज, सामाजिक, राजनीतिक सम्बन्धहरू बदलिँदा त्यससँगै व्यक्ति वा समुदायको सम्बन्ध पनि बदलिन्छ । मुख्यतः व्यक्ति वा समुदायका पहिचानहरू संस्कृति र राजनीति निमित्त हुन्छ र त्यसमा पनि सांस्कृतिक पहिचानका पक्षहरू सवैभन्दा महत्वपूर्ण हुन्छन् । *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासमा प्रतिनिधित्व र पहिचान शीर्षकको उपशीर्षकमा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व र पहिचान, अधीनस्थ वर्गको प्रतिनिधित्व र पहिचान र यसभित्रको उपशीर्षकभित्र पनि जातीय अधीनस्थता र पहिचान, वर्गीय अधीनस्थता र पहिचान, लैङ्गिक अधीनस्थता र पहिचान, धार्मिक अधीनस्थता र पहिचानलाई जोड्दै अन्त्यमा दुइटै उपन्यासको अध्ययन विश्लेषणको निष्कर्ष राखिएको छ ।

यस शोधप्रबन्धको तेस्रो परिच्छेद नारायण ढकालका उपन्यासमा प्रतिरोध चेतनामा आधारित रहेको छ । यस मूल शीर्षकभित्र, विषयपरिचय, प्रतिरोध चेतनाको सैद्धान्तिक स्वरूप, *प्रेतकल्प* र *हजार माइलको बाटो* उपन्यासमा प्रतिरोध चेतना र अन्त्यमा निष्कर्ष रहेको छ । दुई शक्तिको द्वन्द्वमा प्रतिपाद, प्रतिरोधपछि अर्को शक्तिको जन्म हुन्छ । दुई शक्ति बिचको टकरावबिना नयाँ शक्तिको जन्म हुन सम्भव छैन । प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग आधारभूत रूपले सम्बन्धित छ । जहाँ विभेद, शोषण, अत्याचार, र दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट निर्मित हुन्छ । समाजमा शक्तिशाली वर्गले आफ्नो शक्ति कायम राख्न समुदायमाथि दमनका प्रक्रियाहरू गतिशिल हुन्छ । यस्तो बेला अधीनस्थ समूहले शोषण र दमनविरुद्ध आवाज उठाउनु नै प्रतिरोध हो । प्रतिरोध एक्लै आउँदैन भन्दै दमनसँग विभेदसँग, अन्याय अत्याचारसँग प्रतिरोध आउँछ । प्रतिरोध कहिले काहीँ क्षणिक पनि हुन्छ तर यसले रूप परिवर्तन गर्न पनि सक्छ ।

साहित्यिक कृतिको सांस्कृतिक अध्ययन विश्लेषणको एक सशक्त आधार प्रतिरोध हो । प्रतिरोध प्रभुत्वशाली र अधीनस्थ संस्कृतिसँग सम्बन्धित हुन्छ । रेडमण्ड विलियमले समाजमा प्रभुत्वशाली अधीनस्थ र उदीयमान गरी तीन किसिमका प्रतिरोधी संस्कृतिको

चर्चा गरेका छन् । प्रभुत्वशाली संस्कृति भनेको समाजमा विचार र शासनको हैकम चलाउनेहरूले चलाएको संस्कृतिको हो । प्रतिरोध हाम्रो मसाजमा परम्परित रूपमा राज्य वा समाज व्यवस्थाबाटै सर्वमान्य स्वरूप प्राप्त गरेको संस्कृतिको रूपमा स्थापित भएको हुन्छ । प्रतिरोधको परिचय सँगसँगै यस परिच्छेदमा नारायण ढकालका उपन्यास *प्रेतकल्प* **र** *हजार माइलको बाटो*मा प्रतिरोधी चेतनाको अध्ययन गरिएको छ । उपन्यासमा उपस्थित पात्रहरूको क्रियाकलापमा आधारित प्रतिरोध नै प्रतिरोधी चेतनाको रूपमा अध्ययन गरिएको छ । पात्रहरूलाई अधीनस्थ वर्ग, उदीयमान वर्ग र बौद्धिक वर्गमा विभाजन गरी उनीहरूको प्रतिरोधको अवस्थाको विश्लेषण गरिनुका साथै शोधको चौथो परिच्छेदमा समग्र शोधप्रबन्धको सारभाव, सारांश तथा निष्कर्ष समेत समाहित गरिएको छ ।

## ४.२ निष्कर्ष

*नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचान र प्रतिरोध* शीर्षकको यस शोधप्रबन्धमा शोध समस्यामा उल्लिखित दुईओटा शोध प्रश्नहरूको उत्तरका रूपमा उपन्यासको विश्लेषण गरिएको छ । शोध समस्याका रूपमा रहेको शोधप्रश्नका उत्तरहरू नै विश्लेषणका क्रममा समेटिएका छन् । उत्तरहरूमा समेटिएका सामग्रीका निष्कर्षलाई नै यहाँ निष्कर्षमा प्रस्तुत गरिएको छ ।

नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व र पहिचानको अवस्था के कस्तो छ ? भन्ने प्रश्न प्रस्तुत अध्ययनको पहिलो प्रश्नको रूपमा रहेको छ र यस प्रश्नको उत्तर परिच्छेद दुईमा दिइएको छ । नारायण ढकालका *प्रेतकल्प* उपन्यासमा नेपालको १०० वर्षभन्दा अगाडिको ऐतिहासिक विषयको प्रस्तुतीकरण छ । यसमा राणाको उपस्थितिले सामन्ती विचारधारको रक्षक एवम् शासकको प्रतिनिधित्व र पहिचान स्थापित भएको छ भने बालकृष्ण, रामकृष्ण, दमयन्ति, धनविरे, आश्विनी दलितहरू जस्ता पात्रका माध्यमबाट उत्पीडनकारी सामाजिक सांस्कृतिक संरचनाका कारण सबैतिरबाट हेपिएका ठगिएका र बञ्चितीकरणमा पारिएका निम्न वर्गीय वा दलित बस्ती र धनविरे जस्ता पात्रलगायतका पात्रहरूका माध्यमबाट प्रतिकूल परिस्थितिमा पनि सामाजिक परिवर्तनका पक्षमा लड्ने उदीयमान युवा पुस्ताको प्रतिनिधित्व र पहिचान स्थापित भएको छ ।

*प्रेतकल्प* उपन्यासमा प्रस्तुत भएका पात्रहरूको अवस्था पनि राणा खान्दानबाट दमित र हेपिएर बस्नुपर्ने छ । राणाले बोलेको भन्दा बाहेक दायाँबायाँ लाग्न नपाइने तत्कालीन परिस्थितिले उनीहरूको प्रतिनिधित्व र पहिचानलाई प्रष्ट पारेको छ ।

नारायण ढकालको दोस्रो उपन्यास *हजार माइलको बाटोमा एकै* घरका दुई पुस्तालाई प्रमुख पात्रका रूपमा प्रयोग गरिएको छ । यसमा नरेन्द्रनाथ जस्ता पात्रको उपस्थितिले शासक वर्गको प्रतिनिधित्व र पहिचान स्थापित गरेको छ भने एकै घरमा हुर्केको छोरा धीरेन्द्र जस्ता पात्र तथा दिलबहादुर, सुन्तली, धुवे, माया जस्ता पात्रका माध्यमबाट उत्पीडनकारी सामाजिक सांस्कृतिक संरचनाका कारण सबैतिरबाट हेपिएका, ठगिएका निम्न वर्गीय समुदायको प्रतिनिधित्व पहिचान गरिएको छ । यिनै पात्रहरूका माध्यमबाट प्रतिकूल परिस्थितिमा पनि सामाजिक परिवर्तनको पक्षमा लड्ने उदीयमान युवा पुसताको प्रतिनिधित्व र पहिचान पनि स्थापित भएको छ । यस उपन्यासमा समाजका उच्च कुलीन वर्गका रूपमा रहेका नरेन्द्रनाथको र उनको खानदानको व्यवहारबाट उत्पन्न भएको विभिन्न दमन, अत्याचार र शक्तिको दुरूपयोगबाट अधीनस्थता र त्यसबाट सिर्जित डरलाग्दो अवस्थाले वैचारिक अधीनस्थता, जातीय अधीनस्थता, जातीय पहिचान निर्माण भएको पाइन्छ । एकातिर पञ्चायती व्यवस्थाको जर्जर अवस्था र त्यसले निम्न वर्गका मानिसप्रति जाति, लिङ्ग, भाषा, संस्कार र संस्कृतिको आधारमा गरेको विभेदकै कारण सामाजिक संरचना खलबलिन पुगेको छ भने अर्कातिर नारीमा रहेको कोमलता र नरमताको गहिराइका कारण पुरुषबाट नारी समाजमा विभिन्न बाहनामा शोषणमा परिरहेको हुन्छ भन्ने कुरालाई पनि यस उपन्यासमा अभिव्यक्त गरिएको छ ।

नारायण ढकालका *प्रेतकल्प* र *हजार माइलको बाटो* उपन्यासमा नेपाली समाजको राणाकालीन र पञ्चायति, बहुदल र ठुला ठुला राजनीतिक आन्दोलनको यथार्थताभित्र राणा वा राणाकै सेवकबाट शोषित सामाजिक सांस्कृतिक संरचना र त्यस्तो संरचनामा बाँचिरहेका नेपालीहरूको सामाजिक, राजनीतिक तथा आर्थिक अवस्थालाई देखाइएको छ । उपन्यासमा प्रतिबिम्बित भएको तत्कालीन समाजलाई हेर्दा नयाँ पुस्तामा चेतना विकसित हुँदै गएको देखाइएको छ तर पनि शासकीय दमन र आन्दोलनकारीको वैचारिक स्खलनले समाज यथास्थितिमा बाँचिरहेको अवस्थालाई देखाइएको छ । *प्रेतकल्प* उपन्यासमा अभिव्यक्त दुःखपुरमा अवस्थित मानव मिश्रित जातजाति र वर्गसहितको समाजको वर्णन रहेको छ । त्यस्तै *हजार माइलको बाटो* उपन्यास पनि आनन्दपुरको मानव बस्तीको दैनिकीदेखि यस बस्तीको राष्ट्रिय राजनीतिमा सहभागितासम्मको समाजको मनस्थितिको वर्णन भएको छ ।

उत्पीडनमा परेका पात्र, जातिय समुदाय, महिला सबै वर्ग भोक, शोक र अभावमा रुढीवाद र कुसंस्कृतिको चपेटामा परेको छ । यसको फाइदा गाउँका ठुलाबडा, दरबारका

राणाले उठाएको छ । यहाँ प्रयोग भएका हरेक उत्पीडित पात्रमा प्रतिरोध चेतना रहेको छ । प्रतिरोधको अवस्था भने कुनै पात्रमा बढी र कुनैमा न्यून रहेको पनि देखिन्छ । सामाजिक सांस्कृतिक रूपले बहिष्करणमा परेका शक्तिको मूल संरचनाबाट टाढा पारिएका पात्रका रूपमा र दुःखपुर गाउँका मानिसहरूको परिचय बनेको छ ।

नारायण ढकालका *प्रेतकल्प र हजार माइलको बाटो* उपन्यासमा राजनीतिक, सामाजिक, सांस्कृतिक अधिकारबाट वञ्चित पुरानो पुस्तामा चेतनाको स्तर न्यून रहनु र अर्को खालको पुरानो पुस्ता शासक बनेर जब्बर भएर बस्नु र उदीयमान नयाँ पुस्तामा चेतनाको विकास बिस्तारै हुन थालेको अवस्थाको साथै वैचारिक टकरावको अवस्थालाई पनि देखाइएको छ । शिक्षा, राजनीति, सामाजिक अधिकार, न्याय, समानता आदिका आधारमा पछि पारिएका एक खाले पुरानो पुस्ता र अर्को उदीयमान पुस्ताले चेतनाको अभावमा सम्पूर्ण जीवन अन्धकारमय अवस्थामा व्यतित गरे पनि चेतनाको विजारोपण भने समाजमा भएको छ र नयाँ पुस्ताले एक खाले शक्तिको निर्माण गर्न थालेको अवस्थालाई यी उपन्यासहरूमा देखाइएको छ । नयाँ पुसताको आवाजलाई राणा शासनको दमनबाट दबाउन, कारवाही गर्न सफल भए पनि समय र नयाँ पिँढीसँग समाजमा नवीन चेतनाको प्रवेश भएको संकेत उपन्यासमा अभिव्यक्त भएको छ ।

नारायण ढकालका *प्रेतकल्प* र *हजार माइलको बाटो* उपन्यासमा तत्कालीन समयमा समाजमा नारीको अस्तित्व र नारीमाथि हुने दमन, शोषण, उत्पीडन, अन्याय, अत्याचारको अभिव्यक्ति पनि पाइन्छ । पुरुषप्रधान समाज तथा समुदायमा नारीहरूलाई हेर्ने दृष्टिकोण, गर्ने व्यवहार निकै फरक र डरलाग्दो छ । पुरुषप्रधान समुदायमा नारीहरू दोस्रो दर्जाका नागरिक हुने र लैङ्गिक उत्पीडनको सिकार हुने अवस्थालाई पनि ढकालका दुईवटै उपन्यासमा सशक्त रूपमा देखाइएको छ । पितृसत्तात्मक सामाजिक संरचना र त्यसमाथि सामन्ती  अर्थ व्यवस्था भएको राज्य व्यवस्थाका कारण महिलाहरू तेहेरो उत्पीडनमा रहेको र साधनको रूपमा उपयोग गराइएको पाइन्छ । उपन्यासमा महिलाको अस्मिताको महत्त्व छैन, समाजले नै उपेक्षित बनाएको छ भने उनीहरूको अस्मिता किनबेच भइरहेको छ ।

यी उपन्यासका कपला, गायित्री, कान्छी, दमयन्ति, मन्दोदरी, सुन्तली, सुभद्रा, जस्ता पात्र मात्र होइन नामै नखुलेका महिला पात्र पनि यस्तै उत्पीडनको सिकार भएका छन् ।

अस्तित्वहीन जीवन जिउन बाध्य छन् उनीहरू । यी उपन्यासमा महिलाहरूमा आर्थिक अभाव र चेतनाको अभाव हुनुका साथै राज्य व्यवस्था र सामाजिक संरचनाले उनीहरू उत्पीडनको मुख्य कारण बनेको देखिन्छ ।

*नारायण ढकालका उपन्यासमा प्रतिनिधि, पहिचान र प्रतिरोध* शीर्षकको यस शोधप्रबन्धबाट तत्कालीन परिवेश तथा वातावरणमा समाज तथा सुमदायमाथि राणाहरूले गरेको पञ्चहरूले गरेको अन्याय अत्याचार, दमन, शोषण, उत्पीडनको अवस्थालाई मूल रूपमा अभिव्यक्त गरिएको छ । सुमदायमा तल्लो जात, वर्ग अर्थात् अनेक रूपले कमजोर भएकै कारण उच्च कुलीन वर्ग वा राणा शासनको जगजगी व्यवहारमा फरक पाइन्छ । त्यति मात्र नभएर उच्च कुलीन वर्ग वा राणाले गर्ने व्यवहारमा आकाश र जमिनको फरक रहेको छ । समुदायमा निम्न वर्ग वा कथित तल्लो जातकै भएको कारण तत्कालीन जनताले स्वतन्त्र भएर बोल्न नपाउने, आफ्नो पहिचान र प्रतिनिधित्वलाई लिएर आवाज गर्न त के आँखासम्म सिधा हेर्न नपाइने राणाहरूको शासनमा उनका आसेपासे सेवकबाट पनि आफूहरूमाथि अन्याय अत्याचार दमन, शोषण भइरहँदा प्रतिरोधको आँटसम्म देखाउन नसक्ने, युवा पुस्तामा प्रतिरोधको चेतना बिस्तारै विकसित भएको छ भने कतै वैचारिक टकरावसमेत देख्न सकिन्छ तर नयाँ पुस्तामा हस्तान्तरण हुन भने सकेको छैन । उपन्यासमा नेपालको काठमाडौँ खाल्डो वरिपरिको तातकालीन समाजको यथार्थ चित्रण भएको पाइन्छ ।

प्रस्तुत *नारायण ढकालका उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध* शीर्षकको शोधप्रबन्धमा नारायण ढकालका उपन्यासमा जातीय, वर्गीय र लैङ्गिक प्रतिनिधित्व र पहिचान पहिलो समस्याका रूपमा राखिएको छ । जातीय, वर्गीय र लैङ्गिक दृष्टिकोणले दुईवटै उपन्यासहरू सशक्त ढङ्गले प्रस्तुत भएका छन् । ढकालका उपन्यासहरूले तात्कालीन समाजमा देखापरेका तीन पुस्ताका सोच, चिन्तन, विचार र प्रवृत्तिको यथार्थता अभिव्यक्त गरेका छन् । उपन्यासमा माथिल्ला वर्ग, शासक वर्गले कुनै न कुनै रूपमा तत्कालीन समाज तथा समुदायमा निम्न वर्गमाथि जातीय, वर्गीय तथा लैङ्गिक रूपमा आफ्नो वर्चश्व कायम राख्दै प्रतिनिधित्व र पहिचानको अवस्थालाई बलियो बनाएको प्रसङ्ग सशक्त रूपमा अभिव्यक्त भएको छ । दोस्रो समस्याका रूपमा राखिएको प्रतिरोध चेतनाले उदीयमान

पुस्तामा पनि राणा वा पञ्चप्रति वितृष्णा उत्पन्न भएको छ भने मुठभेड, आन्दोलन समेत भएको कुरा अभिव्यक्त गरिएको छ । उदीयमान पुस्ता जेल नेल, देश निकाला आन्दोलन, बलिदान र त्यागसम्म पुग्नुले उपन्यासमा प्रतिरोधको पक्ष सवल र जब्बर रहेको छ । साथसाथै नारायण ढकालका उपन्यासहरूमा तत्कालीन उच्च वर्गले समाजमा आफ्नो हैकम जमाएको र त्यसका विरुद्धमा आम जनताले कुनै न कुनै रूपमा प्रतिरोध गरेको अवस्थालाई उपन्यासहरूमा सशक्त रूपमा अभिव्यक्त गरिएको पाइन्छ । ढकालका उपन्यास प्रतिनिधित्व पहिचान र प्रतिरोधको दृष्टिकोणले अध्ययनको लागि उपयुक्त र सवल देखिएको छ ।

## सन्दर्भसामाग्री सूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स ।

गौडेल, जया (२०६६), *प्रेतकल्प उपन्यासको कृतिपरक अध्ययन* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय काठमाडौँ ।

ढकाल, नारायण (२०६५), *प्रेतकल्प,* काठमाडौँ : बुकहिल प्रकाशन ।

ढकाल, नारायण (२०६६), 'प्रेतकल्पको रचनागर्भ', *मूल्याङ्कन,* (वर्ष,२७ पूर्णाङ्क १७५) ।

ढकाल, नारायण (२०७५), *हजार माइलको बाटो,* काठमाडौँ : फिनिक्स बुक्स प्रकाशन ।

तिमल्सिना, योगेन्द्र (२०७५), 'सुन्दर शिल्प र कथानक', *नागरिक* जेठ २६, पृ. ६ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डे, लक्ष्मण (२०५९), *साहित्यकार नारायण ढकालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

पोखेल, रमेश (*२०७७), रमेश विकलका उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतना,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय काठमाडौँ ।

पौडेल, गोविन्द (२०६७), *प्रेतकल्प उपन्यासको विधातात्विक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय काठमाडौँ ।

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), *उपन्यासको सिद्धान्त र नेपाली उपन्यास,* (तेस्रो संस्क.) ललितपुर : साझा प्रकाशन ।

भट्टराई, दिवसमणि (२०७५), *नारायण ढकालका कथाहरूमा वर्ग संस्कृति* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय काठमाडौँ ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू' *भृकुटी,* सांस्कृतिक विशेषाङ्क, पृ. ३३४-३६४ ।

भट्टराई रमेशप्रसाद (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

वार्कर, क्रिस (सन् २००४) *द सेज डिक्सनरी अफ कल्चरल स्टडिज* लन्डन : सेज पल्लिकेशन ।

वार्कर, क्रिस (२००४), कल्चरल स्टडिज थ्यौरी एन्ड प्राक्टिस (तेस्रो. सं.) लन्डल : सेज पब्लिकेशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

हल स्टुबार्ट (१९९७), *रिप्रिजेन्टेसन कल्चरल एन्ड रिप्रिजेन्टेसन एन्ड सिग्निफाइड प्राक्टिसले लन्डन,* थाउजेन्ड ओक्स न्यु दिल्ली : सेज पब्लिकसन्स ।